# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बढैयाताल गाउँपालिका
## बर्दिया

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

बढैयाताल गाउँपालिका

बर्दिया

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## बढैयाताल गाउँपालिका

## बर्दिया

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि
## (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
## (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
## (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ।यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**(तोयम राया)**

**२०८१ जेष्ठ** **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
लुम्बिनी प्रदेश

मिति:२०८१।०२।११

प.सं. २०८०।८१

च.नं. १०९

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री अध्यक्ष ज्यू ,

बढैयाताल गाउँपालिका, बढैयाताल गाउँ कार्यपालिकाको कार्यालय,

बर्दिया ।

१. **कैफियत सहितको राय** — हामीले बढैयाताल गाउँपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस बढैयाताल गाउँपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. बढैयाताल गाउँपालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू.६ करोड ४३ लाख ४ हजार बेरुजू देखिएको छ । सोमध्ये प्रतिक्रियाबाट रु. ७ लाख ७८ हजार फस्यौंट भई बाँकी बेरुजु असुल गर्नुपर्ने रु.५३ लाख ८२ हजार, नियमित गर्नुपर्ने रु. १ करोड २० लाख ९८ हजार, प्रमाण कागजगात पेश गर्नुपर्ने रु.४ करोड ४० लाख ३६ हजार र पेश्की बाँकी रु. २० लाख १० हजार समेत गरी यस वर्ष रु.६ करोड ३५ लाख २६ हजार बेरुजू कायम रहेको छ । बढैयाताल गाउँपालिकाको गतवर्ष सम्म रु.४३ करोड ५३ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४९ करोड ८८ लाख ४२ हजार रहेको छ

।बढैयाताल गाउँपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

२.३. हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ ।वित्तीय प्रतिवेदन तयार गर्ने बढैयाताल गाउँपालिकासँग हामी स्वतन्त्र छौं।त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा** - ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी** - नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी बढैयाताल गाउँपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी** - वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(घनश्याम पराजुली)

**नायब महालेखापरीक्षक**

बढैयाताल गाउँपालिका,

बर्दिया जिल्ला,

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ९८ | १५० | ६४३०४ | ० | २६ | ७७८ | ९८ | १२४ | ६३५२६ | ५३८२ | १२०९८ | ४४०३६ | ० | ० | ५६१६४ | २०१० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| स्थानीय तह | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्र्यौट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका, बर्दिया | ४३५४७५ | ० | १५९ | ४३५३१६ | ० | ६३५२६ | ४९८८४२ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम रु. |
|---|---|---|---|---|
| १ | २०७९।८० (चालु वर्षको) | - | - | ७७७९६१ |
| | गत विगत वर्षको | | - | - |
| २ | २०७८।७९ | - | - | १५८७९३ |
| | कुल जम्मा | - | - | ९३६७५४ |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

# परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस बढैयाताल गाउँपालिकामा ९ वडा, ११५.१९वर्ग किलोमिटर क्षेत्रफल र ५२०५६ जनसंख्या रहेको छ । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागि ता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।९।२७ देखि २०८०।१०।१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको आय र व्ययतर्फ गरी जम्मा रु.१८६५३५७०६१.२१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को बिस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली** - लेखापरीक्षणको क्रममा औंल्याएपश्चात देहाय बमोजिमको रु. ५९५०० असुली भई दाखिला भएको विवरण पेश भएको छ ।

| क्र.सं. | विवरण | रकम रु. | दाखिला मिति |
|---|---|---|---|
| १ | बैठक र अनुगमन भत्ता | ५९५०० | २०८०।११।११ |

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय विवरण परीक्षण

२.१ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) र वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहायता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएका आयोजनाहरू समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७९।८० को समग्र संचित कोषको सम्बन्धमा निम्नअनुसार देखिएको छः

**आय व्यय विवरण** - पालिकाको आर्थिक वर्ष २०७९।८० को आय व्यय विवरण म.ले.प.फा.नं. २७२ अनुसारको प्राप्ति भुक्तानी हिसाब देहायनुसारको पेश भएको छ ।

| | बजेट | प्राप्ति तथा भुक्तानी रु. |
|---|---|---|
| **प्रासी (क+ख)** | ९३२६९५४४०.११ | ६५४००५९६१.५९ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ९२९०५१०००. | ६४१७७४०३८.९५ |
| ११००० कर | २०३३०२०००. | ११११०३४५८.९२ |
| १३००० अनुदान | ५६५५९९०००. | ५०७२६०९८१.६९ |
| संघीय सरकार | ५२६६२३०००. | ४७८२७६९९१.७७ |
| प्रदेश सरकार | ३८९७६०००. | २८९८३९८९.९२ |
| १४००० अन्य राजस्व | ५९६५०००० . | २३०६०२२४.३४ |
| १५००० विविध प्राप्ति | ५०००००. | ३४९३७४. |
| ३२००० वित्तीय सम्पत्ति | १०००००००० . | ० |
| ख. अन्य प्राप्ति | ३६४४४४०.११ | १२२३१९२२.६४ |
| वितरण गर्न बाकी राजस्व | ० | ० |
| कोषहरु | ३६४४४४०.११ | २३५५९४५. |
| धरौटी | ० | ९८७५९७७.६४ |

| | | |
|---|---|---|
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |
| **भुक्तानी (ग+घ)** | ९३२६९५४४०.११ | ६६६३८१४७४.६९ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | ९२९०५१०००. | ६५४०४३०१२.९३ |
| २१००० पारिश्रमिक / सुविधा | ३००७५८०००. | २७१७४७९२६.४२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १४८७९१०००. | ९६८०९२२६.४५ |
| २५००० सहायता (Subsidy) | १७२१००००. | १५९२५४९१. |
| २६००० अनुदान | २००७९०००. | १२३१८२५३.९२ |
| २७००० सामाजिक सुरक्षा | १६७८८०००. | १३४६३२७६. |
| २८००० अन्य खर्च | ३२०५०००. | २१५७४००. |
| ३१००० गैर वित्तीय सम्पत्ती/पूँजीगत खर्च | ४२२२२००००. | २४१६२१४३९.१४ |
| घ. अन्य भूक्तानी | ३६४४४४०.११ | १२३३८४६१.७६ |
| कोषहरु | ३६४४४४०.११ | ५३७८२१.५ |
| धरौटी | ० | ११८००६४०.२६ |
| संघीय प्रदेश सरकार वा अन्य कार्यक्रम | ० | ० |
| ङ. यो वर्षको बचत (न्युन) | | -१२३७५५१३.१ |
| च. गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | १४८०५४३२४.७९ |
| वर्षान्तको बाकी रकम (ङ + च) | | १३५६७८८११.६९ |
| बैंक तथा नगद बाकी | | १३३३२२८६६.६९ |

२.२ **वित्तीय विवरणको यथार्थता -** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्रासि र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७२) तयार गर्नुपर्छ । पालिकाले देहाय बमोजिमका आर्थिक कारोवारको सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | बजेट रु. | खर्च रु. |
|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण | २०३२६८००० | २०२०९९८०१.२१ |
| स्थानीय तथा प्रशासकिय पुर्वाधार | ८०००००० | ८०००००० |
| भाषा तथा संस्कृती | ३०००००० | १७७१९६७ |

| | | |
|---|---|---|
| जम्मा | २१४२६८००० | २११८७१७६८.२१ |

२.३ **फरक हिसाब —** यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार फरक परेको देखिन्छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७२ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| एकीकृत आर्थिक विवरणअनुसार | १५२५८७७७७.१९ | १०६२२५७६८०.४१ | ९५५६८७१५७.९९ | १०६५७०५२२.४२ |
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) | १४८०५४३२४.७९ | ६५४००५९६१.५९ | ६६६३८१४७४.६९ | १३३३२२८६६.६९ |
| फरक | ४५३३४५२.४० | ४०८२५१७१८.८२ | २८९३०५६८३.३० | -२६७५२३४४.२७ |

(क) स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्ति र भुक्तानी तथा मौज्दात रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । प्राप्त विवरण अनुसार यस स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु. १३६४१५५११ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु. १५२५८७७७७.१९ जिम्मेवारी सारेको विवरण पेश गरेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. १६१७२२६६.१९ बढी जिम्मेवारी सारेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले निकासा फिर्ता रकम २०८०।८१ मा फिर्ता गरेकोले मौजदात बढी भएको जनाएको छ ।

(ख) उल्लेखित विवरण अनुसार स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) र पालिकाबाट बाट पेश भएको एकीकृत आर्थिक विवरणमा गत वर्षको जिम्मेवारी रु. ४५३३४५२.४० र बैंक मौज्दातमा रु. २६७५२३४४.२७ ले परक परेको सम्बन्धमा पालिकाले एकिन गर्नुपर्दछ । यस सम्बन्धमा पालिकाले महालेखा नियन्त्रकको कार्यालयले २०८०।३।३१ मा गोश्वारा भौचर नं १५८ बाट गत वर्षको मौजदात आन्तरिक आम्दानी जनाई हिसाब समायोजन गर्नका लागि रु.२६७५२३४४।२७ को भौचर उठाएकोले सोही रकम फरक देखिएको जनाएको छ । जसले गर्दा रु.१०६५७०५२२.४२ मौजदातमा रु.२६७५२३४४.२७ थप भई रु.१३३३२२८६६.६९ देखिएको छ । यससम्बन्धमा महालेखानियन्त्रक कार्यालयले हिसाब समायोजन गरी सुत्रको म,ले,प.२७० मा समेत रु.१०६५७०५२२.४२ मौजदात नै देखाएको छ ।

२.४ **बैङ्क हिसाब विवरण -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले पेश गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार फरक परेकोले पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

| खाताको प्रकार | श्रेस्ता अनुसार बाकी रु. | बैंक अनुसार बाकी रु. |
|---|---|---|
| ग १.१ आन्तरिक राजस्व खाता | ० | ० |
| ग १.२ बाँडफाँडबाट प्राप्त राजस्व खाता | ० | ० |
| ग १.३ आन्तरिक अनुदान खाता | ० | ० |
| ग २.२ चालू खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.४ पुँजीगत खर्च खाता- जोर वर्ष | ० | ० |
| ग २.७ विविध खर्च खाता | १९३०४९७.५ | १९३०४९७.५ |
| ग ३.१ स्धानीय तह धरौटी खाता | १२०७२९५३.८२ | १२०७२९५३.८२ |
| ग ४.१ स्थानीय तह सञ्चित कोष खाता | ९१२०९४५४.९९ | ९१२०९४५४.९९ |
| ग ७.२ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता | १३५७६१६.११ | १३५७६१६.११ |
| बैकं कारोबारमा भिन्नता (राजस्व खाता र सञ्चित कोष खाता) | २६७५२३४४.२७ | |
| जम्मा | १३३३२२८६६.६९ | १०६५७०५२२.४२ |

(क) स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषबाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।सञ्चित कोषको कारोवारको लेखअध्यावधिक गरी कारोवारलाई पारदर्शी बनाउन आवश्यक देखिन्छ ।

(ख) लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय-व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।

(ग) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(५) मा कार्यालयले स्थानीय सञ्चित कोषमा भएको आयव्ययको चौमासिक शीर्षगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय, तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यो वर्ष सञ्चित कोषको चौमासिक हिसाव तालुक निकायमा पठाएको देखिएन। तहगत अनुगमन व्यवस्थालाई क्रियाशील बनाउन कानून बमोजिमका विवरणहरु तालुक निकायहरुमा पठाउनु पर्दछ।

(घ) कार्यालयमा विविध कोष र धरौटी हिसाब रहेकोमा सोको आम्दानी, खर्च, मौज्दातको विवरण देखिने गरी आय-व्यय विवरण तयार नगरेकोले आम्दानी, खर्च र मौज्दात एकीन गर्न सकिएन ।

३ **आन्तरिक नियन्त्रण** - यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् -

३.१ **आन्तरिक नियन्त्रण प्रणाली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन्ः

• स्थानीय सरकार सञ्चालन ऐन को २०७४ दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन,

अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता तथा PAMS मा अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।

• वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको पाईयो ।

• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ५ बमोजिम खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• पालिकाले यसबर्ष विभिन्न उपभोक्ता समिति मार्फत विभिन्न योजनाहरु सञ्चालन गरी खर्च लेखेकोमा मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन ।

• वातावरण संरक्षणको एकिकृत दीर्घकालिन योजना तयार नगरेको पाईयो ।

• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ को दफा २८ अनुसार नागरिक वडापत्रमा उल्लेखित

सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• निजामती सेवा ऐन, २०४९ बमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

• नगदि रसिदको अभिलेख राखि रसिद नियन्त्रण खाता अद्यावधिक नभएको ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

---

३.२ **बेरुजु लगत -** पालिकाले बेरुजु लगतका लागि मलेप फारामको व्यवस्था गरिएको देहायका म. ले. प. फाराम मध्ये कार्यालयसँग सम्बन्धित फारामको अभिलेख राखेको छैन् । पालिकाले देहाय अनुसारको मलेप फारम प्रयोग गरी सोही ढाचाँमा लगत राख्नुपर्दछ ।

• म. ले. प. फाराम ८०१ — बेरुजु लगत राखेको देखिएन ।

• म. ले. प. फाराम ८०२ — बेरुजुको कार्यालयगत प्रतिवेदन तयार गरेको छैन ।

• म. ले. प. फाराम ८०५ — सम्परीक्षण गोश्वारा अभिलेख तयार गरेको छैन ।

म. ले. प. फाराम अद्यावधिक नहुदा वेरुजुको वास्तविक अवस्था एकिन नहुने हुँदा नियमानुसार सुधार गर्दै जानु पर्दछ ।

---

३.३ **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन् ।

• कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो हुनुपर्नेमा पालिकाले राजस्वा उठाउन प्रयोग गरेको रावस्व सूचना व्यवस्थापन प्रणालीको व्यवस्थापन र नियन्त्रणमा कार्यालयको पहुँच देखिएन । सेवा प्रदायक सँस्थाले नियन्त्रण तथा व्यवस्थापन गर्ने गरि सम्झैता गरेको देखियो। यसबाट पालीकाको आन्तरिक आय लेखाङ्कनका सम्वन्धमा भरपर्दो अनुगमन प्रणाली तयार गरेको देखिन आएन। पालिकाले सँकलन केन्द्र बाट प्राप्त विवरणको आधारमा मात्र आय लेखाङ्कन गर्ने गरेको छ। प्रणाली व्यवस्थापनमा समेत पालिकाको पहुँच हुनेगरी सुधार गर्नु पर्दछ ।

• सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन गर्दा सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार गरी म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम प्रयोगककर्ता, नियन्त्रणकर्ता लगायतको अभिलेख कायम हुनेगरी कार्यान्वयन गर्नुपर्नेमा गरेको देखिएन ।

• सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म.ले.प. फाराम ९०३ मा राख्नुपर्नेमा लेखापरीक्षण अवधिमा उल्लेखित व्यहोराको प्रमाण पेश हुन आएन । यसबाट सेक्युरिटी प्रोटोकल र सुरक्षण विधीका सम्वन्धमा जोखिम भई अभिलेख भएकोआम्दानी रकम हराउने तथा अभिलेखमै नदेखिई आय लेखाङ्कनमा समेत नआउने अवस्था रहन्छ। यसमा पालिकाले सुधार गर्नुपर्दछ । फेलरका

वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था हुनुपर्ने अशल अभ्यास रहेको छ । पालिकाले यस सम्वन्धमा छुट्टै गरी भरपर्दो व्यवस्था गरेको प्रमाण पेश गरेको छैन । सिगास वा सुत्र जस्ता एकभन्दा बढी कार्यालयमा प्रयोग हुने सफ्टवेयरका सम्बन्धमा सेवा सञ्चालक निकयलेनै नियन्त्रण गर्ने र पालिकले सञ्चालन मात्र गर्ने गरेको नकारी दिएको छ । भरपर्दो वैकल्पिक व्यवस्था सुनिश्चित गर्नुपर्दछ ।

## ४ बजेट तथा कार्यक्रम

४.१ **बजेट तथा कार्यक्रम तर्जुमा -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

४.२ **बजेट सीमा निर्धारण समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

४.३ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्षले मिति २०७९।०४।३० गते रु.८७ करोड ३२ लाख २८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७९।०४।३० मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०६।२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छ ।

४.४ **रकमान्तर -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन २०७६ को दफा २० योजना ऐनमा तोकिएको कुनै एक अनुदान सङ्केत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान सङ्केत अन्तर्गतको उपशिर्षकमा बचत रकम मध्येबाट रकमान्तर गर्ने व्यवस्था रहेको छ ।

त्यस्तै स्थानिय सरकार संचालन ऐनको दफा ७९ मा स्थानिय निकायले रकमान्तर गर्दा कार्यपालिकाले स्वीकृत वार्षिक बजेटको अधिनमा रही कुनै शीर्षकबाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशत नबढाई रकमान्तर गर्न सक्ने व्यवस्था रहेको छ । त्यस्तै स्थानिय तहमा वजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्वन्धी निर्देशिका, २०७४ को नियम ३.१ मा पूँजिगत खर्चको रुपमा विनियोजित भएको रकम चालु खर्चमा रकमान्तर नगर्ने उल्लेख गरेको छ । यस वर्ष पालिकाले शिर्षकगत रुपमा एकमुष्ट रु. ३४४१९८८६ रकमान्तर गरेको छ । यस सम्बन्धमा आन्तरिक लेखापरीक्षणमा समेत औंल्याएको छ । यसले गर्दा कुन शिर्षकवाट कुन शिर्षकमा रकमान्तर भएको हो एकिन भएन । कानुनमा भएको व्यवस्थाको परिपालन गरी रकमान्तर गर्ने तर्फ पालिकाको ध्यान दिनु पर्दछ ।

४.५ **योजना कार्यान्वयन अवस्था -**

**(क) योजना प्राथमिकिकरण** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु.१ लाख सम्म | रु.१ लाख देखि २ लाखसम्म | रु.२ लाखदेखि ५ लाखसम्मका | रु.५लाख देखि १० लाखसम्मका | रु.१० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७३ | ८४ | ८६ | २० | ५५ | ३१८ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा ३१८ वटा योजना संचालन गरेकोमा रु.५ लाख भन्दा मुनिका मात्र ७६ प्रतिशत योजनाहरू रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरू संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरी योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ।

**(ख) लक्ष्य प्रगति** - कार्यालयले त्रैमासिक र बार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने पदाधिकारीलाई जिम्मेवार बनाउनु पर्दछ ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | ३३६ | | ५ | २० | ३११ |

४.६ **त्रैमासिक खर्च -** आर्थिक कार्यविधि तथा वितिय उतरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम स्वीकृत भएको कार्यक्रममा त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्य लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च (रकम रु.हजारमा) | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम त्रैमासिक | दोस्रो त्रैमासिक | तेस्रो त्रैमासिक | चौथौ त्रैमासिक | आषाढ महिना |
| पुँजगत खर्च | २४१६२१ | २३९२० | ३१७०७ | ३३३५५ | १५२६४० | ८२२२० |
| चालु खर्च | ४१२४२२ | ७८७०३ | ८०४४२ | १०६९५० | १४६३२७ | १०२९७० |
| जम्मा खर्च | ६५४०४३ | १०२६२३ | ११२१४८ | १४०३०६ | २९८९६६ | १८५१९१ |
| खर्च प्रतिशत | | १५.६९ | १७.१५ | २१.४५ | ४५.७१ | २८.३१ |

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.६५ करोड ४० लाख ४३ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. १० करोड २६ लाख २३ हजार अर्थात १५.६९ प्रतिशत, दोश्रो त्रैमासिकमा रु. ११ करोड २१ लाख ४८ हजार, अर्थात १७.१५ प्रतिशत, तेश्रो त्रैमासिकमा रु.१४ करोड ३ लाख ६ हजार, अर्थात २१.४५ प्रतिशत र चौथो त्रैमासिकमा रु.२९ करोड ८९ लाख ६६ हजार अर्थात ४५.७१ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ महिनामा मात्र रु.१८ करोड ५१ लाख ९१ हजार अर्थात २८.३१ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

४.७ **क्षेत्रगत बजेट र खर्चको स्थिति** - स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्षेत्र | बजेट | खर्च रु. | खर्च प्रतिशत |
|---|---|---|---|
| | | | जम्मा खर्चको तुलनामा |
| आर्थिक विकास | ७५४२४००० | ५६७७८८४०.०१ | ८.६८ |
| पूर्वाधार विकास | ३१२४१६००० | १५५१११२१५.७७ | २३.७२ |
| सामाजिक विकास | ३८५६६९८८६ | ३२९५१५५३८.२४ | ५०.३८ |
| संस्थागत विकास सेवा प्रवाह र सुशासन | २६९३०००० | १७६९०३६३.७५ | २.७० |
| अन्य कार्यालय संचालन तथा प्रशासनिक | १२८६११११४ | ९४९४७०५५.१६ | १४.५२ |
| जम्मा | ९२९०५१००० | ६५४०४३०१२.९३ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकास मा सबैभन्दा बढी ५०.३८ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा २.७० प्रतिशत रहेको छ ।सन्तुलित रुपमा बजेट व्यवस्थापन गरी खर्च हुनुपर्दछ ।

४.८ **गत बर्षको दायित्व भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ को उपनियम १३ मा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नुपर्ने आधार र पर्याप्त कारण सहित सम्बन्धित

कार्यालयले संलग्न बिल भरपाइ बमोजिम आगामी बर्ष भुक्तानी दिने गरी महालेखापरीक्षकबाट स्वकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी ७ दिन भित्र कोष तथा लेखा नियन्त्रकको कार्यालयबाट प्रमाणित गराइ राख्नु पर्ने व्यवस्था छ । सोही नियमको उपनियम १५ मा अघिल्लो आ व को भुक्तानी दिन सकिने खर्चमा तलब स्वीकृत दरवन्दीको महंगी भत्ता, स्थानीय भत्ता, सरुवा भ्रमण खर्च, घर भाडा, पोशाक, खाद्यान्न औषधि उपचार बन्दीको सिधा सेवा निवृत्त सुविधा स्वीकृत बार्षिक कार्यक्रम समावेश भएको कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग सम्झौता बमोजिमको रकम मात्र प्रमाणित गराइ भुक्तानी हुन सक्ने व्यवस्था छ । पालिकाले यसवर्ष गत वर्षको भुक्तानी दिन वाँकी रु.३७००३८ यो वर्ष भुक्तानी गरेको छ बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।

## ५ संगठन तथा कर्मचारी व्यवस्थापन

५.१ **तलवी प्रतिवेदन -** निजामति सेवा ऐन २०४९ को दफा(७) मा कार्यालयलमा कार्यरत कर्मचारीको तलवी प्रतिवेदन पास गरेरमात्र तलव खर्च लेख्नुपर्ने व्यवस्था छ । पालिकामा कार्यरत कर्मचारीहरुको तलव भुक्तानी गर्नुपूर्व तलवी प्रतिवेदन पारित भएको देखिएन । तलवी प्रतिवेदन पारित नगरी भुक्तानी भएकोले तलब तथा ग्रेडको वास्तविक अवस्था यकिन हुन सकेन । नियमानुसार तलवी प्रतिबेदन पारित गरेर मात्र तलव भुक्तानी गर्ने गरी व्यवस्थापन तथा तलब र ग्रेड भुक्तानीलाई तुलनात्मक एवं बिश्लेषणयोग्य बनाउनु पर्दछ ।

५.२ **दरबन्दी र पदपूर्ती -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ८१ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ७४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका अधिकृत छैटौं सहित ७ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

५.३ **कर्मचारी करार -**

**(क) करार कमर्चारी नियुक्ती -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद समेत विभिन्न प्राविधिक गरि ८० वटा पदमा करारमा कर्मचारी नियुक्ति गरि रु.२३२७५१६६।०० खर्च लेखेको छ । को दरबन्दीको हो को दरबन्दी बाहिरको हो सो विश्लेषण गर्न सकिएन। पालिकाले विधिपूर्वक स्थायी पदपुर्ति गर्ने तर्फ पहल गरि करारमा कर्मचारी राख्ने कार्यमा नियन्त्रण गर्नु पर्दछ।

**(ख) कार्यालय सहयोगि नियुक्ति -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९ मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा औचित्यताको आधारमा खर्च गर्नु पर्दछ। साथै स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । पालिकाको संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत दरवन्दीमा कार्यलय सहयोगीको दरवन्दी स्वीकृत छैन । पालिकामा ३ स्थायी सहित आधारभूत स्वास्थ्य केन्द्रमा समेत गरी ४६ जना कार्यालय सहयोगी कार्यरत रहेको देखियो । यसरी स्थानीय सरकार संचालन ऐनले गरेको व्यवस्था अनुसार स्थायी तथा करार सेवामा कतैपनि दरवन्दी प्रस्ताव नगर्ने तथा पालिकाको आवश्यकताको आधारमा के कति कर्मचारी सेवा करारमा लिने हो सोको समेत विश्लेषण नगरी अधिक संख्यामा कार्यालय सहयोगीलाई नियुक्त गरेको देखियो । दरबन्दी भित्रका कार्यालय सहयोगी को हुन र दरबन्दी बाहिरको को हुन सोबारेमा विवरण प्राप्त नभएकोले विश्लेषण गर्न सकिएन । गत वर्षको लेखापरीक्षण प्रतिवेदनमा समेत यस सम्बन्धमा उल्लेख भएकोमा कार्यान्वयन भएको देखिएन। पालिकाले यस तर्फ अविलम्ब सुधार गर्नु पर्दछ।

**(ग) फरक पदमा नियुक्ति -** लुम्बिनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पद राख्न नहुने उल्लेख छ । पालिकाले निम्न बमोजिमको पदमा कर्मचारीहरु करारमा नियुक्ती गरि तलबमा बर्ष भरि रु.भुक्तानी खर्च लेखेको छ। यसरी कानूनले तोके भन्दा फरक पदमा नियूक्ति गरि भुक्तानी गरेको रकम नियम सम्मत्त देखिएन रु.

| नाम | मासिक रु | चार्डपर्व खर्च | पोषाक | बार्षिक रु. |
|---|---|---|---|---|
| मेलमिलाप सहजकर्ता कृष्ण कुमारी गुरुङ्ग | २१५०० ले ३ महिनाको | | | ६४५०० |
| समाजिक परिचालक विन्दु थारु | २१५०० | २१५०० | १०००० | २८९५०० |
| सामाजिक परिचालक दिलमाया भुषाल | २१५०० | २१५०० | १०००० | २८९५०० |
| सामाजिक प. दुर्गा देवी हमाल | २१५०० | २१५०० | १०००० | २८९५०० |
| सामाजिक प. सावित्रि कुमारी चौधरी | २१५०० | २१५०० | १०००० | २८९५०० |
| **जम्मा** | | | | **१२२२५००** |

| | |
|---|---|
| अनियमित भएको | १२,२२,५०० |

५.४ **प्रोत्साहन भत्ता -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, संचालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, संचालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ। साथै सार्वजनिक खर्च व्यवस्थापन निर्देशिका,

२०७९ को परिच्छेद २ को ५(क) मा सार्वजनिक निकायले कार्यालय समय बाहेकको अवधिमा कर्मचारीलाई काममा लगाउँदा अतिरिक्त समय काम गर्नु पर्ने अवस्थाको आधार र कारण खुलाई लेखा उत्तरदायी अधिकृतको पुर्व स्वीकृति लिई मात्र खाना खाजा वापत खर्च लेख्नु पर्ने उल्लेख छ। पालिकाले गाउँ कायपालिकाको निर्णय गराई ३१ जना कर्मचारीको प्रोत्साहन भत्तामा रु. ८७१५००।०० खर्च लेखेको छ। यसरी पालिका माथि थप आर्थिक व्ययभार बढ्ने गरि निर्णय भएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,७१,५०० |

६ **सेवा प्रवाह** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १५ वटा ऐन, ४ वटा नियमावली, ३५ वटा कार्यविधि, २ निर्देशिका र ५ नर्म्स लगायत ६१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । यस वर्ष भएका घटना दर्ता सम्बन्धी विवरण पालिकाले उपलब्ध गराएको छैन । सडक निर्माण तर्फ कालोपत्रे सडक निर्माण ४ कि.मि, ग्राभेल सडक निर्माण २० कि.मि निर्माण र कच्ची सडक निर्माण ५ कि.मी. भएको विवरण पेश गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा सञ्चालनमा सन्तोष जनक देखिएन।

७ **कानुन निर्माण र कार्यान्वयन -**

७.१ **कानुन निर्माण र कार्यान्वयन -**

**(क) कानून र सञ्चालन स्थिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ४ वटा नियमावली, ३५ वटा कार्यविधि, २ निर्देशिका र ५ नर्म्स लगायत ६१ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । पालिकाले आवश्यकताको आधारमा कानून निर्माण गरि लागु गर्नु पर्दछ ।

**(ख) निर्देशिका तथा मापदण्डः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ मा पालिकाले आफ्नो क्षेत्राधिकारभित्रको विषयमा ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने उल्लेख छ । पालिकाले कर्मचारी, उपभोक्ता समिति तथा अन्य लाभग्राही समुहलाई सचेतना, क्षमता विकास, सीप विकास आदिसँग सम्बन्धित तालिम, गोष्ठी अभिमुखीकरण लगायतको कार्यक्रम सञ्चालनको लागि निर्देशिका तर्जुमा गरी लागू गरेको छैन । यसले गर्दा कार्यक्रम सञ्चालनमा जिम्मेवारी, जवाफदेही, खर्च प्रक्रिया तथा मापदण्डमा समानता आउन सक्ने देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन सम्वन्धी निर्देशिका तर्जुमा गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

७.२ **न्यायीक समिति —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको १८ गरी कुल २४ विवाद दर्ता भएकोमा १९ वटा मात्र फछ्र्यौट भई ५ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई

ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

८ **अनुदान फिर्ता** - संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा संघ तर्फको रु. ३६२४६००८.२३ र प्रदेश तर्फको रु. ४४६३१७१२.३१ अनुदान खर्च नभई बाँकी रहेकोमा मिति २०८०-०३-३० मा फिर्ता गरेको जनाएको छ ।

| स्रोत | अनुदानको प्रकार | आम्दानी | खर्च रकम | निकासा फिर्ता |
|---|---|---|---|---|
| नेपाल सरकार | शसर्त अनुदान चालु | ३११९७३००० | २८४१७९३१६.८४ | २७७९३६८३.१६ |
| | शसर्त अनुदान पुँजीगत | ३८५५०००० | ३०८३८६०४.९३ | ७७११३९५.०७ |
| | समपुरक अनुदान पुँजीगत | १६०००००० | १५२५९०७० | ७४०९३० |
| | **जम्मा** | ३६६५२३००० | ३३०२७६९९१.७७ | ३६२४६००८.२३ |
| लुम्बिनी प्रदेश | शसर्त अनुदान चालु | ८०००००० | ११२९२७१.९२ | ६८७०७२८.०८ |
| | विषेश अनुदान चालु | ७०००००० | ५४८५०२४ | १५१४९७६ |
| | समपुरक अनुदान पुँजीगत | १३३९३६९४ | १३३९३६९४ | ० |
| | **जम्मा** | २८३९३६९४ | २०००७९८९.९ | ८३८५७०४ |
| | **कुल जम्मा** | **३९४९१६६९४** | **३५०२८४९८१.६९** | **४४६३१७१२.३१** |

९ **सम्पति व्यवस्थापन -** यस सम्बन्धमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

**(क) सम्पत्ति हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरू समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरू जिम्मेवारी सारेको पाइएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरू हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरूको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।

**(ख) सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण** -स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा पालिका तथा गाँउपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षणको अभिलेख राखेको पाइएन । पालिका भित्र पर्ने सार्वजनिक जग्गाको विवरण नराखेकोले सार्वजनिक जग्गा अतिक्रमण भएको अवस्था समेत एकीन गर्न सक्ने अवस्था छैन ।

पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु/गराउनु/अभिलेख राख्नु पर्दछ ।

**(ग) जिन्सी सम्पतिको सुरक्षा -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा अन्य प्रचलित कानूनले तोके अनुसार प्रत्येक कार्यालयले आफ्नो हक स्वामित्वमा रहेको सम्पत्तीको लेखाङ्कन प्रतिवेदन संरक्षण र उपयोग गर्ने जिम्मेवारी सम्वन्धित कार्यालय प्रमुख वा जिम्मेवार निकायको हुने व्यवस्था छ । मिति २०७६/२/१५ मा महालेखा परीक्षक कार्यालयबाट स्वीकृत सम्पत्तीको सकेत (Chart of Account) को आधारमा सम्पत्तीको लेखाकंन तयार हुने र स्वीकृत मलेप फारम अनुसार सम्पत्ती लेखाङ्कन तथा प्रतिवेदन हुने गरेको छ । २०७७ श्रावण महिना देखि महालेखा नियन्त्रकको कार्यालयले सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली PAMS लागू गरेको छ । पालिकाले कम्तिमा वार्षिक रुपमा एक पटक भौतिक परीक्षण गर्नुपर्नेमा नगरेको, आवधिक रुपमा गरेको जिन्सी सामानको भौतिक परीक्षण प्रतिवेदन बमोजिम लिलामी प्रकृया शुरु नगरेको, कर्मचारी सरुवा हुँदा जारी हुने रमानापत्र भण्डार शाखाबाट जारी हुने भण्डार स्वीकृतिपत्र प्राप्त गरे पछि मात्र हुनुपर्नेमा सो नगरेको, पालिकाले वैदेशिक सहयोगबाट प्राप्त गरेको वा कुनै ठेक्का सम्झौता अनुसार प्राप्त सम्पतिहरु कार्यालयको अभिलेखमा अद्यावधिक रुपमा अभिलेख नगरेको, जिन्सी अभिलेखका लागि तोकिएका मलेप फाराम ४०१ देखि ४१८ सम्म प्रयोग नगरेको पाईयो । यसबाट जिन्सी आम्दानी र खर्च व्यवस्थित छ भन्न सकिने आधार देखिदैन । पालिकाले सवै मलेप फारमहरु प्रयोगमा ल्याई हालसम्मको जिन्सी आम्दानी तथा हुने खर्चलाई PAMS प्रविष्टी गरी पेश गर्नुपर्दछ ।

**(घ) मालसामानको गुणस्तर -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ । तसर्थ मालसामानको प्रकृतिअनुसार तुलनात्मक तालिका वा परीक्षण सूची (check list) सहितको प्रतिवेदन प्राप्त गरी मालसामान दाखिला तथा भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्ने देखिन्छ ।

## १० आर्थिक सहायता र विविध खर्च

१०.१ **आर्थिक सहायता -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले वडा कार्यालयबाट वडा अध्यक्ष समेतको तोकादेशमा आर्थिक सहायता वितरण हुने गरि बजेट विनियोजन गरि रु.६४९००० र अन्य सामाजिक सहायताबाट रु.९९८७२८ गरि विभिन्न संघ संस्था, ब्यक्ति तथा यूनियनलाई आर्थिक सहयोग एवंम सहायतामा यस वर्ष रु. १६४७७२८.०० खर्च लेखेको छ। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

१०.२ **खाना तथा विविध खर्च —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविधतर्फ रु. २८१५१८२.०० खर्च गरेको छ। खाना तथा विविधमा खर्च लेख्दा उक्त खर्चको प्रयोजन खुल्ने गरि गर्नु पर्नेमा सो गरेको देखिएन । जस्ले गर्दा उक्त खर्च यथार्थपरक रहेको यकिन गर्न सकिएन। पालिकाले यस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१०.३ **दिवस महोत्सव खर्च** - स्थानिय सरकार संचालन, २०७४ मा दिवस महोत्सव जात्रा पर्व जस्ता शिर्षकमा खर्च लेख्ने व्यवस्था देखिदैन पालिकाले यस वर्ष विभिन्न दिवस महोत्सवमा रु.१९०७४० र धर्म सास्कृति सहायता वितरणमा रु.३७००८७ गरि रु.५६०८२७ खर्च गरेको छ। यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।

११ **राजस्व व्यवस्थापन** - यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन्-

**(क) कर तथा शुल्क असुली** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| प्रासिको श्रोत | वार्षिक अनुमानित आय | आम्दानी रु. |
|---|---|---|
| ११३१३ - एकीकृत सम्पती कर | ५००००००. | ७८०६५०. |
| ११३१४ - भुमिकर/मालपोत | ५०११००००. | ५३८९४०५.६९ |
| ११३२१ - वहाल कर | ५००००००. | १४२८००५.९ |
| ११६३१ - कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ५०००००. | ६१६१०. |
| ११६९१ - अन्य कर | ५०००००. | १०५१२५. |
| १४१९१ - पर्यटन शुल्क | १००००००. | ० |
| १४२११ - कृषि उत्पादनको बिक्रीबाट प्राप्त रकम | ५०००००. | २०० |
| १४२२१ - न्यायिक दस्तूर | ५०००००. | १५१२०. |
| १४२२४ - परीक्षा शुल्क | ५०००००. | २५००. |
| १४२४२ - नक्सापास दस्तुर | २५००००००. | ३७७६११.४१ |
| १४२४३ - सिफारिश दस्तुर | २००००००००. | ११०११५५४.२९ |
| १४२४४ - व्यक्तिगत घटना दर्ता दस्तुर | २००००००. | ५१२०००. |
| १४२४५ - नाता प्रमाणित दस्तुर | ५०००००. | ८३७१०. |
| १४२४९ - अन्य दस्तुर | ५०००००. | २१६७६१२.१६ |
| १४३११ - न्यायिक दण्ड, जरिवाना र जफत | ५०००००. | ० |
| १४३१२ - प्रशासनिक दण्ड, जरिवाना र जफत | ५०००००. | २८३२०३.३४ |
| १४५२९ - अन्य राजस्व | ५००००००. | २८३५९५६.५७ |
| १४६११ - व्यवसाय कर | २००००००००. | २४१५६००.५६ |

| | | |
|---|---|---|
| १५१११ - बेरूजू | ५००००० | ३४९३७४. |
| जम्मा | ११५६१००००. | २७८१९२३८.९२ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

**(ख) आयको अनुमान -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.११५६१००० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७९।८० मा रु.२७८१९२३८ अर्थात अनुमान भन्दा ७५.९४ प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

**(ग) स्थानीय तहरूको विभाज्य कोष–** प्रदेशहरूको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।

**(घ) राजश्व दाखिलामा जरिवाना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७४ को दफा ७६ मा नगद रकम प्राप्त भएको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा कार्यालय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दश प्रतिशतले जरिवाना गरि सो समेत दाखिला गर्न लगाउने र सो भन्दा वढि ढिलो गरेको भए दश प्रतिशत का दरले जरिवाना गरी दाखिला गर्न लगाउने व्यवस्था छ । वडाले राजश्व वापत असुलि रकम समयमा दाखिला नगरेकोमा १० प्रतिशत जरिवाना समेत असुल हुनुपर्नेमा भएको देखिएन ।पालिकाले असुली रकमको दाखिला मिति एकिन गरी नियमानुसार लाग्ने जरिवाना लगाउनु पर्दछ ।

**(ङ) सवारी कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा पालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने लक्ष्य राखेको छ। हरेक वर्ष दर्ता हुने सवारीको अभिलेख राखी कर असूलीलाई प्रभावकारी बनाउने तर्फ कार्यालयको ध्यान जानु पर्दछ ।

**(च) मनोरञ्जन कर** -स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७९।८० मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाइएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नु पर्दछ ।

**(छ) व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय कर संकलन शुन्य रहेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको

छैन् । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन् । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

**(ज) स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

**(झ) आन्तरिक आय -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| ७६३७६४४६२ | २७८१९२३९ | ३.६४ |

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ३.६४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

**(ञ) राजश्व अभिलेख -** नेपाल सार्वजनिक क्षेत्र लेखामानमा स्वीकृत लेखाढाँचामा वित्तिय विवरण सम्वन्धी आवश्यक आर्थिक विवरण तयार गरी लेखापरीक्षणको क्रममा पेश गर्नुपर्ने व्यवस्था रहेको छ। पालिकाले करदाता वा सेवाग्राहीबाट प्राप्त हुने राजस्वको सम्वन्धित आय शिर्षक जनाइ कम्प्युटरमा अभिलेख राखेतापनि राजश्व जम्माको बैंक दाखिला भौचरको आधारमा म ले प फारम नं. 212 राजस्व आम्दानीको दैनिक गोश्वरा खाता र मलेप फा नं 213 को राजश्व अम्दानी बैक नगदी किताव तोकिए बमोजिमको ढाँचामा तयार गरी लेखाङ्कन गर्नुपर्नेमा सो कार्य गरेको पाइएन जसले गर्दा रसिदगत र शीर्षकगत आम्दानी भिडान गर्न सकिएन । अत नियमानुसार खाता तयार गरी राजश्व श्रेस्ता तयार गर्नुपर्दछ।

**(ट) राजश्व परामर्श समिति -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ। उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवश्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवश्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतको विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र तोक्ने लगायतका कार्यहरु उल्लेख छ। राजश्व परामर्श समितिको बैठक बसी नीतिगत छलफल भएतापनि तथ्यगत विश्लेषण सहित राजश्वको अनुमान

गरेको पाइएन । अत नियमानुसार समितिको कार्यलाई प्रभावकारी बनाउनु पर्दछ।

१२ **पेश्की बाँकी** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहाय अनुसार म्याद नाघेको पेश्की रु. २०१००५०।०० फछ्यौट गर्न बाँकी रहेको छ । नियमानुसार समयमै पेश्की फर्छ्यौट गर्नुपर्ने म्याद नाघेको पेश्की फर्छ्यौट नभएको रु.

| सिंनं | पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | पेश्की रकम रु |
|---|---|---|---|---|
| १ | १२/०६/२०७९ | ७नं. वडा र ९ नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि | अग्नीइन्कर्पोरेटेड प्रा.लि. | १०,०५० |
| २ | १२/०६/२०७९ | कालिकास्वास्थ्य चैकिमा एम्बुलेन्स खरिद | अग्नीइन्कर्पोरेटेड प्रा.लि. | २०००००० |
| | जम्मा | | | २०१००५० |

| | |
|---|---|
| पेश्की | २०,१०,०५० |

१३ **मोबिलाईजेशन पेश्की** - आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ७३(३) मा आर्थिक वर्षको अन्त्य सम्ममा पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था रहेकोमा देहायको निर्माण व्यवसायीलाई दिएको मोबिलाईजेशन पेश्की तोकिएको समयमा फछ्यौंट हुनुपर्दछ ।

| पेश्की लिएको मिति | पेश्कीको विवरण | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | रकम रु. |
|---|---|---|---|
| ०९/२८/२०७९ | शिवचोक पडरिया रानिपुर सडक निर्माण वडा नं ६ र ७ | श्रीसदा शिव कन्सट्रक्शन | ८००००० |
| ०९/२८/२०७९ | सितलाबजार,कोल्डस्टोर, जयकालिका मा वि १५ विगाह खेल मैदान हुदै गणेशपुर लक्ष्मणा पिच सडक जोड्ने बाटोनिर्माण अक्सपाल ८ नं र ९ नं वडा सम्म। | पि.एस.निमार्ण सेवा | ६८०००००. |
| १०/१५/२०७९ | शिवचोक पडरिया रानिपुर सडक निर्माण वडा नं ६ र ७ | प्रेमनिर्माण सेवा प्रा लि | ६९९६५५.८३ |
| १०/१५/२०७९ | हिमाकोघरदेखी श्री भवानी आधारभुत बिद्यालय हुदै राधा कृष्ण चोक वाट मदरसा धादिङ्ग टोलहुदै गुरुङ्ग घरको अगाडीको पिचमा जोडने सडक कालोपत्रे | प्रेमनिर्माण सेवा प्रा. लि | ८५३१७७.४२ |
| ११/२१/२०७९ | सितलाबजार,कोल्डस्टोर, जयकालिका मा वि १५ विगाह खेल मैदान हुदै गणेशपुर लक्ष्मणा | पि.एस.निमार्ण सेवा | ४४८९४५६ |

| | | | |
|---|---|---|---|
| | पिच सडक जोड्ने बाटोनिर्माण अक्सपाल ८ नं र ९ नं वडा सम्म। | | |
| ११/२२/२०७९ | संजयथारुको घर देखि दक्षिण (गंगनदिया कुलो) गिदरपुर जोड्ने बाटो माटो पटानी लोखरपुर | रविनकन्ट्रक्सन | २५८००० |
| ०१/०४/२०८० | गरक्कानाल दिलावा थारुको घर जाने बाटो मा कल्भर्ट निर्माण | रेग्मीनिर्माण सेवा | २१३९५८ |

मोविलाईजेशन पेश्की तथा पेश्की जमानत सम्बन्धमा सम्बन्धित दफामा समेत उल्लेख गरिएको छ ।

१४ **धरौटी फिर्ता** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ बमोजिम करदाताले प्रत्येक महिना बुझाउनु पर्ने कर रकम स्वयं निर्धारण गरी सो महिना समाप्त भएको पच्चीस दिनभित्र कर अधिकृत समक्ष तोकिएबमोजिम कर विवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ।सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२४(२) र अर्थ मन्त्रालयको मिति २०६९।६।१७ को परिपत्र बमोजिम धरौटी फिर्ता गर्नुपर्दा सम्बन्धित ठेकेदार वा आपूर्तिकर्ताले मूल्य अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गरेपछि भुक्तानी दिनुपर्ने उल्लेख छ । पालिकाले देहाय बमोजिमका निर्माण सेवा कम्पनीहरुलाई बैंक जमानत राखी धरौटी फिर्ता गरेको देखिएकोले हाल सोको मूल्यव अभिवृद्धि कर समायोजन गरेको प्रमाण पेश गर्नुपर्ने रु

| भौ.न.।मिति | निर्माण व्यवसायी | प्यान | रकम रु. |
|---|---|---|---|
| ५।२०७९।७।३ | जय वागेश्वरी निर्माण सेवा | ६०५१९१४१ | २३०१८४ |
| ६।२०७९।७।२३ | महादेव खिम्ती अन्जना यादव जे.भी | - | ३४२५४८० |
| जम्मा | | | ३६५५६६४ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३६,५५,६६४ |

१५ **खर्चमा मितव्ययिता कायम गर्नु पर्ने** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मितव्ययी तवरले गर्नुपर्नेमा पालिकाले निम्नानुसार खर्च लेखेकोमा देखिएका व्यहोरा देहायानुसार छन् ।

१५.१ **अनुगमन तथा भ्रमण खर्च** - भ्रमण खर्च नियमावली, २०६४ मा कार्यालयबाट भ्रमण आदेश लिई भ्रमण गर्ने कर्मचारीका सम्वन्धमा म. ले. प. फाराम ९०७ बमोजिम भ्रमण गरेका सबै कर्मचारीका लागि म. ले. प. फाराम ९०८ बमोजिम भ्रमण अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष भ्रमण तथा अनुगमन मुल्याङ्कन कार्यमा रु. ११०८७२०.०० र पदाधिकारी भ्रमणमा रु.४,५७,७५० गरि रु.१५६६४७०.०० खर्च गरेको देखिन्छ । यस सम्बन्धमा देखिएका व्यवहोराहरु देहायमा उल्लेख छ।

• विभिन्न कर्मचारीले विभिन्न स्थानमा भ्रमण गरेको भ्रमण आदेश र भ्रमण विल अनुसार खर्च लेखेपनि भ्रमण अभिलेख राखेको छैन ।

• भ्रमण प्रतिबेदन संलग्न गरेपनि उक्त प्रतिवेदन यथार्थपरक रहेको देखिएन। यसबाट भ्रमण कार्य प्रभावकारी भयो

भन्ने आधार भएन। उक्त खर्च गर्दा भ्रमण गर्ने व्यक्तिको स्पष्ट व्यहोरा देखिने गरि अभिलेख राखेको छैन । यसबाट आर्थिक वर्षको अन्तमा कर्मचारी भ्रमण अवस्थाको मुल्याङ्कन गर्न सक्ने देखिएन । साथै भ्रमणबाट निर्धारित उदेश्य प्राप्त भए नभएको साथै खर्च प्रभावकारी भए नभएको यकिन गर्न सकिएन । पालिकाले भ्रमण अभिलेख अद्यावधिक गरी राख्नु पर्दछ ।

• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित ठाउँ गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमणमा खर्च भएको रकम सदुपयोग भएको हो भनि विश्वस्थ हुन सकिएन । तसर्थ तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

१५.२ **मसलन्द तथा कार्यालय सामग्री खर्च -** सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ को बुँदा नं. ३८ मा प्रदेश सरकार तथा स्थानीय तहका सबै कार्यालयहरु, सबै पदाधिकारी एवं कर्मचारीहरुले समेत मार्गदर्शन बमोजिम मितव्ययी एवं प्रभावकारी तवरले खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले मसलन्द तथा कार्यालय सामग्री खर्च शिषर्कमा यस वर्ष रु.४०४९२०२ खर्च गरेको छ । कार्यालयलाई वर्षभरमा आवश्यक पर्ने सामानको एकमुष्ठ विवरण बनाई सार्वजनिक खरिद ऐन तथा नियमावलीको प्रावधान वमोजिम खरिद योजना बनाई प्रतिस्पर्धात्मक तवरले खरिद गर्नुपर्नेमा पटक पटक सोझै बजारबाट खरिद गरी खर्च लेखेको पाइयो। सामानको आवश्यकता तथा परिमाण शुरुमै निश्चित गरी प्रतिस्पर्धात्मक रुपले खरिद कारवाही अवलम्बन गर्नेतर्फ कार्यालयले ध्यान दिन जरुरी छ । पटक पटक खरिद गर्ने परिपाटीमा नियन्त्रण गरी कानुनको पालना गर्दै खरिदलाई मितव्ययी तथा प्रतिस्पर्धी बनाउनुपर्ने देखिन्छ ।

१५.३ **पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१क) मा रु.१० लाख रुपैंयासम्मको निर्माण कार्य, मालसमान र परामर्श सेवा सोझै खरिद गर्न सकिने व्यवस्था छ । त्यस्तै नियम ८५ अनुसार एक आर्थिक बर्षमा एकै फर्म वा व्यवसायी वा संस्थाबाट १० लाख भन्दा बढीको सामान सोझै खरिद गर्न नहुने व्यवस्था छ । तर पालिकाले पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशनमा सोझै खरिद मार्फत रु.२१९९८८३.०० खर्च गरेको छ । खर्च गर्दा अधिकासंमा कार्यआदेश दिएको देखिदैन। यसरी खर्च गर्ने प्रवृत्तिमा सुधार गर्दै सिलबन्दी बोलपत्र वा दरभाउपत्रको माध्यमद्वारा प्रतिस्पर्धात्मक विधिबाट खरिद गरिनुपर्दछ । साथै यस प्रकारका खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१५.४ **इन्धन खर्च-** सार्वजनिक खर्चको मापदण्ड कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका, २०७५ को बुदा नं.७ बमोजिम कार्यालयले सवारी साधन सुविधा पाउने पदाधिकारी तथा कर्मचारीहरुलाई इन्धन उपलव्ध गराउँदा तह अनुसार मासिक रुपमा पाउने डिजेल/पेट्रोल (लिटर) र त्रैमासिक रुपमा पाउने मोविल तथा ब्रेक आयल (लिटर) को कोटा निर्धारण गरी भुक्तानी पर्ने र कार्यालयले सोको लगत अद्यावधिक गराई राख्नुपर्ने उल्लेख छ। कार्यालयले यो बर्ष इन्धन खर्च शिर्षकबाट रु. ५८००००० र कन्टेन्जेन्सी खर्च समेतबाट इन्धन खर्च भुक्तानी गरेको छ। कार्यालयले इन्धन खर्च लेख्ने सवारी साधनको न्यूनतम कोटा निर्धारण गरी सोको मासिक लगत लगत

अद्यावधिक गरी खर्च मितव्ययि गर्ने तर्फ ध्यान दिनुपर्दछ।

१५.५ **बैठक भत्ता -** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४(२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चत्तम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नुपर्ने उल्लेख छ। पालिकाले यस कर्मचारी बैठक भत्तामा रु.३६७५५०, पदाधिकारी बैठकमा रु.७३७०००, न्यायीक समितिको बैठकमा रु.१५८०००, वडा समितिको बैठकमा रु.१८१५००० समेत रु.३०७७५५०.०० खर्च गरेकोमा अधिकांस बैठक एजेण्डा विहिन रहेको देखियो । पालिकाले विषेश कामको लागि बैठक बसी बैठक भत्ता खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ।

१५.६ **सवारी मर्मत खर्च -** लुम्बिनी प्रदेश, प्रदेश आर्थिक कार्यविधी ऐन, २०७४ को दफा ४५ अनुसार सार्वजनिक जवाफदेहीको पद धारण गरेको व्यक्तिले सम्पादन गरेको काम र सोसँग सम्बन्धित कारोबारको जिम्मेवारी र जवाफदेहिता बहन गर्नुपर्ने उल्लेख छ ।

• पालिकाले सवारी साधन मर्मत, ईन्धन खपतको अवस्था जस्त व्यहोरा खुल्नेगरी म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक राख्नु पर्दछ । लेखापरीक्षणको क्रममा परीक्षण गर्दा लगबुक राखेको पाईएन तथा समय क्रम अनुसारको अभिलेक दुरुस्त हुनेगरी अध्यावधिक गरेको पाइएन । सवारी साधनको वास्तविक अवस्था खुल्ने गरी म. ले. प. फाराम ९०५ अध्यावधिक गर्नु पर्दछ ।

• पालिकाले सावारी साधन तथा मेशिनरी मर्मत गर्दा म. ले. प. फाराम ९०६ बमोजिमको मर्मत अभिलेख राख्नुपर्ने व्यवस्था छ । पालिकाले पालिकले पालिकाले सावारी साधन तथा मेशिनरी मर्मतमा यस वर्ष रु. १२५९८११.०० र कन्टेन्जेन्सीबाट समेत खर्च गरेकोमा स्वीकृत मर्मत आदेश अनुसार मर्मत गराउने र सवारी मर्मतको म.ले.प.फा.नं. अद्यावधिक गरेको छैन । सवै किसिमको मर्मतको अवस्था देखिनेगरी मर्मत अभिलेख राखेको छैन

साथै एक लाखभन्दा बढीको मर्मतमा ३ वटा सेवा प्रदायकबाट दर भाउ पत्र माग गरेको छैन। यसवाट यस्ता साधन विस्थापित तथा लिलाम गर्दा साथै वित्तिय विवरणमा वास्तविक मुल्य लेखाङ्कन गर्न समस्या हुने देखिन्छ । यस्तो असर उत्पन्न नहुने गरी सुधार गर्नुपर्दछ । साथै यस प्रकारका खर्चमा मितवययीता कायम गर्नु पर्दछ ।

१५.७ **कन्टिन्जेन्सी खर्च अभिलेख -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ। कार्यालयले यस वर्ष कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राखे गरेको छैन। यसबाट कन्टिन्जेन्सी खर्च एकिन गर्न सकिएन । नियमावलीमा ब्यवस्था भए बमोजिम योजनागत कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गरिनु पर्दछ ।

१६ **उद्यम विकास सहजकर्ता पारिश्रमिक -** पालिकाले उधम विकास सहजकर्ता पुष्पा शर्माले संतोसजनक कार्य नगरेको भनि करार सम्झौताको म्याद थप नगरेबाट पुष्पा शर्माले उच्च आदालत तुल्सीपुरमा निबेदन दिएको र आदालतले निजको हकमा फैसला गरि आ ब २०७९।८० को तलब भत्ता भुक्तानी दिनु भनि आदेश गरेकोमा पालिकाले भौ नं मिति १७८।८।८ बाट उधम विकास सहजकर्ता पुष्पा शर्मालाई आदालतको आदेश बमोजिम रु.३८१९३० भुक्तानी दिएको छ।

## १७ पदाधिकारी सुविधा

१७.१ **सुविधा भुक्तानी रकम** - लुम्बिनी प्रदेशको प्रदेश सभाले बनाएको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन-२०७६ को दफा ३, ४, ५, ६, ७, ८ र ९ सँग सम्बन्धित अनुसूची अनुसार स्थानीय तहका पदाधिकारीहरूलाई टेलिफोन तथा मोवाइल, पुस्तक पत्रपत्रिका तथा इन्टरनेट, जनसम्पर्क तथा विशेष कार्यसुविधा मर्मत सुविधा अतिथि सत्कार र खानेपानी विद्युत तथा सरसफाई खर्च दिने व्यवस्था गरेको व्यवस्था अनुसार कार्यालयले स्थानीय तहका पदाधिकारीहरूलाई यो वर्ष यस आर्थिक वर्षमा यातायात सुविधा रु.३०५५०००, टेलिफोन तथा मोवाइल रु. १५५८५००, पत्रपत्रिका तथा इन्टरनेट रु. १३८९००० अतिथि सत्कार रु. ८३२००० , खानेपानी रु.१२०००० मर्मत सम्भार तथा विधुत रु. १२००००, जनसम्पर्क तथा बिशेष सुविधा रु.२४२१००० चार्ड पर्व खर्च रु.४१८००० समेत रु. ९९१३५०० भुक्तानी गरेको देखियो । पालिकाले भुक्तानी गर्दा विल भरपाई नराखी एकमुष्ठ मासिक रुपमा भुक्तानी दिने गरेकोले उदेश्य अनुरुप निर्धारित कार्यमा उपयोग भए नभएको यकिन एवं विश्वस्त हुने अवस्था रहेन । अत उद्देश्य अनुरुप खर्च भएको विश्वस्त हुन सक्ने खर्चको प्रमाण पेश गरिनु पर्दछ ।

१७.२ **बढी भुक्तानी** - लुम्बिनी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा अनुसूचिमा भएको व्यवस्था भन्दा बढी भुक्तानी दिन नहुने व्यवस्था छ। पालिकाले निम्न पदाधिकारीलाई कार्तिक देखी आषाढ मसान्त सम्म निम्न शिषर्कमा देहाय अनुसार रु.१४४५४०।०० बढी भुक्तानी भएको छ। यसरी बढी भुक्तानी भएको रकम असुल गर्नु पर्दछ रु.

| सि. नं. | नाम | शिर्षक | | | कर बाहेक जम्मा रु |
|---|---|---|---|---|---|
| | | यातायात | अतिथि | जनसम्पर्क | |
| १ | का. पा. टिकाराम सुनार | ३२००० | ३२००० | ९००० | ७२२७० |
| २ | का. पा. कोपिला मल्ल | ३२००० | ३२००० | ९००० | ७२२७० |
| | जम्मा | | | | १४४५४० |
| | | | | असुल गर्नुपर्ने | १,४४,५४० |

१७.३ **उपचार खर्च** - लुम्बिनी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ मा पदाधिकारीलाई औषधि उपचार खर्च दिने भनि उल्लेख गरेको छैन । निम्न अनुसारको पदाधिकारीले पालिकाबाट उपचार खर्च भुक्तानी लिएको देखिएकोले उक्त रकम सम्बन्धित संग असुल गर्नु पर्दछ रु.

| भौ नं. मिति | नाम | जम्मा रु |
|---|---|---|
| ६७४।२।२ | नरे बहादुर थापा | ५०००० |
| ७२६।२।२५ | कोपीला मल्ल | २५००० |
| ७४६।२।३२ | रुद्र राज पौडेल | १५००० |
| जम्मा | | ९०००० |

| | असुल गर्नुपर्ने | ९०,००० |
|---|---|---|

१७.४ **ईन्धन खर्च -** लुम्बिनी प्रदेशसंसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७६ अनुसार गाउँपालिका अध्यक्ष र उपाअध्यक्षलाई १२०/१२० ली ईन्धन मात्र उपलब्ध गराउनु पर्ने उल्लेख छ । पालिकाले पदाधिकारी ईन्धनमा रु.१० लाख विनियोजन गरि रु.१०००००० खर्च लेखेको छ । पालिकाले अध्यक्ष लाई १२० लि का दरले १२ महिनाको १४४० ली को असार महिनाको दर ले रु.२२७०८८ मात्र हुन जान्छ तर पदाधिकारी ईन्धनबाट रु.१०००००० खर्च गरि रु.७७२९१२ बढी खर्च गरेको मिलेन । पालिकाले पदाधिकारी ईन्धन तर्फ आवश्यकता अनुसार मात्र बजेट विनियोजन गरी खर्च लेख्नुपर्ने भएकोले नियमसम्मत नदेखिएको रु.

| | अनियमित भएको | ७,७२,९१२ |
|---|---|---|

## १८ शैक्षिक गुणस्तर सुढृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान

१८.१ शैक्षिक गुणस्तर सुढृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान - कार्यक्रम कार्यान्वयन पुस्तिकामा विद्यालयमा शैक्षिक गुणस्तर सुदृढिकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानको व्यवस्था गरी अनुदान प्राप्त गर्ने कार्यक्रमहरुलाई शिर्षकगत रुपमा उल्लेख गरेको छ । कार्यालयले संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत शैक्षिक गुणस्तर शुदृढिकरण एवम कार्य सम्पादनमा प्रोत्साहन अनुदान शिर्षकबाट श्री विद्याज्योती माध्यमिक विद्यालयलाई अनुदान स्वरुप रकम रु.३०००००० निकासा दिएकोमा देहायबमोजिम शीर्षकहरुमा खर्च गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| शीर्षक | रकम रु. |
|---|---|
| शिक्षक/कर्मचारी तलब भत्ता | ११०७५०० |
| विद्यालय सहयोगी | ३१२००० |
| सरसफाई कर्मचारी | ९०००० |
| चालक र सहचालक | ३३८००० |
| विज्ञान प्रयोगशाला | ६५०००० |
| प्र.अ भत्ता | १९४९४८ |
| बस इन्धन खर्च | ३०७५५२ |
| जम्मा | ३०००००० |

नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका २०७४ (पहिलो संशोधन, २०७५) को परिच्छेद ८.३ मा शिक्षकको व्यवस्था सम्बन्धमा उल्लेख छ । निर्देशिकामा थप शिक्षक व्यवस्थापन सेवा करारको माध्यमबाट गर्ने व्यवस्था रहेकोमा सो विपरित विद्यालयले सशर्त अनुदानबाट तलब भत्ता व्यहोरेका विद्यालय कर्मचारी तथा सहयोगीलाई थप तलब भत्ता वापत रु.२१२०३० खर्च गरेको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | २,१२,०३० |

१८.२ निर्देशिकाले सार्वजनिक विद्यालयमा समान शैक्षिक पहुँच, नवीनतम सूचना प्रविधिको अधिकतम प्रयोगसहित आधुनिक शिक्षण विधिमार्फत शैक्षिक गुणस्तर अभिवृद्धिका लागी खर्च गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालये शैक्षिक सामाग्री खरिद, स्कुल बसको इन्धन,बिमा, कर र मर्मत वापत रु.३९६५५२ खर्च गरेको छ । निर्देशिकाको मर्म विपरित गरिने यस्तो खर्च रकममा नियन्त्रण हुनुपर्दछ ।

१८.३ नमुना विद्यालय विकास एवं सञ्चालन निर्देशिका, २०७४ (पहिलो संशोधन, २०७५) को परिच्छेद ८.१ मा विद्यालय विकास प्रस्ताव माग गरी उक्त प्रस्तावको मुल्यांकनको आधारमा प्रधानाध्यापक पदमा करार गर्ने र कार्यसम्पादन करारको शर्तको मुल्यांकन गर्ने साथै छनौट भएको प्राधानाध्यापकले खाईपाई आएको तलब स्केलको एक तिहाइ बराबरको रकम प्रधानाध्यापक भत्ता उपलब्ध गराईने व्यवस्था रहेको छ । विद्यालयले विद्यालय विकास प्रस्ताव माग नगरेको र प्रधानाध्यापक सँगको कार्यसम्पादन करार बिना नै सागर रेग्मीलाई प्र.अ. भत्ता वापत रु.१९४९४८ भुक्तानी गरेकोले विद्यालय विकास प्रस्ताव र कार्यसम्पादन करार गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९४,९४८ |

## १९ लघु उद्यम कार्यक्रम

१९.१ **तालिम सञ्चालन —** पालिकाले गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम (मेड्पा कार्यक्रम) अन्तर्गत विभिन्न तालिम सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन्

(क) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ अनुसार सम्भाव्य उद्यमीहरुलाई २० देखि २५ जनाको लक्षित समुह छनौट गरी तालिम सञ्चालन गर्नुपर्दछ । पालिकाले मेडपा तालिम सञ्चालनको लागि सहभागी छनौट गर्दा निर्देशिकामा व्यवस्था भए बमोजिम छनौट गरेको पाइएन । सोही निर्देशिकाको दफा ३९ मा विभिन्न लघु उद्यम विकास तालिम सञ्चालन गर्दा तालिमबाट उत्पादित सामान वा वस्तुको व्यवस्थित अभिलेख राखी सो वस्तु प्रशिक्षण अवधी भित्रै परल मुल्यको ५० प्रतिशत छुट मुल्यमा सहभागीलाई नै बिक्री गरी लागत सहभागीतालाई प्राथमिकता दिनुपर्नेमा सो अनुसार (कस्ट सेयरीङ्ग) भए गरेको पाइएन । पालिकाले यस कार्यक्रम अन्तर्गत विभिन्न तालिम सञ्चालनको क्रममा उत्पादन भएका सामग्रीहरु निर्देशिकामा व्यवस्था भए बमोजिम व्यवस्थीत अभिलेख गरी सो वस्तुहरुको लिलाम बिक्री गरी सो बाट प्राप्त रकम राजश्व खातामा दाखिला गर्नुपर्दछ ।

(ख) गरिबी निवारणका लागि उघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ को दफा ५८ मा स्थानिय तहले अनूसूची १६ बमोजिम उपयुक्त सूचकहरु तयार गरी कार्यक्रमको प्रभावकारीको अनुगमन तथा मूल्याङ्कन गर्ने र अनुगमन प्रतिवेदन पेश गर्ने उल्लेख छ । यस पालिकाबाट सोको अनुगमन प्रतिवेदन लेखापरीक्षणमा पेश भएन

(ग) अन्य व्यहोराहरु -

- कार्यक्रमको भुक्तानी सम्बन्धित पार्टिहरु, प्रशिक्षकहरुलाई नभई कार्यक्रम संयोजकलाई भएको छ।
- पुनर्ताजगी तालिममा पुरानो सहभागी वा उद्यमी भएको नखुलेको ।
- प्रशिक्षकको कन्टेन्ट र प्रस्ताव नभएको ।

• वितरण गर्नुपर्ने सामाग्रीहरु दाखिला वेगर वितरण गरेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन २०७७ बमोजिम कार्यक्रमको लागि आवश्यक्ता पहिचान यकिन गरी कार्यक्रम गर्नु पर्नेमा आवश्यक्ता पहिचान गरेको देखिएन ।

• कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो ।

• प्रगति प्रतिवेदन तयार नगरेको, स्रेस्ता तथा अभिलेख व्यवस्थित नराखेको ।

• गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि उद्यम सहजकर्ता नियुक्त भएकोमा पालिकाले उद्यम सहजकर्तालाई उद्यम सम्बन्धी कार्यक्रम संचालन गर्ने जिम्मेवारी दिँदा कार्यक्रमको अनुगमन प्रभावकारी नभएकोले यस तर्फ पालिकाको ध्यानाकर्षण हुनु पर्दछ ।

---

१९.२ **प्रविधि हस्तान्तरण** - गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ बमोजिम उद्यमीलाई उद्योगको प्रकृति, आवश्यकता र उद्योगबाट सिर्जना हुने रोजगारीका आधारमा प्रविधि उपलब्ध गराईनेछ । उपलब्ध गराइने प्रविधिको कुल लागतको कम्तीमा २० प्रतिशत रकम उद्यमी स्वयंले व्यहोर्नुपर्नेछ भन्ने व्यवस्था रहेकोमा कार्यालयले उद्यमीहरुलाई रु.२९०००० बराबरको प्रविधि हस्तान्तरण वापत रकम भुक्तानी गरेकोमा उद्यमीहरुलेले २०% ले हुने रु.७२५०० योगदान गर्नुपर्नेमा योगदान नभएको नियमित नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ७२,५०० |

---

२० **सवारी भाडा** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्दछ। पालिकाले विभिन्न योजना अनुगमन गर्ने प्रयोजनकालागि सम्झौता गरि सवारी भाडामा लिएकोमा उक्त सवारी भाडा भुक्तानी गर्दा सम्झौता भन्दा निम्न बमोजिमको रकम बढी भुक्तानी गरेको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितसंग असुल गरि दाखिला गर्नु पर्दछ रु.

| भौ नं. मिति | नाम | सम्झौता अवधि | विवरण | भुक्तानी हुनुपर्ने रु. | भएको रु | कर बाहेक बढी रु. |
|---|---|---|---|---|---|---|
| १२।६।९ | कृष्ण ब क्षेत्री | ४।१ देखी ५।१६ सम्म | मासिक ९५००० मर्मत समेत | १४५५०० | १९४१०४ | ४५९०४ |
| ७५३।३।३ | गणेष भट्टराई | २।१८ र २।२१ दुई दिन | दिनको ५००० | १०००० | २०००० | ९००० |
| | **जम्मा** | | | | | **५४९०४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५४,९०४ |

---

२१ **बहुक्षेत्रिय पोषण कार्यक्रम** -

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१३७५ ।- सम्परीक्षण गरिएको।)*

---

२२ **निजी आवास पुनर्निमाण अनुदान**

२२.१ २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका जिल्लामा निजी आवास पुनर्निर्माण अनुदान वितरण सम्बन्धी कार्यविधि- २०७३ अनुसार पालिकाको यस वर्ष लाभग्राहीलाई देहायबमोजिम रकम भुक्तानी गरेको विवरण प्राप्त भएकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

| कार्यक्रम | लाभग्राही संख्या | दर रु | जम्मा भुक्तानी रु |
|---|---|---|---|
| २०७१ सालको बाढी पहिरोबाट क्षतिग्रस्त भएका जिल्लामा निजी आवास पनर्निर्माण अनुदान | ५८ | १६००० | ८६६९५६ |

**(क) किस्ता भुक्तानी-** कार्यविधिको दफा ५ को उपदफा ७, ८ र ९ अनुसार पहिलो किस्ता वापत रु.पचास हजार उपलबब्ध गराईने जसबाट जग र प्लिन्थ सम्मको कार्य सम्पन्न गर्न खर्च गर्नुपर्ने, दोस्रो किस्ता वापत एक लाख पचास हजार रुपैया उपलब्ध गराईने जसबाट प्लिन्थ भन्दा माथि गाह्रो झयाल ढोकाको चौकस राख्ने देखि छाना छाउनु पूर्वको तहसम्मको कार्य सम्पन्न गर्न खर्च गर्नुपर्ने, तेस्रो तथा अन्तिम किस्ता बापत एक लाख रुपैया उपलब्ध गराईने जसबाट छाना छाउने, शौचालय निर्माण गर्ने र वैकल्पिक उर्जा प्रयोग गरी बत्ति जडान गर्ने लागायतका बाँकी कार्य सम्पन्न गर्न खर्च गर्नु पर्ने व्यवस्था छ । तर पालिकाले यसवर्ष ५८ घर परिवारलाई रु. २५४०२८७ खर्च लेखेकोमा कार्यविधि अनुसार निर्धारित किस्तामा लाभग्राहीलाई अनुदान दिएको देखिएन । साथै उक्त निर्माण कार्यको अनुगमन र कार्यसम्पन्न प्रतिवेदन संलग्न नहुँदा तोकिएको कार्यक्रममा खर्च भयो भएन एकिन गर्न सकिएन ।

२२.२ **(ख) कार्य प्रगति-** कार्यविधिको दफा ७ अनुसार कुनै व्यक्तिले झुठा विवरण पेश गरी अनुदान लिएमा वा जुन प्रयोजनकालागी अनुदान उपलब्ध गराईएको हो सोही प्रयोजनमा खर्च नगरी अन्य प्रयोजनमा खर्च गरेको पाइएमा त्यस्तो अनुदान फिर्ता गराईनेछ भन्ने व्यवस्था रहेकोमा पालिकाले आषाढ महिनाको अन्तमा कार्य प्रगतिको आधार नलिई न्यून रकमको किस्तामा अनुदान दिएको देखियो । अत कार्यविधिको अनुशरण गरी अनुदानको उपयोगलाई प्रभावकारी बनाइनु पर्दछ ।

२२.३ (ग) कार्यविधिको दफा ६ (१६) बमोजिम एकभन्दा बढी स्थानमा आवास भएको र बाढी पहिरोबाट क्षति भएको स्थान बाहेकको अन्य स्थानको आवास क्षति नभएको लाभग्राहीलाई अनुदान सहायता उपलब्ध गराईने छैन भन्ने व्यवस्था रहेकोमा पालिकाले उक्त विषय यकिन गरेको देखिएन ।

२२.४ (घ) पालिकाले उपलब्ध गराएको विवरण अनुसार गाउँपालिकामा १०३ लाभग्राही सुचिकृत भएकोमा आ.व ०७८।७९ सम्म कति लाभग्राहीले कति किस्ता अनुदान पाए भन्ने विवरण पालिकाले उपलब्ध गराएको छैन । यस आर्थिक वर्षमा ५८ लाभग्राहीलाई रु.१६००० का दरले रु.८६६९५६ भुक्तानी भएको जनाएको छ । कार्यविधि बमोजिम लाभग्राहीले विभिन्न चरणमा आवास निर्माण कार्यको प्राविधिकबाट प्रतिवेदन सहितको सिफारिस प्राप्त भएपछि किस्ता उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीलाई प्राविधिक प्रतिवेदन बेगर भुक्तानी गर्ने कार्य उचित देखिएन । तसर्थ लाभग्राहीले मापदण्ड बमोजिम निर्माण गरेको भनी प्राविधिक प्रतिवेदन सहितको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,६६,९५६ |

२३ **अन्य कार्यालयको खर्च -** नेपाल सरकारले प्रत्येक मन्त्रालयको कार्यभार, दरबन्दी तथा कार्य प्रकृति अनुसार बजेट

विनियोजन गरी खर्चको अख्तियारी समेत प्रदान गरेको हुन्छ। साथै एक कार्यालयले अर्को कार्यालयको खर्च व्यहोर्नु उचित देखिदैन पालिकाले निम्न कार्यहरुको खर्च भुक्तानी दिएको छ। यसरी अन्य कार्यालयको खर्च पालिकाले भुक्तानी दिनु नियम सम्मत्त देखिएन रु.

| भौ नं. मिति | शिर्षक | भुक्तानी लिने | रकम |
|---|---|---|---|
| ८९१।३।२४ | साबेल कुर्सी दराज भाडाकुडा | सशस्त्र प्रहरी बल नेपाल बोर्डर सानोडाफे | ९१२४१ |
| ९०७।३।२४ | विधुत वाईरिङ्ग | सशस्त्र प्रहरी बल विवशतिपुर | ७४१६० |
| ७५।७।३ | ईन्धन | प्रहरी चौकी कालिका | ८५६९७ |
| १२९।७।२४ | सवारी मर्मत बा १ झ ९५६१ | सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट | १२५००० |
| २८२।९।१९ | ईन्टरनेट जडान | सशस्त्र प्रहरी बल वि ओ पी | ५०००० |
| | **जम्मा** | | **४२६०९८** |

| | |
|---|---|
| अनियमित भएको | ४,२६,०९८ |

२४ **कर कट्टी नभएको** –

........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१२३३३।- सम्परीक्षण गरिएको ।)*

२५ **व्यक्तिको नाममा भुक्तानी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८ अनुसार सरकारी रकम अधिकार प्राप्त अधिकारीले बाहेक अरुले खर्च गर्न नहुने व्यवस्था गरेको छ।साथै हल ईएप टी (ईलेक्ट्रोनिक फण्ड ट्रन्सफर) लागु भए पश्चात पालिकाले विभिन्न खर्चको भुक्तानी दिदा सम्वन्धीत पार्टिको नाममा भुक्तानी दिनुपर्नेमा सो नगरी कर्मचारीको तथा वडा सचिवको नाममा भुक्तानी गरेको हुदा उक्त रकमको सहि सदुपयोग भए नभएको एकिन हुन नसकेको हुदा यस कार्यमा सुधार गर्नुपर्दछ ।यसका केही उदाहरणहरुः

| भौ नं मिति | प्रयोजन | भुक्तानी दिने | रकम |
|---|---|---|---|
| ७६।७।३ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | खड्क बहादुर योगि | ९९३१७ |
| ७७।७।३ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | उसमान साई | १०१०५५ |
| ७८।७।३ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | फणिन्द्र शर्मा | ८८६९८ |
| ६६७।१।२९ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | स्वस्तिका पौडेल | १११५२० |
| ८७९।७।९ | धारा निर्माण | ललन अहिर | ४००५२ |
| ४५९।११।१८ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | विजय थारु | १५१३९० |
| ४८३।११।२८ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | अर्जुन थारु | ८७०२५ |

| | | | |
|---|---|---|---|
| ५४२।१२।२० | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | मिना खड्का | ८६५०१ |
| ५८०।१।४ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | धनमाया थारु | १०५००० |
| ६०१।१।८ | ईन्धन, समितिबो बैठक भत्ता तथा विविध लगायत अन्य | रण बहादुर रावत | ७७२४१ |

२६ **स्वास्थ्य विमा -** कुनै पनि कार्यक्रम सञ्चालन तथा अनुदान वितरण गर्दा सोको कार्यविधि अनुसार वितरण गर्नु पर्दछ । पालिकाले वडा नं. ७ मा विभिन्न ३० घरधुरीमा स्वास्थ्य बिमाकोलागि बिमा शुल्क रु.३५०० का दरले रु.१०५०००.०० भुक्तानी दिएको छ। पालिकाले पालिकास्तरिय निर्णय गरि सोही बमोजिम कार्यक्रम संचालन गर्नु पर्नेमा वडाले वडागत कार्यक्रम संचालन कार्यमा नियन्त्रण गर्नु पर्दछ ।

२७ **अध्यक्ष कप -** आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ को उपनियम ५ खर्च गर्दा खर्चको विल भरपाई सहित लेखा राखुपर्ने उल्लेख छ। सरस्वति मा वि ले आयोजना गरेको अध्यक्ष कप फुटबल तथा राष्ट्रपति रनिङ्गशिल्ड प्रतियोगितामा एक जना संयोजक हुदा हुदै ११ जना सह संयोजक राखी ८००० ले ८८००० भुक्तानी गरेको अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८८,००० |

२८ **हाट बजार तथा माछा पोखरीको ठेक्का -**

२८.१ पालिकाले हाट बजारको ठेक्का सम्झौता गर्दा सम्झौतामा उल्लेख भए अनुसारको आग्रिम आय कर र मुल्य अभिबृद्धि कर जाम्मा गर्नु पर्नेमा गरेको छैन। अग्रीम कर र मु अ कर सम्बन्धितसंग असुल गरि दाखिला गर्नु पर्दछ रु.

| कार्य | कवोलकर्ता | सम्झौता अवधि | सम्झौता रकम | अग्रिम कर | मु अ कर | जम्मा रु |
|---|---|---|---|---|---|---|
| शक्ति नगर हाट बजार | राजेश भुजवा | २०७९।११।२५ देखी ३ वर्ष | ६३००० | ९४५ | ८१९० | ९१३५ |
| सितला हाट बजार | रमेशचन्द भुजवा | २०७९।१०।२४ देखी ३ बर्ष | १५०९९९ | २२६५ | १९६३० | २१८९५ |
| मैनापोखर पोखरी | नरेन्द्र कुमार चौधरी | २०७९।७।२९ देखी ३ वर्ष | ३८२५०३ | ५७३८ | | ५७३८ |
| **जम्मा** | | | | | | **३६७६८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३६,७६८ |

२८.२ मैनापोखर पोखरिको सम्झौता अनुसार १ वर्षको राजस्व रु.१२७५०१ को ५० प्रतिशत रकम जम्मा गर्नु पर्नेमा जम्मा गरेको नदेखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,७५० |

२८.३ सितलाहाट बजारको सम्झौता अनुसार एक बर्षको रकम रु.५०३३३ जम्मा गर्नु पर्नेमा जम्मा गरेको नदेखिएकोले उक्त रकम असुल गरि दाखिला गर्नु पर्दछ रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,३३३ |

२९ **प्रधानमन्त्री रोजगार कार्यक्रम** - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा कार्यालयले कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन ।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका देहायबमोजिमका योजनाहरुमा सञ्चालन गरी रकम खर्च भएको पाईयो । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।

| क्र. सं. | आयोजनाको नाम | वडा नं | खर्च | कामदार संख्या | रोजगार दिन |
|---|---|---|---|---|---|
| १ | पाण्डे चोक देखी ८२ चोक, १६२ देखीसामुदायिक वन, नारायणको घर देखी मेनबाटो जोड्ने कच्ची बाटो निर्माण । | १ | ५७७००० | १० | १००० |
| २ | पराजुलीको मन्दिर देखि पूर्वखडानन्द गौतमको खेत सम्म कच्ची बाटो निर्माण आयोजना | २ | ५३४३०२ | ११ | ९२६ |
| ३ | भवानीपुर स्कुल दखी तमौलीपुरदुर्गा प्रसाद पौडेलको घर सम्म कच्ची बाटो निर्माण आयोजना | ३ | ० | ० | ० |
| ४ | गन्धर्व टोल देखि मान खोला तथा मुल बाटो र वडाको विभिन्न स्थानको नालीनिर्माण तथा मर्मत आयोजना | ४ | ६९२४०० | १२ | १२०० |
| ५ | बढैया प्रेमलाल थारूको घर देखिदक्षिण सतपतिया कुलो सम्म बाटो निर्माण तथा मर्मत आयोजना | ५ | ५७७००० | १० | १००० |
| ६ | सिमभवानी देखि जीपुर सम्मगंगलदिया नाला निर्माण तथा मर्मत आयोजना | ६ | ६३४७०० | ११ | ११०० |
| ७ | दिलुवा थारूको घर देखि लाल बहादुरमिजारको घर सम्म र भगौती चमारको घर देखी ओहान खाँको घर सम्म सडक तथा नालानिर्माण तथा मर्मत आयोजना | ७ | ६०००८० | १२ | १०४० |
| ८ | मल्ल टोल र अक्कलरूवामा बाटो तथानाला निर्माण तथा वडा भरिका नाला मर्मत आयोजना | ८ | ६३४७०० | ११ | ११०० |
| ९ | मनकुमारी थारुको घर देखीसानोविक्री जुतिनगर सम्म कच्ची बाटो निर्माण तथा मर्मत आयोजना | ९ | ४४०२५१ | १६ | ७६३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १० | सेवानगर चोक देखि सामुदायिक भवनसम्म सडक तथा नाला निर्माण तथा मर्मत आयोजना | ९ | ४८२३७२ | १६ | ८३६ |
| जम्मा | | | ५१७२८०५ | ९३ | ८९६५ |

(क) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका,२०७५ को दफा १२ मा स्थानीय तह भित्रका बेरोजगार व्यक्तिहरु तथा रोजगारदाताहरुको तथ्याङ्क संकलन र अद्यावधिक गर्ने र स्थानीय तहको बजेट तथा कार्यक्रमबाट रोजगारमूलक आयोजना तर्जुमा,कार्यान्वयन,अनुगमन र मुल्याङ्कन गर्ने कार्य स्थानीय तहको हुने उल्लेख छ तर पालिकाले निर्देशिकाले तोकेको व्यवस्थाको पालना गरेको पाईएन । सो सम्बन्धमा सुधार हुनुपर्दछ।

(ख) निर्देशिकाको दफा ८६ मा लक्षित वर्गको लागि बिशेष व्यवस्था गरेको,दफा ८७ मा सो कार्यक्रम अन्तर्गत श्रमिकलाई काममा खटाउदा दुर्घटना बिमा गरी खटाउनुपर्ने र सो विमामा चालिस प्रतिशत श्रमिकको तर्फबाट व्यहोर्ने उल्लेख छ । दफा ७८ मा सम्बन्धित पालिका तथा कार्यपालिकाले आ-आफ्नो क्षेत्र भित्रका कार्यक्रम सम्बन्धमा लाभग्राहि समेतको संलग्नतामा बर्षको एक पटक सार्बजनिक सुनुवाई कार्यक्रम गर्नुपर्ने उल्लेख छ । तर पालिकाले सोको कार्यान्वयन गरेको छैन । यसमा सुधार हुनुपर्दछ ।

३० **निजी सवारी मर्मत -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेहखु अघि त्यस्तो रकम खर्च वा भुक्तानी गर्न दिन रित पुगे नपुगेको जाँच गरि भुक्तानी दिनु पर्दछ। साथै निजी सवारी मर्मत गर्नुपर्ने व्यवस्था रहेको देखीदैन। तर पालिकाले आफ्नै स्वामित्वमा नरहेको निजि मोटरसाईकल मर्मतमा निम्न अनुसारको रकम खर्च लेखेको छ। यसरी निजी सवारी मर्मत गरि खर्च भएको रकम सम्बन्धित सवारी धनीबाट असुल हुनु पर्दछ रु.

| भौ नं मिति | सवारी नं. | रकम |
|---|---|---|
| ५३५।१२।१७ | लु ८८ प १८६४ | १६५० |

***भे ७ प ९२९६ को ४,१०० र भे ८ प ७४५५ को २,१५० (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.६२५० ।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६५० |

३१ **प्रशिक्षक भत्ता** - अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७७ को बुदाँ नं ७.१.१५ मा भएको व्यवस्था बमोजिम गाउँपालिकामा सञ्चालित सबै प्रकारका अधिकृत स्तरीय तालिममा तालिमका स्रोत व्यक्तिले कार्यपत्र वापत रु.१००० र कक्षा सञ्चालन वापत रु.४०० र सहायक स्तरीय तालिममा तालिमका स्रोत व्यक्तिले कार्यपत्र वापत रु.७०० र कक्षा सञ्चालन वापत रु.६०० पाउने व्यवस्था छ । साथै सम्बन्धित कार्यालयले सञ्चालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने व्यवस्था उल्लेख छ । नमूना छनोटको आधारमा परीक्षण गर्दा कार्यालयले निम्न कार्यक्रममा प्रशिक्षकलाई निम्नानुसारको बढी प्रशिक्षक भत्ता भुक्तानी गरेकाले असुल गर्नुपर्ने रु.

| गो. भौ. नं. र मिति | कार्यक्रम | भुक्तानी पाउनेको नाम | जम्मा सेसन | भुक्तानी भएको दर | भुक्तानी हुनुपर्ने दर | बढी दर | असुल हुनुपर्ने १५% कर बाहेक |
|---|---|---|---|---|---|---|---|
| २४५- | वन वातावरणीय | राम गणेश | २ | ३५०० | १४०० | २१०० | ३५७० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ०८०/०३/१८ | तथा सामाजिक सुरक्षा सम्बन्धी अभिमुखिकरण | शाह | | | | | |
| | | आशिष मल्ल | १ | २००० | ७०० | १३०० | ११०५ |
| १८६-०८०/०३/१ | जनप्रतिनिधिहरुको क्षमता विकास तालिम | राम गणेश शाह | १ | २८०० | १४०० | १४०० | ११९० |
| | | आशिष मल्ल | १ | २००० | ७०० | १३०० | ११०५ |
| जम्मा | | | | | | | ६९७० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,९७० |

३२ **विज्ञापन वोर्ड कोष खाता कट्टी –** विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ (पहिलो संशोधन समेत) को नियम ६कको उपनियम (२) मा सरकारी निकाय वा कार्यालयले सूचना तथा विज्ञापनको रकम भुक्तानी गर्दा सिधै सञ्चार माध्यम मार्फत कारोबार भएको सञ्चार माध्यमले जारी गरेको विल बमोजिम तथा विज्ञापन एजेन्सी मार्फत विज्ञापन गरेको भए सञ्चार माध्यमले जारी गरेको विलको प्रतिलिपि सहित एजेन्सीको सेवा शुल्क खुल्ने विलको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । साथै विज्ञापन वापतको रकमको भुक्तानी गर्दा विज्ञापन (नियमन गर्ने) ऐन,२०७६ को दफा २१ को उपदफा २ख र विज्ञापन (नियमन गर्ने) नियमावली, २०७७ को नियम ६क को उपदफा ३ र ४ बमोजिम ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाउने व्यवस्था भएकोमा पालिकाले विभिन्न कार्यका लागि सूचना तथा विज्ञापन पत्रिका तथा सञ्चार माध्यम मार्फत प्रेशित गरी खर्च जनाएकोमा ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा पठाएको देखिएन । पालिकाले आफ्नो स्वामित्वमा एफ एम संचालन गरे पनि यस वर्ष पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशनका लागि रु.२२ लाख विनियोजन गरी रु.२१९९८८३.०० तथा पूंजिगत तर्फ निर्माण तथा खरिद कार्यको कन्टिन्जेन्सीबाट समेत सूचना प्रकाशनमा खर्च गरेकोमा उपरोक्त नियम अनुसार ३ प्रतिशत रकम कट्टा गरी विज्ञापन बोर्डको कोष खातामा जम्मा गर्नु पर्दछ ।

३३ **कृषि तथा पशु कार्यक्रम**

३३.१ कार्यक्रम मापदण्ड -कुनै पनि कार्यक्रम गर्दा निश्चित मापदण्ड तथा कार्यविधि बनाई गर्नुपर्दछ। पालिकाले कृषि तथा पशु तर्फ विभिन्न कार्यक्रम तथा विउ विजन वितरण गर्दा कार्यविधि तथा मापदण्ड बनाएको नदेखिएकोले वितरणमा सबै सरोकारवाला तथा लाभग्राहीहरुको पहुँच र एकरुपता कायम भएको देखिएन । कृषि तथा पशु तर्फ निम्न बमोजिम सामाग्री रु.५७६८६१९ वितरण गरेको छ । यस सम्बन्धमा देखिएको थप व्यहोरा निम्न अनुसार छ ।

| भौ नं मिति | विवरण | रकम |
|---|---|---|
| १५१।७।२८ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण १४४.५ क्वीनटल | ३८६६८२ |
| ३।७।२८ | ५० प्रतिशत अनुदानमा आलुको विउ वितरण १९३. क्वीनटल | ५००००० |

| | | |
|---|---|---|
| ४।९।८। | ५० प्रतिशत अनुदानमा पी बि एस आलुको विउ वितरण | २२८७४० |
| ४।७।२९ | ५० प्रतिशत अनुदानमा मसुरो र तोरीको विउ | १३३२५० |
| ९।९।१९ | ५० प्रतिशत अनुदानमा च्याउको विउ | २५०००० |
| १९।१।१० | १०० प्रतिशत अनुदानमा ६ प्रकारको विषादि वितरण | २३३६७० |
| १४।१२।१५ | ५० प्रतिशत अनुदानमा मैरी घार ६५ थान | ३१०००० |
| १५।१२।१७ | ५० प्रतिशत अनुदानमा तरकारीको विउ | १३५४७५ |
| १६।१२।१७ | १०० प्रतिशत अनुदानमा तरकारीको मिनिकिट | ४१३५०० |
| २६।३।३ | ५० प्रतिशत अनुदानमा उन्नत साँमा धानको विउ वितरण | ७८७२१५ |
| ४०।२।१८ | ५० प्रतिशत अनुदानमा फलपूलके विरुवा वितरण | २४८००० |
| २८।३।३ | ५० प्रतिशत अनुदानमा व्यवसायीक कृषकलाई हाईब्रिड तरकारीको विउ | ६२५७५ |
| १५४।७।२९ | ५० प्रतिशत अनुदानमा गहुँको विउ वितरण २०८० के जी | ७४८८० |
| १६४।७।२९ | ८० प्रतिशत अनुदानमा घाँसको विउ वितरण८६९ पोका | १८७७०४ |
| ५२३।१२।१३ | ८० प्रतिशत अनुदानमा घाँसको विउ वडा नं ८ मा | ४०६०० |
| ७४३।२।३० | १०० प्रतिशत अनुदानमा मकैचरी घाँसको विउ वितरण वडा नं २ | ४२००० |
| २।७।२७ | ८० प्रतिशत अनुदानमा बर्षिम घाँसको विउ वितरण सबै वडामा | ३३०४८० |
| १६।१२।८ | १०० प्रतिशत अनुदानमा मकैचरी घाँसको विउ वडा नं ६ र ८ मा | ६०००० |
| ९।१०।१२ | १०० प्रतिशत अनुदानमा मिनरल ब्लक वितरण | २८४००० |
| १९।१।२९ | १०० प्रतिशत अनुदानमा दुध क्यान वितरण ३ जना सहकारी संस्थालाई | २९८३७९ |
| २५।३।१३ | १०० प्रतिशत अनुदानमा काउ म्याट ५५ थान | ४१२४९९ |
| ४४०।९।१५ | १०० प्रतिशत अनुदानमा तरकारीको विउ वडा नं ५मा | ९८३५० |
| ४५५।११।१६ | ५० प्रतिशत अनुदानमा तरकारीको विउ वितरण वडा नं ४ | ५५१२० |
| ७६४।३।५ | वडा नं ९ मा ६ जनालाई बङगुरको पाठो वितरण | ४८००० |
| ८१६।३।१६ | वडा नं ५ मा द्धन्द्ध पिडितलाई १७ जनालाई बाख्रा वितरण | १४७५०० |
| | **जम्मा** | **५७६८६१९** |

• भरपर्दो तथा सबै लाभग्राहीको पहुँच हुने गरि सूचना प्रकासन नगरेको तथा कृषक छनौट प्रकृया पारदर्शि नभई वडा समितिको निर्णयको आधारमा वितरण भएको देखिएकोले पालिकाले यस तर्फ सुधार गर्नु पर्दछ

• खरिद भएको सामाग्रीहरु प्याकेजिङ्ग गरि खरिद प्रकृया पुर्याएर खरिद गर्नु पर्नेमा सो गरेको देखिएन आगामी

दिनमा यस तर्फ सुधार हुनु पर्दछ।

• वितरणमा एकरुपता कायम गर्नु पर्नेमा सो नगरि कुनै मा ५० प्रतिशत कुनैमा ८० प्रतिशत र निशुल्क वितरण गरेको देखिएकोले निश्चित मापदण्ड तथा कार्यविधि बनाई सोही अनुसार लागत सहभागिता हुने गरि वितरण प्रणाली व्यवस्थापन गर्नु पर्दछ।

• खरिद भएकका बाखा तथा बङगुरको पाठो को विमा, स्वुस्थ्य अवस्थाको प्रमाण पत्र तथा अनुगमन प्रतिबेदन र प्रगति प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनु पर्दछ ।

३३.२ **बाखा वितरण -** पालिकाले शहिद तथा बेपत्ता पिडित परिवारलाई बाखा वितरणकोलागि द्धन्द्धपिडित संजाल उपभोक्ता समितिलाई रु.४८०००० भुक्तानी गरेको छ। उक्त संजालले ३२ परिवारलाई दुई/दुई वटा गरि ६४ बाखा वितरण गरेको छ । उक्त बाखाको जन्म दर्ताको प्रमाण, स्वास्थ्य अवस्था तथा विमा गराएको प्रमाण पत्र राखेको देखिएन । पालिकाबाट अनुगमन प्रतिवेदन समेत श्रेष्तासाथ संलग्न गरेको नदेखिएकोले सोको प्रमाण पेश गर्नु पर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,८०,००० |

३३.३ **आकास्मिक बाली संरक्षण -** बालिनालीमा आकास्मिक रुपले रोगव्याधि तथा किराहरु लागेमा सोको जाँच तथा परिक्षण गरि उपचार सम्बन्धि प्रकृया अपनाउनु पर्दछ। आकास्मिक बाली संरक्षणमा विनियोजन भएको रकमबाट आकास्मिक रोग नलागेको अवस्थामै किसानहरुलाई विषादि खरिद गरि वितरण गरेको छ। यसरी आकास्मिक रुपले रोग नलागेको अवस्थामा बजेट सक्ने उदेश्यले विषादि खरिद गरि वितरण कार्यमा नियन्त्रण कायम गर्नुपर्दछ ।

३४ **जिल्ला समन्वय समितिलाई भुक्तानी -** पालिकाले आफ्नो अधिकार क्षेत्रमाका विकास निर्माणमा खर्च गर्नु पर्नेमा सो नगरि जिल्ला समन्वय समितिलाई स्कार्पियो खरिद गर्नको लागि गो भौ नं मिति ३५५।१०।१७ बाट रु.७०००००।०० भुक्तानी दिएको छ। आफ्नो अधिकारक्षेत्र भन्दा बाहिर खर्च गरेको रकम नियम सम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ७,००,००० |

३५ **प्रशिक्षक भत्ता -**

*........... (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१७८५०।- सम्परीक्षण गरिएको ।)*

३६ **आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोरा**

३६.१ स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ ।साथै आर्थिक कार्याविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ८५ को उपनियम १ मा आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा समावेश भएका व्यहोरा अन्तिम लेखापरीक्षण हुनु अगावै फछ्र्यौट तथा संपरीक्षण गराई पेश गर्नुपर्ने व्यबस्था छ । आ.ले.प. प्रतिवेदनमा समावेश भई हालसम्म

फछ्र्यौट तथा संपरीक्षण नभएका व्यहोरा देहायबमोजिम छन् ।

**आन्तरिक नियन्त्रण -**

• गो भौ च न १७,१९,७६,२२५,३०३,४७५,६२५,६७८,७१३,७९२ लगायतका भौचर बाट विभिन्न समयमा नेफीस ट्रेडस बाट भएको इन्धन बापतको भुक्तानी गर्दा कार्यालयले दिने खरिद आदेश बापत दिइने इन्धन कुपन अनुसार विल भुक्तानी हुनुपर्नेमा इन्धन कुपन लगबुक र भुक्तानी विल अनुसारको परिमाण सँग मेलखाने गरी कागजात पेश गर्नुपर्ने साथै हुन सक्ने जोखिमको नियन्त्रण मा कार्यालयको ध्यान दिनुपर्दछ ।

• गो भौ च न १३४ मिति २०७९/७/२४ विविध खर्च शिर्षक बाट विभिन्न समयमा भएको स्टाफ मिटिङ्ग/ कार्यक्रम अतिथि सत्कारको नाममा भएको खर्चको भुक्तानी गर्न भनी गापा अध्यक्षको तोक आदेश अनुसार भुक्तानी विल न ०६५ मिति २०७९/०७/२१ सुनगाभा रेष्टुरेन्ट एण्ड पार्टी प्यालेसको नाममा भ्याट सहित रु.१३९९४५ भुक्तानी भएको देखिएको सो खर्च पुष्टयाइ गर्ने उपस्थीति तथा गरेको निर्णय पेश नभइ स्टिमेट विल अनुसार भुक्तानी भएको देखिएकोले सो सन्दर्भमा कार्यालयले खर्चमा मितव्ययीता प्रभावकारीताका विषयमा ध्यान दिइ विल अनुसारको उपस्थिति बनाइ खर्चको पुष्टयाइ गर्न कार्यालको ध्यान जानुपर्दछ ।

३६.२ गा.पा चालुः गो. भौ.च न. १२ मिति २०७९।६।९ बाट सवारी साधन सवारी साधन मर्मत खर्च भुक्तानी रु.२९१०४ ganapur Auto works pvt. Ltd लाई भएकोमा विल अनुसार १९१०४ भुक्तानी हुनुपर्नेमा कृष्ण बहादुर क्षेत्रीलाइ रु.२९१०४ भुक्तानी भएको देखिएको ले बढी भुक्तानी भएको रकम रु.१०००० असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

३६.३ **मू.अ.कर समायोजन** - गा पा पुजिगतः गो भौ च न ६ मिति २०७९/६/१३ विजक न १ मिति २०७९/६/१३ रोयल बल्याक बक जय वागेश्वरी जे भि लाइ भुक्तानी दिएको भ्याट लाग्ने रकम रु.३४५१२९४.६८ को १३ प्रतिशतले रु.४४८६६८.३१ भ्याट रकम थप भएको र भ्याट रकमको ३० प्रतिशत अग्रिम करकट्टी गर्दा रु.१३४६००.४९ कट्टी हुनुपर्नेमा रु.५८३२७ मात्र कट्टा गरेकोले अपुग रकम रु.७६२७३.४९ भ्याट समायोजन गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७६,२७३ |

३६.४ **करकट्टी -** गो भौ च नः ९ मिति २०७९/६/१४ बढैयाताल पूर्वाधार विकास ओम सत्य साइ कन्स्ट्रक्सन प्रा लि भरतपुर BTRM/NCB/WORKS/C/०१/०७८/०७९ लागत अनुमान ७०१८४८०९.०३ कबोल अंक ३८१३८५५२.५३ भ्याट लाग्ने रकम १२६३३३४५.३३ भ्याट रकम १३ प्रतिशतले हुने रकम १६४२३३४.८ अग्रिम करकट्टी गर्नुपर्ने रकम ३० प्रतिशत रु.४९२७००। हुनुपर्नेमा विल अनुसार करकट्टी गरिएको रु.२१३५०४ मात्र कट्टा गरिएको र करकट्टी गर्न बाँकी रकम रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,७९,१९६ |

३६.५ **मू.अ.कर कट्टी -** गो भौ च.न.२५ मिति २०७९/०९/०७ बढैयाताल गाउँपालिका प्रशासकिय भवन निर्माण BTRM/NCB/WORKS/C/०३/०७७/०७८ रोयल ब्ल्याक बक जय बागेश्वरी जे भि निर्माण कम्पनीलाइ विजक न ३ मा भ्याट लाग्ने रकम रु.३७६०१११.९१ को भ्याट रकम रु.४८८८१४.५ को ३० प्रतिशत रु.१४६६४४.३५ कट्टि गरी भुक्तानी दिनुपर्नेमा रु.६३७३४ मात्र कट्टी गरीएकोले रु.८२९१०.३५ अपुग भ्याट

कट्टी गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ८२,९१० |

३७ **वितरणमुखी कार्यक्रम -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४(२) मा योजना तर्जुमाको आधार तय गरेको छ । कार्यक्रम तर्जुमा गर्दा सोही आधारलाई मध्यनजर गरी कार्यक्रम छनौट र कार्यान्वयन गर्नुपर्नेमा सो विपरित व्यक्ति तथा संस्थालाई फाईदा पुग्ने गरी सामग्री खरिद गरी वितरण गरेको छ । विपन्न तथा लक्षित बर्गलाई फाईदा पुग्ने, समूहमा आधारित कार्यक्रम तथा न्यून आय वर्गका लागि दिगो रोजगारी सिर्जना गर्न सक्ने कार्यक्रममा अनुदान प्रदान गर्दा समूहको सिफारीस व्यक्तिको खरिद गर्न सक्ने क्षमताको मूल्याँकन, वितरित सामानको दिगो उपयोग तथा दिगो आयआर्जनको उपयुक्त व्यवस्था मिलाएर मात्र अनुदान वितरण गरिनु पर्दछ । यस सम्बन्धि केही उदाहरण निम्नानुसार छन्।

| भौ नं मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३१६।१०।११ | ज्येष्ठ नागरिकलाई ब्लाङकेट मोजा टोपी तन्ना वितरण | २६ जनालाई | १८२४९५ |
| ३५०।१०।१६ | दलितहरुलाई रासन वितरण | वडा नं ६ मा ४१ जनालाई | ९९९१७ |
| ३६२।१०।१८ | खेलकुद सामाग्री वितरण | लालिगुरास स्पोर्ट कल्ब सितापुर | ५०००० |
| ३७०।१०।२५ | ज्येष्ठ नागरिकलाई कमबल वितरण तथा सम्मान कार्यक्रम | १२० जना | ९९००० |
| ३७३।१०।२६ | खेलकुद सामाग्री वितरण | वडा नं ९ मुनाल यूनाईटेड युवा कल्ब | ९९००० |
| ३७५।१०।२६ | ज्येष्ठ नागरिकलाई कमबल जुता मोजा वितरण कार्यक्रम | वडा नं ६ मा ६० जनालाई | ९९८७१ |
| | बालबालिकालाई शैक्षिक सामाग्री | वडा नं ६ मा ४१ जनालाई | १४९८३८ |
| ३८५ | बालबालिकालाई शैक्षिक सामाग्री | वडा नं ६ मा ४१ जनालाई | ९९००० |
| ३७६।१०।२६ | ज्येष्ठ नागरिकलाई कमबल दलितलाई पञ्चेबाजा | वडा नं ८ मा | ३४८९२१ |
| ५६५।१२।२२ | मगरजातीको पोषाक तथा बाजा वितरण | वडा नं ८ मा | ५०००० |
| ५६६।१२।२२ | गुरुङ्गजातीको पोषाक तथा बाजा वितरण | वडा नं ८ मा | ५०००० |
| ३९२।१०।२९ | खेलकुद सामाग्री वितरण | वडा नं ७ मा कालिका यूवा कल्ब | ९७६५४ |
| ३९२।१०।२९ | खेलकुद सामाग्री वितरण | बढैयाताल यूवा संजाल वडा नं ५ | ९९१४६ |
| ३९२।१०।२९ | खेलकुद सामाग्री वितरण | कोपीला यूवा संजाल वडा नं ४ | १४८७९८ |
| ८६५।३।२१ | आपाङ्गहरुलाई सहायक सामाग्री | वडा नं ४ मा २८ जनालाई | १५०००० |

| | | | |
|---|---|---|---|
| ३९४।१०।२९ | ज्येष्ठ नागरिकलाई ब्लाङकेट वितरण | वडा नं ७ मा ५० जनालाई | ९५००० |
| ६६२।१।२७ | आपाङ्गहरुलाई सामाग्री वितरण | वडा नं ७ मा २९ जनालाई | ९९१३० |
| ४३६।११।१५ | ज्येष्ठ नागरिकलाई ब्लाङकेट वितरण | वडा नं ६ मा ६५ जनालाई | ७०००० |
| ४५४।११।१६ | चेतना वि समुहलाई पोषाक वितरण | वडा नं ३ | ६९१४२ |
| ४९२।१२।३ | चेतना वि समुहलाई पोषाक वितरण | वडा नं ३ | ३०४८२ |
| ८६८।३।२२ | आपाङ्गहरुलाई सहायक सामाग्री | विभिन्न १७ जना वडा नं ६ | १३६००० |
| ५०३।१२।७ | वडा नं ४ मा बालबालिबालाई ड्रेस ब्याग जुता मोजा | २९ जनालाई | १५०००० |
| ५०५।१२।७ | खेलकुद सामाग्री वितरण | मयूर यूवा कल्ब | ९७२४७ |
| ५०७।१२।७ | खेलकुद सामाग्री वितरण | माछापुच्छ्रे यूवा कल्ब वडा नं ३ | १४९२२७ |
| ७५२।३।३ | आपाङ्गहरुलाई ह्विलचेयर वितरण | वडा नं ३ मा ५ जनालाई | ४७५०० |
| ५३६।१२।१७ | खेलकुद सामाग्री वितरण | वडा नं ६ मा शान्ति युवा कल्ब | ३१९०० |
| ५३८।१२।१९ | ५ बाजा | वडा नं ५ मा एस टी के समुह | ३०००० |
| ६३५।१।१७ | जेष्ठ नागरिकलाई झुल वितरण | वडा नं ४ मा | १८८२६२ |

३८ **कार्यसम्पन्न प्रतिवेदन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७ मा सार्वजनिक निकायले निर्माण कार्यको विल भुक्तानी गर्दा प्राविधिकले तयार गरेको नापि कितावको आधारमा तयार गरेको कार्यस्वीकार प्रतिवेदनको आधारमा रकम भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्न गो भौ नं मिति बाट सडक बत्ति तथा स्ट्रिटलाईट खरिद गरि टोल विकास संस्थाहरुलाई वितरण गरेको छ । उक्त कार्य सम्पन्न भए नभएको अनुगमन प्रतिवेदन पेश गरेको छैन । साथै लागत अनुमान स्वीकृत, स्पिसफिकेसनको प्रविधिक नाप जाँच गरि कार्य सम्पन्न प्रतिवेदन बेगर रकम भुक्तानी गरेको हुदा उक्त कार्यको कार्य स्वीकार प्रतिवेदन पेश हुनुपर्ने रु

| भौ नं मिति | विवरण | रकम रु. |
|---|---|---|
| ८१४।३।१६ | वडा नं ४ र ५ मा सडक बत्ति जडानकोलागि ९ स्ट्रिट लाईट, ४ स्टेबलाईजर सेट, ईनभटर १, बट्री २, सोकेट २१, मल्टी पल्ग, १५ led १५ पीस बल्ब | ३०४४५४ |
| ४१२।११।८ | वडा नं ८ मा सडक बत्ति जडान तार ३७ रोल, १५वाट led बल्ब १३५ पीस, होलडर १३५ थान, बेड स्वीच १३५ थान, अलमुनियम होलडर १३५ थान र टेप १५ पीस | १९२५०० |
| | **जम्मा** | **४९६९५४** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,९६,९५४ |

३९ **अध्यक्ष कप फूटबल -** सार्वजनिक खरिद नियमावली, २०६४ मा १ लाख भन्दा माथिको खरिद कार्य वा परामर्श

सेवा लागत अनुमान स्वीकृत गराई कम्तिमा ३ वटा फर्मसंग प्रस्तावमाग गरि सब भन्दा घटी कबोल गर्ने फर्मसंग खरिद गर्नुपर्ने उल्लेख छ। पालिकाले अध्यक्ष फूटबल खेलकुद प्रतियोगिता संचालनकोलागि लागत अनुमान बनाई ३ वटा फर्मसंग प्रस्ताव माग नगरि सिधै कालिका समुदायीक पुस्तकालयसंग मिति २०७९।१२।३ मा सम्झौता गरि रु.५००००० भुक्तानी दिएको छ। यसरी खरिद विधि प्रकृयाको पालना नगरेको नियम सम्मत देखिएन रु.

| | |
|---|---|
| अनियमित भएको | ५,००,००० |

४० **छोरी हुर्काउ आमा बचाउ कार्यक्रम -** छोरी हुर्काउ आमा बचाउ कार्यक्रम संचालन मापदण्ड, २०७९ मा पालिका भित्र जन्मिने छोरीहरुको खाता खोली रु.१००० जम्मा गरिदिने र उक्त रकम १६ बर्ष पछि मात्र झिक्न पाउने व्यस्था रहेको छ। पुन सोही मितिमा छोरी हुर्काउ आमा बचाउ उपाध्यक्ष कार्यक्रम संचालन मापदण्ड २०७९ प्रमाणीकरण भएको देखिन्छ जस अनुसार प्रति छोरी २५०० जम्मा गर्नु पर्ने उल्लेख छ। सोही व्यवस्था अनुसार यस वर्ष पालिकाले १३५ जना छोरीको खातामा रु.३७५५०० जम्मा गरेको छ। एकै मितिमा २ वटा कार्यविधि प्रमाणिकरण भएको ले कुन लागु हुने सम्बन्धमा एकिन गर्नुपर्दछ ।

४१ **प्राविधिक धारतर्फको विद्यालयलाई अनुदान**

४१.१ पालिकाले यस वर्ष प्राविधिक धारतर्फ श्री जय कालिका मा.वि.लाई अनुदान वाप रु.१३५३२९३ उपलब्ध गराएकोमा निम्न व्यहोरा देखिएका छन् ।

**कार्यसम्पन्न प्रतिवेदन पेश नभएको -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । विद्यालयले विज्ञान तथा कृषि प्रयोगशाला निर्माण र ICT कोठा व्यवस्थापनका लागि रु.२७९०३१ खर्च गरेको विवरण पेश गरेकोमा उक्त निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने गरी तोकिए बमोजिम प्राविधिक मुल्याङ्कन नापी किताब पेश गर्नुपर्ने रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७९,०३१ |

४१.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (४) अनुसार सार्वजनिक निकायले एक लाख रुपैयाँभन्दा बढी रकमको सोझै खरिद गर्दा मौजुदा सूचीमा रहेका कम्तीमा तीनवटा आपुर्तिकर्ता वा सेवाप्रदायकबाट लिखित रुपमा प्रस्ताव माग गरी खरिद गर्नु पर्ने व्यवस्था छ । विद्यालयले ICT सामाग्री तथा पुस्तक खरिद वापत रु.४५१९१७ भुक्तानी गरेकमा कोटेशन विना खरिद गरेको देखियो । प्रस्ताव माग नगरी सोझै खरिद गर्ने कार्य नियम सम्मत देखिएन । साथै ICT सामाग्री तथा पुस्तक खरिद गरी विद्यालयमा दाखिला गरेको प्रमाण समेत पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने तथा नियमित गर्नुपर्ने रु.

| | |
|---|---|
| अनियमित भएको | ४,५१,९१७ |

४१.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले

विद्याललाई उपलब्ध गराउको अनुदान मध्ये रु.२९९८१ को विल भरपाई तथा आवश्यक कागजात संलग्न भएको नदेखिएको आवश्यक प्रमाण कागजात पेश गर्नुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २९,९८१ |

४२ **शिक्षा तर्फ -** यस सम्बन्धमा देखिएका व्यहोराहरु देहायबमोजिम छन् :

४२.१ **शैक्षिक गुणस्तर अभिवृद्धि, नियमन एवं पूर्वाधार व्यवस्थापन-**

**(क) सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सोको एक प्रति प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा पठाउने र सोको कार्यान्यन गरी विद्यालयमा शैक्षिक गुणस्तर सुधार गर्ने व्यवस्था छ । यस पालिकाले विद्यालयको शैक्षिक गुणस्तर बारे मापदण्ड निर्धारण गरी अनुगमन गरेको प्रतिवेदन नदेखिएकोले आफ्नो पालिका क्षेत्रभित्रका विद्यालयहरूको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिन मापदण्ड निर्धारण गरी नियमित अनुगमन गर्नुपर्दछ ।

**(ख) विद्यालयको अनुगमन नियमन व्यवस्था -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा विद्यालय शिक्षालाई गुणस्तरयुक्त बनाउन स्थानीय तहबाटै नियमित अनुगमन, निरीक्षण र सुपरिवेक्षण गरी सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन गरी अनुगमन मुल्यांकन प्रतिवेदन सार्वजनिक गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गरेको छैन । यस सम्बन्धी निम्नानुसार व्यहोरा रहेका छन् ।

- सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तरको मापन मापदण्ड बनाएको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- अनुगमन मूल्याङ्कन प्रतिवेदन तयार गरेको छैन ।
- प्रतिवेदन सार्वजनिक गरेको छैन ।

तसर्थ, पालिकाले सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर मापन मापदण्ड तयार गरी अनुमगन मुल्याङ्कन प्रतिवेदन तयार गर्नु पर्दछ ।

**(ग) निजी विद्यालय व्यवस्थापन -** राष्ट्रिय शिक्षा नीति, २०७६ मा संघीय सरकारले तर्जुमा गरेको मापदण्ड र कार्यविधिका आधारमा निजी लगानीका विद्यालयहरुको स्थानीय सरकारबाट प्रभावकारी नियमन गरी पाठ्यक्रम तथा पाठ्यपुस्तक, शिक्षकको सेवा शर्त तथा सुविधा, शुल्कको सीमाको पालना, आर्थिक कारोबारमा पारदर्शिता र भौतिक पूर्वाधारहरुको स्थिति समेत एकिन गर्न निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन । यस सम्बन्धी थप व्यहोरा निम्नानुसार रहेका छन् ।

- निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन ।
- मापदण्ड बमोजिम अनुगमन गरेको छैन ।
- निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छैन ।
- शुल्क निर्धारण र त्यसको कार्यान्वयनको अनुगमन गरेको छैन ।
- अनुगमन प्रतिवेदन सार्वजनिक गरेको छैन आदि ।

अतः पालिकाले विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरी निजी विद्यालयहरुको अनुगमन गर्नुपर्दछ।

**(घ) विद्यालयको भौतिक पूर्वाधार व्यवस्था - पा**लिकाले बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरी तयार गर्नुपर्ने, स्वीकृत कार्यक्रम र सम्झौता अनुसार अनुदान उपलब्ध गराउनु पर्ने र अनुदान निकासा अनुरुप नै पूर्वाधार निर्माण भए नभएको एकिन गर्नुपर्नेमा बिद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रम स्वीकृत गरेको छैन । कार्यक्रम स्वीकृत गरी सम्झौता गराई अनुदान उपलब्ध गराउने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

**(ङ) बिद्यालयहरुको लेखापरीक्षण -** पालिका मातहतका विद्यालयले तोकिएको समयमा लेखापरीक्षण गर्नु गराउनु पर्ने व्यबस्था छ । पालिका अन्तर्गत ९३ सामुदायिक विद्यालयहरु रहेकोमा आ.व. २०७९।८० को अन्तिम लेखापरीक्षण अवधिसम्म सबै लेखापरीक्षण नगराएको बिबरण प्राप्त भएको छ । अतः कार्यालयबाट अनुदान जाने सम्पूर्ण बिद्यालयहरुको समयमै लेखापरीक्षण प्रतिवेदन प्राप्त गरी पालिकाले दिएको निकाशा र अनुदान समेत समावेश गरी विद्यालयले वित्तीय विवरण तयार गरे नगरेको एकिन गर्नुपर्दछ।

**(च) अनुगमन -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा पालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत प्रारम्भिक बाल विकास, आधारभुत तथा माध्यमिक शिक्षा अनौपचारिक शिक्षा, खुला तथा वौकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा सम्बन्धि नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन तथा सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको वजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा, अनुशासन कायम गर्ने अनुगमन र नियमन गर्ने सम्बन्धि व्यवस्था गरेको छ । पालिकाले विद्यालयको अनुगमन सम्बन्धि निश्चित मापदण्ड निर्धारण गरी सोहि अनुरुप आफु मातहत सञ्चालनमा रहेका बाल विकास केन्द्र, धार्मिक तथा परम्परागत विद्यालय आधारभुत तह र माध्यमिक तहका विद्यालयहरुको प्रभावकारी अनुगमन तथा सुपरिवेक्षण गरी त्यसको प्रतिवेदन व्यवस्थित गरी राखेको देखिएन। यस सम्बन्धमा शिक्षा शाखा संग छलफल गर्दा जनशक्तिको अभावमा सबै विद्यालयहरुको समानुपातिक ढंगले अनुगमन गर्न नसकेता पनि समिति बनाई आलोपालो रुपमा अनुगमन तथा सुपरिवेक्षणको प्रयास भईरहेको जनाएको छ । पालिकाले अनुगमन सम्बन्धि निश्चित मापदण्ड तयार गरी आफ्नो अधिकार क्षेत्रभित्र पर्ने शिक्षण संस्थाहरुको शिक्षण सिकाइ प्रभावकारी तथा शैक्षिक गुणस्तर बृद्धि गर्न नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्थापन गर्नु पर्दछ ।

४२.२ **निःशुल्क पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा सामुदायिक विद्यालयका विद्यार्थीहरुको लागि निःशुल्क पाठ्यपुस्तक अनुदान वितरण गर्ने व्यवस्था छ । पालिकाले IEMIS विवरणको आधारमा पालिकाभित्र संचालनमा रहेका ४० सार्वजनिक विद्यालयलाई निःशुल्क पाठ्यपुस्तको लागि रु. ६३६८१७२ अनुदान निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

• विद्यालयहरुले विद्यार्थीहरुलाई पुस्तक वितरण गरेको भरपाईहरुमा अभिभावकको नाम र सम्पर्क मोबाइल नम्बर उल्लेख गर्ने नगरेकोले पालिकाको आन्तरिक नियन्त्रण देखिएन ।

• निःशुल्क पाठ्यपुस्तक वितरण कार्यको पालिकाले अनुगमन गर्ने तथा अनुगमन प्रतिवेदन तयार गर्ने गरेको देखिएन ।

• पाठ्यपुस्तकको नाम उल्लेख नगरी १ सेट मात्र भनी उल्लेख गरेकोले कुन-कुन पाठ्यपुस्तक बुझेको भनी एकिन हुन सक्ने अवस्था देखिएन ।

अतः पालिकाले उल्लेखित कुराहरुमा ध्यान दिई आन्तरिक नियन्त्रण प्रणाली बलियो बनाउनुपर्दछ ।

पालिका भित्रका विद्यालयहरुको नमूना छनौट गरी विद्यार्थीहरुको हाजिरी अभिलेख र पाठ्यपुस्तक बुझेको भरपाई परीक्षण गरेकोमा देहायका विद्यालयहरुले वास्तविक विद्यार्थी संख्या भन्दा बढी विद्यार्थी भरपाई पेश गरको देखिएकोले वास्तविक विद्यार्थी भन्दा बढी निकाासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला

हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिकाले आफै एकिन गरी असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रु. | वितरण रु. | निकासा फिर्ता रु. |
|---|---|---|---|
| जगदम्बिका मा.वि. जमुनी | १९३५७२ | १८७६०९ | ५९६३ |
| दीपज्योती मा.वि. जमुनी | ३६०४०२ | ३५४३४८ | ६०५४ |
| जनप्रियमा.वि. शिवशक्तिपुर | २९१३४७ | २६९४९६ | २१८५१ |
| अमरज्योतीमा.वि. सीतापुर | ४२०३०२ | ३९००५७ | ३०२४५ |
| भवानीमा.वि. सेमरा | ३१५०२३ | ३०४०३९ | १०९८४ |
| भवानीप्रा.वि. भवानीपुर | ४७९४० | ४५०२० | २९२० |
| जनजागृतीप्रा.वि. फुलबारी | ७७२३३ | ७४४०५ | २८२८ |
| सरस्वतीमा.वि. जगतिया | ३५२४६० | ३४५६०७ | ६८५३ |
| ने.रा.इ.भु.मा.वि.बढैयाताल | २२३५२१ | १९६८०७ | २६७१४ |
| शारदामा.वि. मैनापोखरा | ३०१२०८ | २९१८३० | ९३७८ |
| सर्वोदयप्रा.वि. मैनापोखरा | २५८२९ | २२२९१ | ३५३८ |
| युवकआ.वि. बकोटिया | ८७९७२ | ८२३६२ | ५६१० |
| ने.रा.मा.वि.पडरिया | २६३२८४ | २५९३२६ | ३९५८ |
| शितलाम .नमुना मा.वि. सितलाबजार | ४३५२१ | ३९७९५ | ३७२६ |
| मुयरनै.रा.मा.वि. मयुरबस्ती | ५२८८७ | ४८३४१ | ४५४६ |
| विद्याज्योतीमा.वि. कण्ठपुर | ३८२१५४ | ३३९१२४ | ४३०३० |
| पशुपतिआ.वि. पशुपतिबजार | २६०६६ | २२०४४ | ४०२२ |
| जम्मा | | | **१९२२२०** |

***बागेश्वरी आ.वि.जमुनीको रु.१,७१६, सरस्वतीने.रा.मा.वि.सोरहवाको रु.२,३२०, ज्ञानज्योतीमा.वि. छत्रनगरको रु. १२,५०८ र शिवशक्तिप्रा.वि. टेशनपुरको रु.१,११२ (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु.१७६५६।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,९२,२२० |

४२.३ **छात्रवृत्ती -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रवष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृति अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ र वितरण पश्चात छात्रवृत्ति बुझाएको भरपाई पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले IEMIS मा प्रविष्टि भएको तथ्याङ्कको आधारमा २८ वटा विद्यलायलाई रु.२१०६००० निकासा

गरेको छ । IEMIS मा प्रवष्टि भएको संख्यालाई सत्यापन नगरी अनुदान निकासा गरेको नियमसंगत देखिदैन । अतः पालिकाले सत्यापन पश्चात निकासा दिने र सोको अनुगमन गर्नुपर्दछ ।

पालिका भित्रका विद्यालयहरुको नमूना छनौट गरी छात्रवृत्ति वितरणको श्रेस्ता परीक्षण गरेकोमा देहायका विद्यालयलाई निकाशा गरिएको रकम भन्दा कम रकम खर्च भएको देखिएकोले तकिएको भन्दा बढी निकाासा भएको रकम असूल गरी सम्बन्धीत राजस्व खातामा दाखिला हुनुपर्दछ । साथै अन्य विद्यालयमा समेत यस्तै हुन सक्ने भएकोले पालिकाले आफै एकिन गरी असुल गर्नुपर्ने रु.

| विद्यालयको नाम | निकासा रु. | खर्च रु. | निकासा फिर्ता रु. |
|---|---|---|---|
| जागृतीप्रा.वि. जमुनी | ३२४०० | ३०००० | २४०० |
| भवानीप्रा.वि. भवानीपुर | २५२०० | १९२०० | ६००० |
| सरस्वतीमा.वि. जगतिया | १००४०० | ९६००० | ४४०० |
| मुक्तकमैया आ.वि. जनतानगर | ५६४०० | ४६०० | ५१८०० |
| जम्मा | | | ६४६०० |

***सरस्वती मा.वि. जमुनीको रु.६,४००, सरस्वती ने रा आ.वि. सोरहवाको रु.१,२००, भवानीमा.वि. सेमराको रु.२२,४००, युवकआ.वि.बकोटियाको रु.७,२००, ने.रा.मा.वि.पडरियाको रु.८,८००, मयुरनै.रा.मा.वि. मयुरवस्तीको रु.२,०००, विद्याज्योतीमा.वि.कण्ठपुरको रु.७,२००, पशुपतिप्रा.वि.पशुपतिबजारको रु.३,६०० र शिवशक्तिप्रा.वि.टेशनपुरको रु.३,६०० (प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८१।१।३ को निर्णयबाट रु.६२४००।- सम्परीक्षण गरिएको ।)***

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६४,६०० |

४२.४ **दिवा खाजा -** कार्याक्रम कार्यान्वयन पुस्तिकामा सामुदियक विद्यालयका प्रारम्भिक बाल विकास देखि कक्षा ६ सम्मका विद्यार्थीलाई दिवा खाजा व्यवस्थापन गर्न आर्थिक वर्षको सुरुमै IEMIS मा समावेश भएका विद्यार्थी संख्यालाई आधार मानेर त्रैमासिक रुपमा अनुदान भुक्तानी गर्ने व्यवस्था छ । जसको लागि स्थानीय तहले प्रधानाध्यापकको बैठकबाट स्थानीय तहभित्रका विद्यायलहरुमा एकरुपता कायम हुने गरी खाजाको मेनु तयार गरी विद्यालयकै कर्मचारी वा अभिभावकबाट वा विद्यालय बाहिरबाट क्यान्टिनको व्यवस्था गरी खाजा खुवाउने व्यवस्था गर्नुपर्ने तथा प्रत्येक त्रैमासिक निकासा गर्दा अगाडि निकासा भएको अनुदानको सदुपयोग भएको सुनिश्चित गर्ने र विद्यालयबाट गरीएको दिवा खाजा कार्यक्रमको स्थानीय तहले निरीक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकामा रहेका ४० वटा सार्वजनिक विद्यालयहरुलाई दिवा खाजा अनुदान रु. १६६२६२६५ निकासा भएकोमा विद्यालयहरुले कार्यान्वयन पुस्तिका अनुसारको खाजाको मेनु तयार गरेको पाइएन ।अतः आगामी दिनमा पुस्तिकाको पालिना गरी दिवा खाजाको व्यवस्थापनको अनुगमन गर्नुपर्दछ ।

कार्यक्रम कार्यान्वयन पुस्तिकाले प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मको विद्यार्थी संख्याको लागि वार्षिक रुपमा १८० दिनको लागि दिवा खाजाको लागि बजेट उपलब्ध गराउने व्यवस्था रहेकोमा पालिकाले उल्लेखित व्यवस्था विपरित विद्यालयहरुलाई १८० दिन भन्दा बढी दिनका लागि दिवा खाजा निकासा गरेको देखिएकोले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेखित व्यवस्था अनुरुप दिवा खाजा रकम निकासा गर्नुपर्दछ ।

४२.५ **अनुदान उपयोग -** पालिकाले यस वर्ष निम्न विद्यालयलाई निम्नानुसारको शीर्षकमा अनुदान उपलब्ध गराएकोमा

निम्न व्यहोरा देखिएका छन् ।

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| विद्यालयमा पुस्ताकालय तथा व्यवस्थापन | जयकालीका मा.वि | ६५०००० |
| | जनप्रिय मा.वि | ६५०००० |
| | प्रगति आ.वि | ६५०००० |
| विद्यालयमा विज्ञान प्रयोगशाला | भवानी मा.वि | ६५०००० |
| | ने.रा.इन्दिरा भुसाल मा.वि | ६५०००० |
| आ.ई.सि.टि अनुदान | जनता आ.वि भदोही | ६५०००० |
| | युवक आ.विबकटिया | ६५०००० |
| उत्कृष्ट सिकाई उपलब्धि अनुदान | जनप्रिय मा.वि | २००००० |
| विशेष कक्षा सञ्चालन आवासीय विद्यालय | भवानी मा.वि | ८३५५२५ |
| प्राविधिक धार तर्फ | जय कालिका मा वि | १३८३२७४ |

**(क) विद्यालय छनौट -** कार्यक्रम कार्यान्वयन पुस्तिकामा अनुदान दिदा विद्यालयको विद्यार्थी संख्या, जेष्ठता, इन्टरनेटको पहुँच, विधुतको नियमित आपूर्ति, पुस्तकालय व्यवस्थापनका लागि कक्षाकोठा लगायतका विषयरुका आधारमा प्राथमिकता तय गरी विधालयहरुको छनौट गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले कार्यक्रमको प्रभावकारिताको मूल्यांकन नगरि विधालयलाई शिक्षण सिकाइमा आइ. सि.टी को प्रयोग, पुस्तकालय, तथा विज्ञान प्रयोगशालाका लागि अनुदान उपलब्ध गराएको छ । अतः पालिकावाट अनुदान उपलब्ध गराउदा तोकिएका पूर्वाधार तथा मापदण्ड बमोजिम प्राथमिकता तय गरी विधालय छनौट गरि कार्यक्रमको प्रभावकारिता मूल्यांकन गरेर मात्र अनुदान उपलब्ध गराउनुपर्दछ ।

**(ख) लागत अनुमान तयार नगरी खरिद कार्य भएको -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले निर्माण कार्य वाहेक एक लाख रुपैयाँभन्दा वढीको कुनै पनि खरिदको लागि तोकिए बमोजिम लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व ऐन, २०७६ को दफा १६ (३) मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्दा अर्थ मन्त्रालय वा तालुक कार्यालयवाट भएको निर्देशन बमोजिम कार्ययोजना तयार गरी वजेट कार्यान्वयन गर्नु/गराउनु पर्ने व्यवस्था रहेको छ । विद्यालयहरुले लागत अनुमान तथा कार्ययोजना तयार नगरी अनुदान खर्च गरेको देखिन्छ । अतः विद्यालयहरुबाट प्रचलित कानूनी व्यवस्थाको पालना गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ग) अनुगमन नभएको -** शिक्षा तथा मानव स्रोत विकास केन्द्रको चं.नं ३१५, मिति २०७९।९।२९ गतेको पत्र बमोजिम विद्यालयमा सूचना प्रविधि प्रयोशाला तथा पुस्तकालय स्थापनाका लागि अनुदान कार्यक्रम अन्तर्गत ICT LAB को कार्यक्रम प्राप्त गर्ने विद्यालयहरुले ICT Lab/ LMS Software को स्पेसिफीकेसन बमोजिम खरिद प्रक्रिया अपनाउनुपर्ने व्यवस्था छ । अनुदान प्राप्त गर्ने विद्यालयले स्फेसिपिकेसन अनुसार खरिद प्रक्रिया अबलम्बन गरे/नगरेको सम्बन्धमा पालिका वाट अनुगमन तथा मूल्यांकन भएको पाईदैन । पालिकावाट समय समयमा अनुगमन मूल्यांकन गरी कार्यक्रमको प्रभावकारी कार्यान्वनमा जोड दिनु पर्दछ ।

**(घ) प्रतिवेदन पेश नभएको -** विद्यालयले स्वीकृत प्रस्ताव अनुसारका क्रियाकलाप सञ्चालन गरी सोको अद्यावधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमा नियमित रुपमा पठाउने गरेको पाईएन । सम्बन्धित विधालयवाट कार्यक्रम सञ्चालन गरी नियमित रुपमा प्रतिवेदन पेश गर्नुपर्दछ ।

**(ङ)** कार्यक्रम कार्यान्वयन पुस्तिकामा अपाङ्गता भएका बालबालिकाहरुको शैक्षिक सहुलियत तथा सुविधाहरुको उपलब्धताको सुनिश्चितता र प्रभावकारीताको विषयमा अनगुगमन र निरीक्षण गर्ने र सुधारका लागि आवश्यक कार्य गर्ने दायित्व र जिम्मेवारी विद्यार्थी लेखाजोखा प्राविधिक समितिको हुने व्यवस्था रहेकोमा पालिकामा विद्यार्थी लेखाजोखा प्राविधिक समिति रहेतापनि अनुगमन गर्ने र प्रतिवेदन गर्ने गरेको नदेखिएकोले सुधार गर्नुपर्दछ ।

४२.६ **सेनेटरी प्याड -** पालिकाले यस वर्ष सामुदायिक विद्यालयका छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड व्यवस्थापन अन्तर्गत देहायबमोजिम खर्च गरेकोमा देखिएका व्यहोरा निम्न छन् ।

| भौ नं | आपूर्तिकर्ता | सामाग्री | परिमाण | रकम रु |
|---|---|---|---|---|
| २९७।२०८०।३।२४ | Angel Touch Hygiene Manufacturing Pvt. Ltd | Pure Ultra Confident Overnight 320 mm 8 pcs | ९११४ प्याकेट रु.११५.९३ का दरले | १०५६५७८ |
| | | Pure Perfect Antibacterial 240 mm 8 pcs | ७५१० प्याकेट रु.९३.८१ का दरले | ७०४४७७ |
| जम्मा | | | | १७६१०५६ |

(क) सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को दफा ४ बमोजिम सेनेटरी प्याडको सुरक्षित किसिमिले भण्डारणको व्यवस्था मिलाउनुपर्ने र सेनेटरी प्याडको गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले गुणस्तरमा असर नपर्ने गरी व्यवस्थापन तथा सुरक्षित भण्डारण गरेको पाईएन । कार्यविधि बमोजिममो व्यवस्थाको पालनामा पालिकाले ध्यान दिनुपर्दछ ।

(ख) दफा ५ बमोजिम विद्यालयहरुले आफ्ना छात्राहरुको संख्याको आधारमा आवश्यक पर्ने सेनेटरी प्याड स्थानीय तहमा माग गरी पठाउनेपर्ने र माग भएको संख्यालाई IEMIS तथ्थांकसँग भिडाई आवश्यक हुने संख्यामा सेनेटरी प्याड उपलब्ध गराउनु पर्नेछ व्यस्था रहेकोमा पालिकाले IEMIS तथ्थांकसँग विद्यार्थी संख्या भिडाई आवश्यक सेनेटरी प्याड उपलब्ध गराएको देखिएन । पालिकाले उल्लेखित व्यवस्थापको परिपालना गर्नुपर्दछ ।

(ग) दफा ५(४) बमोजिम स्थानीय तहले विद्यालयहरुसँग समन्वय गरी विद्यालयको आवश्यकता, बजारमा प्याडको उपलब्धता, प्याड उत्पादन तथा प्रयोग गर्ने मिति, स्थानीय तह तथा विद्यालयहरुमा भण्डारण क्षमता जस्ता पक्षहरुमा ध्यान दिई त्रैमासिक, चौमासिक वा अर्धबार्षिक रुपमा वितरण गर्न सकिने व्यसव्था रहेकोमा पालिकाले २०८० असारमा खरिद गरी एकैपटक विद्यालयलाई वितरण गरेको देखिन्छ । पालिकाले कार्यविधि बमोजिम त्रैमासिक, चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्ने व्यवस्था मिलाउनुपर्छ ।

(घ) दफा दफा ६(५) बमोजिम विद्यालयले छात्राहरुलाई उपलब्ध गराएको स्यानीटरी प्याडको अभिलेख तथा बुझिलिएको भरपाई राख्नुपर्ने व्यवस्था रहेकोमा विद्यालहरुले छात्राहरुलाई वितरण गरेको अभिलेख तथा भरपाई राखेको पाईएन । अतः पालिकाले विद्यालयमा निकासा गरेको सेनेटरी प्याडको खर्च विवरण र मौज्दातको अभिलेख राख्नुपर्दछ ।

४२.७ **कर कट्टी नभएको -** आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था

छ । पालिकाले देहायका । पालिकाले देहायका विद्यालयहरुलाई अनुदान वापत भुक्तानी गरेकोमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल गरी दाखिला हुनुपर्ने रु.

| कार्यक्रम | अनुदान पाउने विद्यालय | करयोग्य रु. | करको प्रकार | कर रकम |
|---|---|---|---|---|
| अपाङ्गता भएका विद्यार्थीलाई छात्रवृत्ति | भवानी मा.वि | ८९६२९३ | अग्रिम कर | १३४४५ |
| | | १३०००० | बहाल कर | १३००० |
| प्राविधिक धारतर्फ विद्यालय अनुदान | जय कालिका मा.वि | ८३५५२५ | अग्रिम कर | १२५३३ |
| जम्मा | | | | ३८९७८ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३८,९७८ |

४२.८ **प्रमाण पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ ।पालिकाले देहायको विद्यालयहरुलाई विभिन्न शीर्षकहरुमा अनुदान रकम उपलब्ध गराएकोमा उक्त रकम खर्च भएको पुष्टि गर्ने आवश्यक सम्पूर्ण प्रमाण कागजातहरु संलग्न नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.

| कार्यक्रम | विद्यालयको नाम | रकम |
|---|---|---|
| उत्कृष्ट सिकाई उपलब्धि अनुदान | जनप्रिय मा.वि | २००००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

४२.९ **तलब बढी निकासा —**

........... *(प्रारम्भिक प्रतिवेदन उपर असुल भई पेश भएको आधारमा मिति २०८०।१२।२७ को निर्णयबाट रु.१६०९७।- सम्परीक्षण गरिएको ।)*

## ४३ कृषि तथा पशु कार्यक्रम

४३.१ **अनुदान तथा वितरणमुखी कार्यक्रम -** पालिकाले आ.व २०७९।८० मा कृषि तथा पशु अन्तर्गतका देहायबमोजिम पकेट विकास तथा अन्य अनुदान लगायतका वितरणमुखी कार्यक्रम सञ्चालन तथा सामाग्री खरिद, वितरण गरेकोमा देखिएका व्यहोरा देहायबमोजिम छन् ।

| कार्यक्रम | अनुदान पाउने | जम्मा खर्च रु |
|---|---|---|
| आ.ब.२०७८/७९ मा स्थापना भएका पकेट विकास कार्यक्रमलाइ निरन्तरता (तरकारीपकेट) | कोमलविउ आलु कृषक बहुमुखी सहकारी संस्था | २७५५०० |
| आ.ब.२०७९/८० मा नयाँ मकै पकेट विकास कार्यक्रम संचालन | श्री शिव शंकर विउ आलु उत्पादक समूह-७ | ५०२५६१ |
| | नारी विकास केन्द्र, | ५४८०३० |
| माछा पकेटविकास कार्यक्रम | कालिकामत्स्य पालन कृषक सहकारी | १०३१४३० |

| | | |
|---|---|---|
| | संस्था लि.बढैयाताल गा.पा. ८ बर्दिया | |
| ५० प्रतिशत अनुदानमा व्यवसायिक कृषकहरुलाई विभिन्न तरकारीकोहाइब्रीड विउ वितरण | विभिन्न वडाका कृषकहरु | १९८०५० |
| ५० प्रतिशत अनुदानमा च्याउको विउ (कन्ये तथा गोब्रे) वितरणढुवानी समेत | विभिन्न वडाका कृषकहरु | २५००० |
| ५० प्रतिशत अनुदानमा मौरी पालनमा प्रयोग हुने विभिन्न सानामेशिनरी औजार वितरण | १५जनाकृषकहरु | ४९२८० |
| आलुको PBS दाना ५० प्रतिशत अनुदानमा वितरण | २१जनाकृषकहरु | २२८७४० |
| विभिन्न फलफूलका विरुवाहरु ५० प्रतिशत अनुदानमा वितरण | विभिन्न वडाका कृषकहरु | २४८००० |
| सहकारी, समूह तथा कृषकहरुलाई आलु विउ वितरण ५० प्रतिशतअनुदानमा | विभिन्न वडाका कृषकहरु | ५००००० |
| १०० प्रतिशत अनुदानमा विपन्न परिवार तथा अन्य कृषकहरुलाइउन्नत तरकारी मिनि किट वितरण | विभिन्न वडाका कृषकहरु | ४१३५० |
| ५० प्रतिशत अनुदानमा विउ वितरण | विभिन्न वडाका कृषकहरु | १३३२५० |
| मौरी घार अनुदान | २२जनाकृषकहरु | २९७०३ |
| मेशिनरी औजार वितरण (कृषि) ५० प्रतिशत अनुदानमा | १०७जनाकृषकहरु | ७५२३०० |
| टेभिज निर्माण | ४ जना कृषक फर्म | ९२४४६ |
| टियोसेन्टी/मकैचरी घांसको बिउ वितरण निशुल्क | ४८० (पशुपालककृषक,समुह,समिति,सहकारी सं.लि.) | ६०००० |
| थुनिलो रोग परिक्षण/उपचार र रोकथामका लागि किट वितरण | ८२ पशुपालककृषक,समुह,समिति,सहकारी सं.लि.) | १००००० |
| दुध क्यान वितरणनिशुल्क | ३ कृषि सहकारी संस्था | २९८३७९ |
| बर्षिम घांसको बिउवितरण ८० प्रतिशत अनुदानमा | २९०१ (पशुपालककृषक,समुह,समिति,सहकारी सं.लि.) | ३३०४८० |
| मिनरल ब्लकटियोसेन्टी वितरण अनुदान निशुल्क | १५२८द(पशुपालककृषक,समुह,समिति,सहकारी सं.लि.) | २८४००० |
| काउमैट खरिद वितरणनिशुल्क | २१ पशुपालन ब्यावसायिकफार्म | ४४२४९९ |

**(क) अनुदानको उपयोग -** सरकारी अनुदान रकमको वितरण, सदुपयोग सही एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकिरण एवं अनुगमन हुनुपर्दछ र सोको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए/नआएको संम्वन्धमा प्रतिवेदन वनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ । अनुगमन प्रभावकारी वनाई दोहोरो (संघ, प्रदेश तथा स्थानीय

तह) परे नपरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ । कार्यालयले वितरण गरेको अनुदानको केहि नमुना परीक्षण गर्दा कृषक तथा कृषक समुहलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप अनुदानको सदुपयोग भएको हो/होईन एकिन गर्न सक्ने गरी अनुगमन मुल्याङ्कन नभएकोले अनुदानको प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन । यसमा कार्यालयले सुधार गर्नुपर्दछ । सो को प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादन तथा उत्पादकत्वमा वृद्धि आए नआएको संवन्धमा प्रतिवेदन बनाउनुपर्दछ । साथै अनुदानमा विउ वितरण गर्दा जग्गाको स्वामीत्व हेरी मात्र वितरण गर्नुपर्दछ ।

**(ख) मूल्य अभिवृद्धि कर दर्ता नभएको फर्म वाट खरिद गरेको-** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रत्येक फर्मले मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को अनुसूची—५ वमोजिमको ढाँचामा सिलसिलेवार नाम सहितको प्रिन्टेड विजक जारी गर्नुपर्ने व्यवस्था छ। कार्यक्रमको खर्च रकम भुक्तानी गर्दा पेश भएको वील भपाई नमूना छनोटको आधारमा परीक्षण गर्दा २० हजार भन्दा कमका वील संकलन गरी पेश गर्ने गरेको पाइयो । मू.अ.कर छल्ने प्रयेजनको लागि विभिन्न टुक्रामा वील जारी गर्ने सप्लार्यलाई जिम्मेवार बनाउनु पर्दछ। २० हजार भन्दा बढीको मू.अ.कर लाग्ने खरिद गर्दा मू.अ.कर वीजक पेश गर्न लगाई कृषक समुहलाई समेत जिम्मेवार बनाउनु पर्दछ ।

**(ग) गुणस्तर परीक्षण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने, निरीक्षण वा परीक्षण गर्ने निकाय, अधिकारी वा समितिले निरीक्षण वा परीक्षण गरी सकेपछि स्वीकृत र अस्वीकृत मालसामानको विवरण उल्लेख गरी निरीक्षण प्रतिवेदन तयार गर्नुपर्ने, त्यस्तो प्रतिवेदनमा जाँच भएको मालसामानको नाम, प्रतिशत, स्पेसिफिकेशन, निरीक्षण वा परीक्षणको परिणाम उल्लेख गर्नुपर्ने व्यवस्था छ ।पालिकाले कृषकले खरिद गरेका कृषि औजारको गुणस्तर परिक्षण गर्ने तथा स्पेसिफिकेशन अनुसार भए नभएको एकिन गर्नुपर्दछ ।

**(घ) अन्य व्यहोराहरु -**

• कार्यक्रमको लागत सहभागिता बाँडफाँड गर्दा पालिकाले व्यहोर्नुपर्ने रकमको बाँडफाँड भई परियोजना प्रस्तावमा मूल्यको प्रतिशतका दरले व्यहोर्ने गरी बाँडफाँड भएको पाइयो । कृषकहरुले व्यहोर्नुपर्ने अंशको नगद दाखिला नगरी विल भरपाई तथा कार्यसम्पन्न प्रतिवेदनमा योगदान देखाइएको छ।

• आवश्यकता पहिचान तथा लक्षित लाभग्राही कृषकहरुको छनौट भए नभएको सम्बन्धमा कार्यालयले सर्भे अध्ययन बिश्लेषण गरेको अभिलेख प्रमाण पेश हुन आएन ।

• प्रधानमन्त्री आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअलमा पकेट कार्यक्रमहरु संचालन गर्दा पकेटको प्रोफाइल तयार गर्नुपर्ने, म्यानुअलले तोके वमोजिमको आधारमा कार्यक्रममा छनौट हुने व्यक्ती, फर्म, संस्थाहरु सम्वन्धित काम गर्ने उद्देश्यले दर्ता भएकालाई मात्र परियोजना प्रस्ताववाट छनौट गर्नुपर्ने समेतको व्यवस्था रहेकोमा सोको पालना भएको देखिएन ।

• कृषि सामाग्रीहरु, पशु खरिद गर्दा प्रतिस्पर्धा वेगर खरिद गरेको देखियो ।

• नया पकेट कार्यक्रममा मापदण्ड अनुसार क्षेत्रफल खुल्ने लालपूर्जा पेश नभएको, समन्वय समित गठन नगरेको, सार्वजनिक सुनुवाई नगरेको र प्रगति प्रतिवेदन तयार नगरेको देखियो ।

• निरन्तरता कार्यक्रममा सार्वजनिक सुनुवाई नगरेको, गतवर्षको उपलव्धीको प्रतिफल पेश नभएको, अधिकांशको पशु विमा नगराएको देखियो।

• अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेको छैन।

• अनुदान कार्यक्रम तोकिएको मापदण्ड अनुसार सञ्चालनमा रहेको देखिँदैन ।
अतः पालिकाले उल्लेखित व्यहोराहरुमा सुधार गर्नुपर्दछ ।

४३.२ **लागत सहभागिता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । पालिकाले गो.भौ.नं. ४।२०८०।३।१९ बाट ५० प्रतिशत अनुदानमा पानी टान्ने मोटर्स कार्यक्रममा न्यू शिव ट्रेडर्स बाट पानी तान्ने मोटर खरिद गरेवापत रु. ९२००१ भुक्तानी गरेकोमा उक्त मोटर कृषकलाई वितरण गर्दा कृषकको ५० प्रतिशत लागत सहभागिता हुनुपर्ने रु. ४६००० नभएकोले कार्यालयलाई थप व्ययभार पारेको नियमसंगत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ४६,००० |

४४ **स्वास्थ्य तर्फ -** पालिकाले यस वर्ष स्वास्थ्य अन्तर्गतका विभिन्न कार्यक्रम सञ्चालन तथा औषधी लगायतका सामाग्री खरिद, वितरण गरेकामा देखिएका व्यहोराहरु देहायबमोजिम छन् ।

४४.१ **औषधी खरिद तथा व्यवस्थापन -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यस वर्ष बोलपत्र मार्फत देहायको औषधि खरिद गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन् ।

| गो.भौ.नं / मिति | विवरण (औषधी/सामाग्री) | आपुर्तिकर्ता | औषधीको विवरण | जम्मा रकम | कै |
|---|---|---|---|---|---|
| १५२/संघियसशर्त/ २०८०/१/२६ | औषधि खरिद | सिर्जना मेडिकल सप्लायर्स | Metronidazole लगायतका १०२ प्रकारका औषधी | ११२६६०० | केही औषधीमा १८ महिना म्याद नरहेको, |
| २६१/ संघियसशर्त /२०८०/३/२ | औषधी खरिद | सुमित मेडिको फर्मा | Amoxycillin लगायतका ४३ औषधी | ६९९८१२ | बिजकमा Expiry Date उल्लेख नभएको |

**आयुर्वेद औषधी**

| गो.भौ.नं / मिति | विवरण (औषधी/सामाग्री) | आपुर्तिकर्ता | कति प्रकार | जम्मा रकम | कै |
|---|---|---|---|---|---|
| १२/संघियसशर्त/ २०७९/७/३ | आयुर्वेद औषधी | फेमिली आयुर्वेद नेपाल | अविपत्तिकर चुर्णलगायतका ३० प्रकारका औषधी | ३४९९६० | बिजकमा Batch No र Expiry Date उल्लेख नभएको |

• खरिद गरेका औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।
• आपूर्ति हुने औषधि WHO सर्टिफाइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी

सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधीको प्याकेटमा निःशुल्क वितरणको लागि भनि खुलाएको प्रमाण समावेश नभएको ।

• आपूर्ति भएका औषधी एंव सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको प्राविधिकबाट जाँच नगरेको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

• औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, पालिका बाट निशुल्क वितरणको लोगो नभएको ।

• औषधिको आवश्यक्ता निर्धारण गर्दा विगतको विरामी संख्या, जिल्ला स्वास्थ्य कार्यालय वा नेपाल सरकारको अन्य कार्यालयबाट प्राप्त हुने औषधि सरकारले निशुल्क वितरण गर्ने भनि घोषणा गरेका औषधि, गैर सरकारी संस्थाबाट प्राप्त हुने भएमा सो समेत यकिन गरी तथ्याङ्कको आधारमा मात्र खरिद गर्नु पर्नेमा तथ्यांङ्क वेगर पटके रुपमा खरिद गर्ने, खरिद गरेका औषधि खरिद गरेको छोटो समय मै खर्च देखाउने, पालिकाद्धारा वा सरकारबाट निशुल्क वितरण गर्ने भनि उल्लेख नगर्ने, औषधिको ब्याच नंबर, म्याद समाप्त हुने मिति नखुलाई खरिद र भुक्तानी गरेकोले यस्तो भुक्तानी पारदर्शि र प्रतिस्पर्धि हुने नसकेको ।

स्टोरमा औषधि भण्डारणको अवस्था तथा मौज्दात हेर्दा खरिद तथा प्राप्त भएअनुसारको औषिध रहेको विश्वस्त हुन सकिने आधार छैन । पालिकाबाट औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको छ । स्वास्थ्य चौकीमा औषधी पुगेपछि केस रजिष्टरको आधारमा औषधी खर्च गरी औषधिको मौज्दात यकिन गर्ने व्यवस्था मिलाउनु पर्दछ । पालिकाबाट औषधी वितरणको अनुगमन समेत गर्नुपर्दछ । तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भए/नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

४४.२ **न्यानो झोला खरिद** - पालिकाले यस वर्ष न्यानो झोला कार्यक्रम अन्तर्गत न्यानो झोला खरिद वापत देहायबमोजिम खर्च गरेकोमा देहायबमोजिम व्यहोरा पाईयो ।

| भौ नं | आपूर्तिकर्ता | परिमाण | रकम रु.(भ्याट समेत) |
|---|---|---|---|
| ५७।०७९।०९।२८ | शिशिर गार्मेन्ट उद्योग | ५५५ थान रु.७९४.६९ का दरले | ४९८३८९ |

(क) स्वास्थ्य कार्यक्रम संचालन मार्गदर्शन अनुसार अस्पतालहरुले सार्वजनिक खरिद ऐन अनुसार तोकिएको Specification अनुसारको न्यानो झोला खरिद गर्नु पर्नेछ । न्यानो झोला आपुर्ति भै सकेपछि अस्पतालले specification अनुसार गुणस्तार भए नभएको एकिन गर्न आधिकारीक तहबाट गुणस्तर चेक जाँच गराई भुक्तानी दिनुपर्नेछ भन्ने व्यवस्था रहेकोमा पालिकाबाट गुणस्तर चेक जाँच भएको पाईएन । तसर्थ पालिकाले चेक जाँच गरी Specification अनुसारको गुणस्तर भए नभएको एकिन गर्नुपर्दछ ।

(ख) कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९ (५) अनुसार सरकारी रकम खर्च गर्दा खर्चलाई पुष्टि गर्ने गर्ने बिल भरपाई तथा आवश्यक प्रमाण सहित खर्च लेख्नु पर्ने ब्यवस्था छ । पालिकाले खरिद गरेको न्यानो झोला मध्ये ७६ थान पालिका र अन्तर्गतका स्वास्थ्य चौकीहरुमा मौज्दात रहेको विवरण पेश गरेकोले सोको खर्च तथा मौज्दातको अभिलेख पेश गर्नुपर्दछ ।

४४.३ **स्वास्थ्य कार्यक्रमहरु -** पालिकाले स्वास्थ्य अन्तर्गत विभिन्न तालिम लगायतका कार्यक्रमहरु सञ्चालन गरेकोमा देखिएका व्यहोराहरु निम्न छन् ।

• पालिकाबाट स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु गरे पछि सम्बन्धित सहभागी, स्वास्थ्य कर्मचारी, प्रशिक्षक र आपूर्तिकर्ताको खातामा भुक्तानी गर्नु पर्नेमा संयोजकलाई समेत सोधभर्ना भुक्तानी हुने गरेकोले वास्तविक खर्च यकिन हुन सक्ने अवस्था नरहेको ।

• कार्यक्रमहरुमा अधिकांश खर्च भ्रमण तथा अनुगमन भत्तामा हुने गरेकोमा सोको लागि नियन्त्रण प्रणाली अपनाएको देखिदैंन ।

• कार्यक्रमहरुको प्रतिवेदनमा सहभागीहरुको फोटो, मिति उल्लेखित ब्यानर नराखेको ।

• कार्यक्रम खर्चमा अधिकांश प्यान विल र भरपाई संलग्न गरेको पाईयो ।

• अधिकांश कार्यक्रमहरुको खर्च तेरिज सहितको प्रगति प्रतिवेदन तयार नगरेको ।

• स्वास्थ्य कार्यालय लगायतका प्रदेश तथा संघीय कार्यालयका सहजकर्ताहरुलाई दैनिक भ्रमण भत्ता उपलब्ध गराएकोमा पालिकाले सम्बन्धित कार्यालयलाई भ्रमण भत्ता उपलब्ध गराएको जानकारी नगराएको दोहोरो भत्ता एकिन हुन नसकेको ।

• पालिकाले उल्लेखित सम्बन्धमा ध्यान दिदै आन्तरिक नियन्त्रण प्रणाली अपनाउनुपर्दछ ।

४५ **भ्याकसिन भण्डारण रेफिरजेटर -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा भुक्तानी दिन रित पुगे नपुगेको जाँच गरी मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । भौ.नं. २९।०८०।२।७ सशर्त पूजिगतर्फ Inj.Oxytocin भण्डारणका लागि पुर्णा गिरी कुलेक्ट्रीक एण्ड इलेक्ट्रोनिक वर्कशप बाट रु.३९००००।०० मा Godrej GVR 75 Lite ILR Refrigerator सोझै खरिद गरेको पाईयो । उक्त सामानको आधिकारिक विक्रेता र वारेन्टी सम्बन्धमा समेत उल्लेख गरेको पाईएन । पालिकाले खरिद कार्य गर्दा बजार दर, अनलाईन वेबसाईटमा भएको छुट सहितको दर तथा आधिकारिक विक्रेताहरुसंगको दर लिएर मितव्ययी रुपले लागत अनुमान बनाई सोही अनुसारको रकममा प्रतिस्पर्धा गराई खरिद कार्य मितव्ययी रुपमा गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

पालिकाले मितव्ययियता कायम हुने गरी प्रतिस्पर्धात्मक रुपले खरिद गर्नुपर्दछ ।

४६ **सवारी साधन -** लुम्बिनी प्रदेश सरकारको आर्थिक वर्ष २०७९।८० को बजेट कार्यान्वयन सम्बन्धि मार्गदर्शनको बुँदा नं. १० मा सवारी साधन खरिद गर्न नपाइने र खरिद गर्नु परेमा अर्थ मन्त्रालयको सहमति लिई मात्र खरिद गर्न सकिने उल्लेख छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यस कार्यालयले आ.व.२०७९।८० मा समृद्धिका लागि वन संघिय कार्यक्रमबाट १ थान र रोजगार संघ कार्यक्रमबाट १ थान दुई पांग्रे सवारि साधन रु.२८३०००।०० मा खरिद गरेको छ । साथै कार्यालयले कन्टिन्जेन्सीबाट समेत देहायबमोजिम मोटरसाईकल खरिद गरेकोले अर्थ मन्त्रालयको सहमति लिई मात्र खरिद गर्नुपर्दछ । यस तर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

४७ **फर्निचर खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा—टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४(१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५ मा रु. १० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न

सकिने व्यवस्था रहेको छ भने नियम ८५(१ख) मा एक आर्थिक बर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले आर्थिक वर्षको शुरुवात मै खरिद नियमावली अनुसार खरिद योजना बनाई एउटै प्रकृतिको खरिद गर्दा प्याकेज बनाई अधिकतम प्रतिष्पर्धा हुने गरी मितव्ययी रुपमा खरिद गर्नुपर्नेमा पालिकाले यो वर्ष फर्निचर सामाग्री खरिद गर्न देहयानुसारको आपुर्तिकर्ताबाट खरिद कार्य गरी भुक्तानी गरेको नियमित नदेखिएको रु.

| भौ.नं. र मिति | भुक्तानी पाउने | खरिद रु. |
|---|---|---|
| २३।२०७९।८।२० | अम्वे फर्निसिङ्ग | ९९५३०४ |
| ३१।२०७९।९।२८ | रेसुङ्गा फर्निचर एण्ड चिरन सप्लायर्स | ७५७१५६ |
| ६५।२०७९।१२।१७ | श्रीया इन्टेरियर इण्डष्ट्री प्रा.लि | ३९९६८१ |
| ७१।२०७९।१२।१९ | एम पि फर्निचर उद्योग | ३२५२१४ |
| १५४।२०८०।२।३० | रेसुङ्गा फर्निचर एण्ड चिरन सप्लायर्स | १२४५४२ |
| १०७।२०८०।३।१७ | श्री लाइफ स्टील फर्निचर उद्योग | २९९९०२ |
| | जम्मा | **२९०१७९९** |

| | |
|---|---|
| अनियमित भएको | २९,०१,७९९ |

४८ **कोटेशन मार्फत कार्य** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा खरिद प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नमिल्ने, व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५(१)क मा सार्वजनिक निकायले दश लाख रुँपैया सम्मको निर्माण कार्य वा मालसामान सोझै खरिद गर्न सक्ने र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले एउटै प्याकेज वनाएर गर्नुपर्ने कार्य टुत्र्याएर गरेको पाइयो । यसरी खरिद ऐन र नियमावलीमा भएको व्यवस्था विपरित विभिन्न निर्माण कार्य प्रतिस्पर्धा सिमित हुनेगरी टुक्रा पारी कोटेशनको माध्यमवाट पटक पटक खरिद गर्ने कार्य नियन्त्रण हुनुपर्दछ ।

| भौ.नं. र मिति | शीर्षक | निर्माण व्यवसायी | लागत अनुमान रु. | कार्यसम्पन्न रु. |
|---|---|---|---|---|
| ५७।२०७९।११।३० | ६ नं वडा कार्यालयमा रंगरोगन तथा आलमुनियम कार्यक | शाहन्ज कन्स्ट्रक्सन कम्पनी प्रा.लि. | २५३८०३ | २४७८६५ |
| ७६।२०८०।१।३ | इलाका प्रहरी कार्यालय मैनापोखरा कभर्डब हल व्यवसथापन | महिमा कन्स्ट्रक्सन | १२८५०५ | १२८४३१ |
| १२५।२०८०।२।७ | विद्युत लाईन बिस्तार | त्रिदेव निर्माण सेवा | ७२८५६७ | ७२८५६७ |

४९ **पाइप तथा अन्य खरिद** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार

सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। नमुना छनौट गर्दा पालिकाले देहायको भुक्तानी दिएकोमा उक्त खरिद भएका सामाग्री जडान भएको नापी र प्राविधिक मूल्यांकन प्रतिवेदन, फोटो तथा अनुगमन प्रतिवेदन पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु

| भौ नं | आपूर्तिकर्ता | विवरण | सामाग्री | रकम |
|---|---|---|---|---|
| ६३४।०८०।१।७ | जय कालिका ट्रेडर्स | उपकरण सहित महिला आय आर्जन कार्यक्रम | सिचाई पाइप ६८८ केजी | १९९८०२ |
| ९९।०८०।१।१७ | जय कालिका ट्रेडर्स | खानेपानी धारा वितरण कार्यक्रम जुक्तिनगर शक्तिनगर वनशक्ति टेशनपुर | हेन्ड पम्प ४० पिस<br>५० एम एम पाइप एच डि पी पाइप १२५० मिटर<br>जाली र जिआइ पाइप | ३९८३०२ |
| २७५।०८०।३।२४ | न्यू बर्दिया सप्लायर्स | ह्युमपाइप खरिद तथा जडान अवस्यकता अनुसार वडा भरी | ह्युम पाइप ६० सेमी ३० रमी<br>ह्युम पाइप ४५ सेभी ४५ सेभी | ३६३८६० |
| २९२।०८०।३।२४ | वागेश्वरी हयूम पाईप तथा विद्युत पोल उद्योग प्रा.लि. | ह्युम पाइप खरिद | ह्युम पाइप ९० सेमी १० रमी<br>ह्युम पाइप ४५ सेभी २.५ रमी | ९३५६४ |
| | | | | १०५५५२८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,५५,५२८ |

५० **जडानको प्रमाण पेश** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ ।नमुना छनौट गर्दा पालिकाले देहायको भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदन पेश नभई खर्च लेखेको देखिन्छ। तसर्थ वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी भएको देखिने तोकिए बमोजिम जडान सहितको प्राविधिक मुल्याङ्कन प्रतिवेदन पेश गर्नुपर्ने रू.

| भौ.नं. र मिति | शीर्षक | आपुर्तिकर्ता | खरिद रु. |
|---|---|---|---|
| १९८।२०८०।३।१६ | सडक बत्ती खरिद | एस एस बिजुली ट्रेडर्स | १९९८९७ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९९,८९७ |

५१ **असारमा खरिद -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा बढी खरिद खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ ।

५२ **वर्षान्तमा कोटेशनबाट कार्य -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३४ र ३५ मा तोकिएका कार्यक्रम तथा खरिद कार्यहरु चौमासिकरुपमा कार्यान्वयन गरी सोको प्रतिवेदन पेश गर्नुपर्ने उल्लेख छ । पालिकाले चौमासिकगत रुपमा खरिद योजना बमोजिम खरिद कार्य नगरी २०८० असार मसान्तमा अधिक सामाग्रीहरु खरिद गरेको पाईयो । वर्षान्तमा हुने खरिद कार्य नियन्त्रण गरी चौमासिकरुपमा खरिद योजना तथा कार्यक्रम बमोजिम खरिद कार्य गर्नु पर्दछ । पालिकाले यस आर्थिक वर्षमा कोटेशन माग गरी सोझै खरिद गरेकोमा अधिकांश खरिद तथा निर्माण कार्य असार मसान्तमा बजेट खर्च गर्ने प्रयोजनले गरेको देखिन्छ । वर्षान्तमा हुने निर्माण कार्यको गुणस्तरमा समेत असर पर्ने हुन्छ । त्यसैले पालिकाले खरिद योजना बमोजिम चौमासिकगत रुपमा खर्च गर्नुपर्दछ ।

५३ **खरिद व्यवस्थापन -** यसमा देखिएका व्यहोराहरु निम्नानुसार छन् —

**(क) बार्षिक खरिद योजना/गुरुयोजना -** सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

**(ख) खरिद कारवाही अभिलेख** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९(१) अनुसार सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ति छुट्टै फाइल खडा गरी राख्नु पर्ने र उपनियम(२) बमोजिम फाइलमा अन्य कागजातका अतिरिक्त सम्झौता फाइलको पञ्जिका, वोलपत्र वा पूर्वयोग्यताको लागि आव्हान गरिएको सूचना, बोलपत्र, पूर्वयोग्यता वा प्रस्ताव आव्हान सम्बन्धी कागजात, प्रस्तावदाताहरुलाई पठाएको जवाफ, बैठकको माइन्यूट, बोलपत्रको मूलप्रति, पूर्वयोग्य भएका बोलपत्रदाताको योग्यता, मूल्यांकन प्रतिवेदन, सफल वोलपत्रदातालाई पठाएको स्वीकृतिको प्रारम्भिक सूचनाको प्रतिलिपि, असफल बोलपत्रदाताहरुलाई पठाएको सूचनाको प्रतिलिपि, खरिद सम्बन्धी प्रकाशित सूचनाहरु, खरिद सम्झौता, प्रगति प्रतिवेदन, इन्भ्वाइस र निरीक्षण प्रतिवेदन, खरिद सम्झौतामा संशोधन गरिएको भए सो सम्बन्धी कागजात, मालसामान प्राप्ति, निरीक्षण र स्वीकृति लगायतको कागजात, मूल्यांकन प्रतिवेदन र सोसँग सम्बन्धित सम्पूर्ण कागजात लगायतको विवरण क्रमवद्ध रुपमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले खरिदसँग सम्बन्धित कागजातहरु अलग अलग फाइलमा राख्ने गरेको, लेखापरीक्षणले माग गरेको खरिद सम्बन्धी सम्पूर्ण विवरणहरु प्राप्त हुन नसकेको अवस्था छ । अतः नियमावलीले तोके अनुसार सम्पूर्ण कागजातहरु सिलसिलेवार रुपमा एउटै फाईलमा राखी पञ्जिका समेत तयार गर्नुपर्ने देखिन्छ ।

**(ग) ठेक्का अभिलेख** - सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

५४ **ठेक्का नं.NCB-03/79.80**

५४.१ **कार्य प्रगति -** ठेक्का नं. NCB-03/79-80 , सतापतिया- राधाकृष्ण चोक- भवानी स्कुल देखि तमौलिपुरसम्म सब वेश सहितको बाटो निर्माण कार्यका लागि रु.१८५५३४३८।४१ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी प्रेम निर्माण सेवासंग २०७९।९।२५ मा रु.१०३२१६२८।०६ मा २०८०।२।३२ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० असारसम्म प्रथम रनिंङ विलसम्म रु.८८४११३।९० को मात्र कार्य भई भुक्तानी भएको देखिन्छ । सम्झौता अनुसारको निर्माण कार्यको शत प्रतिशत अवधि व्यतित हुँदा निर्माण कार्यको प्रगति १० प्रतिशत मात्र भई न्यून प्रगति रहेको देखिन्छ । सम्झौताको म्याद प्रथम पटक २०८०।३।२५ सम्म र दोश्रो पटक म्याद थप २०८०।९।२९ सम्म गरेकोमा समेत हालसम्म ४० प्रतिशत मात्र प्रगति रहेको छ । पालिकाले २०८०।९।२५ निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र काटेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिनुपर्दछ ।

५४.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी प्रेम निर्माण सेवालाई पेश्की भुक्तानी भएकोमा २०७९।८० सम्म रु.८५३१७७।०० पेश्की बाँकी रहेको फर्छ्यौट हुनुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,५३,१७७ |

५५ **ठेक्का नं. NCB-02/79-80**

५५.१ ठेक्का नं. NCB-02/79-80, सितलाबजार जयकालिका मा वि बाटो अस्फाल्ट कन्क्रिट सडक कालोपत्रे कार्यका लागि रु.१००००२३४०।०० को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी पि.एस. निर्माण सेवासंग २०७९।९।१ मा रु.७९४७७२९८।७५ मा २०८१।१२।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० असारसम्म दोश्रो रनिंङ विलसम्म मूअकर समेत रु.१७२२१०३५।९० (२१.६७ प्रतिशत) को कार्य भएको देखिन्छ । निर्माण व्यवसायीलाई सोको अतिरिक्त मूल्य समायोजन रु.३१५२२०५।५५ मूअकर सहित भुक्तानी गरेको छ । ३६५० मिटरको अस्फाल्ट कन्क्रिट सडक कालोपत्रे कार्य रहेकोमा २०८० असारसम्म नाला निर्माणको कार्य भएको देखिन्छ भने कल्भर्ट निर्माण, सडक निर्माण र प्रोटेकसन कार्यहरु भएको पाइएन । समपुरक अनुदान सम्बन्धि आयोजनाका लागि डिपिआर बमोजिम कार्यहुनुपर्नेमा लेखापरीक्षणको क्रममा डिपिआर पेश भएन । उक्त अनुदान प्राप्त गर्नका लागि पेश भएको प्रस्ताव समेत पेश भएन । यस सम्बन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्

**बजेट विनियोजन र खर्च** - पालिकाले यस निर्माण कार्यका लागि प्रदेश समपुरक, संघ सशर्त तर्फ तराई मधेश समृद्धि कार्यक्रम साझेदारी, पालिकाको बजेट तथा पालिकाको समपुरक म्याचिङमा शिर्षकहरुबाट बजेट विनियोजन तथा खर्च गरेको पाईयो । यसरी विभिन्न शिर्षकबाट बजेट विनियोजन र खर्च गर्दा सोको एकिकृत अभिलेख राख्नुपर्ने, साझेदारी योगदान रकम यकिन गरी भुक्तानी गर्नुपर्नेमा सो अनुसार अभिलेख नराखेकोले यस सम्बन्धमा यकिन हुन सकिएन । पालिकाले एउटा योजनाका लागि समयमा नै बजेट व्यवस्था तथा कार्यक्रम तय गरी सोही अनुसार योजनाको कार्य गर्नुपर्दछ ।


५५.२ **प्रोभिजनल सम -** सम्झौता अनुसार विल अफ क्वान्टिटीमा भएको प्रोभिजनल सम आईटमको भुक्तानीमा पेश भएको विल बमोजिम भुक्तानी हुनुपर्नेमा देहाय अनुसारका प्रोभिजनल सम आईटमको विल पेश नभएकोले सोको प्रमाण पेश गर्नु पर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ नं | प्रोभिजनल सम आइटम | BOQ | Payment |
|---|---|---|---|
| २८।०८०।३।३ प्रथम विल | Insurance | २५०००० | १९४४५२ |
| | Relocation of Services & Minor Infrastructures | २००००० | २००००० |
| | Camp Establishment and demolishion | २००००० | १००००० |
| | Engineers Facility | ५०००० | २५००० |
| | जम्मा | | ५१९४५२ |
| | | प्रमाण पेश नगरेको | ५,१९,४५२ |

५५.३ **मूल्य समायोजन -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११९(१) मा सम्झौतामा उल्लेख गरेर मात्र मूल्य समायोजन गर्न सकिने उल्लेख छ । मुल्य समायोजन भुक्तानी दिदाँ सम्झौताको शर्त, सम्झौतामा उल्लेख भएको सुत्रको तथा सुत्रमा प्रयोग गरिने मूल्यको संरचना (श्रम, उपकरण, सामाग्री, आदी) को आधारमा दिनुपर्ने हुन्छ ।सोही अनुरुप सम्झौताको दफा ५३.१ मा मूल्य समायोजन दिने सम्बन्धमा " The Contract [Insert "is" or "is not"] subject to price adjustment, and the following information regarding coefficients [Insert "does" or "does not"] apply.

The Coefficients and indices for adjustment of prices in Nepalese Rupees shall be as specified in the table of adjustment data submitted by bidder together with the letter of price bid which is approved by the Project Manager and attached as Annex-1] " उल्लेख गरेकोले मूल्य समायोजन दिने सम्बन्धमा निर्णय गरेको देखिदैन । साथै मूल्य समायोजन भुक्तानी गर्दा निर्माण व्यवसायीले Table of Price Adjustment Data मा निर्माण व्यवसायीको तर्फबाट मात्र हस्ताक्षर गरेको तर सम्झौताको समयमा पालिकाको तर्फबाट Project Manager बाट Approval लिनुपर्नेमा लिएको नदेखिएको तथा प्रिबिड मिटिंग समेत गरेको देखिदैन । यस्तो अवस्थामामा सम्झौतामा मूल्य समायोजन लागू हुने तथा शुरु हुने अवधि र अन्तराल समेत नखुलाई, दिन मिल्ने वा नमिल्ने नखुलाएकोले मूल्य समायोजन दिन मिल्ने देखिदैन । तसर्थ पालिकाले प्रथम विल वापत दिएको मूल्य समायोजन रु. १२३०८७३। र दोश्रो विल वापत दिएको मूल्य समायोजन रु. १५५८६८९। गरी दोश्रो रनिंङ विलसम्मको मूल्य समायोजन रु. ३१५२२०४। असुल हुनपर्ने रु.

पालिकाले आर्थिक वर्ष २०८०।८१ मा समेत मूल्य समायोजन भुक्तानी दिएकोले उक्त रकम समेत यकिन गरी असुल गर्नुपर्दछ ।



| | |
|---|---|
| GCC 42.1 | The Defects Liability Period is: *[insert 365]* days. |
| E. Cost Control | |
| GCC 49.1 | ***[insert the prevailing interest rate]*** |
| GCC 53.1 | The Contract ***[insert "is" or "is not"]*** subject to price adjustment, and the following information regarding coefficients ***[insert "does" or "does not"]*** apply.<br>The coefficients and indices for adjustment of prices in Nepalese Rupees shall be as specified in the Table of Adjustment Data submitted by bidder together with the Letter of Price Bid which is approved by the Project manager and attached as Annex-1. |
| GCC 53.6 | Base Price of Construction Materials applicable for price adjustment shall be as per the Table of Adjustment Data submitted by Bidder together with the Letter of Price Bid which is approved by the Project manager and attached as Annex-1 |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३१,५२,२०४ |

५५.४ **मूल्य समायोजन हिसाब चेक जाँच नगरेको -** पालिकाले मूल्य समायोजन भुक्तानी दिंदा चेक जाँच समेत नगरी निर्माण व्यवसायीले पेश गरेको हिसाब तथा मूल्य समायोजन सिट अनुसार नै भुक्तानी दिएको छ । यसरी चेकजाँच समेत नगरी भुक्तानी दिने कार्य उचित देखिएन । प्रथम विल वापत पि.एस र मूअकर बाहेक रु. ७०४२७६२।०० मा मूल्य समायोजन दिनुपर्नेमा प्रथम विल भुक्तानी गर्दा सोही रकममा मूल्य समायोजन दिए पनि दोश्रो विलमा मूल्य समायोजन भुक्तानी दिंदा प्रथम विलको मूल्य समायोजन लागू हुने रकम लाई समेत पि एस समेतको रकम जोडि रु. ८०७०६३५।९२ मा मूल्य समायोजन दिएको पाइयो । मूल्य समायोजनका लागि Bid Submission Date २०७९ मंसिर ६ (Nov 22, 2022) रहेकोले २८ दिन अगाडिको base index अर्थात Oct 22, 2022 अनुसारको Oct/Nov-2022 (L0- 524.64, M0- 125.56, E0- 122.79) को सट्टा L0- 523.75, M0- 116.36, E0- 120.54 को ईन्डेक्स लिएको देखिन्छ । साथै दोश्रो मूल्य समायोजनको करेन्ट इन्डेक्समा समेत मेटेरियलको इन्डेक्स १४१.६१ को सट्टा १४५.०९ लिएको देखिन्छ । अर्थात निर्माण व्यवसायीले बेश इन्डेक्स घटाएको र करेन्ट इन्डेक्स बढी देखाई मूल्य समायोजन फ्याक्टर गणना बढी देखाएको छ जसले गर्दा मूल्य समायोजन हिसाब रकम बढी देखिएको छ ।

| **Bill No** | **मूल्य समायोजनका लागि प्रयोग भएको रकम** | **Price Adjustment Factor** | **Price Adjustment Payment Without VAT** | **effective amount for Price Adjustment without PS and VAT** | **Price Adjustment Factor** | **Price Adjustment Amount** | **Difference amount** |
|---|---|---|---|---|---|---|---|
| | | | | | **( Pn )** | | |
| 1st | 8070635.92 | 0.1748 | **1410516** | 7042762.40 | 0.1117 | 786358 | 624158 |
| 2nd | 7335858.88 | 0.1880 | 1379046 | 7335858.88 | 0.1049 | 725661 | 653385 |
| | | | 2789562 | | | | 1277542 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | With VAT | | | | | | 1443623 |

५६ **प्रदेश समपूरक अनुदान बढि खर्च गरेको फिर्ता गर्नुपर्ने** - समपुरक अनुदान सम्बन्धि कार्यविधि, २०७५ मा सम्बन्धित कार्यक्रम।आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम र ५० प्रतिशत स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । स्वर्गद्धारी नगपालिकालाई यस वर्ष प्रदेश सरकारबाट देहायका २ कार्यक्रमका लागि प्राप्त भएको रकम मध्ये ५० प्रतिशत प्रदशे सरकार समपुरक अनुदान रकमबाट र ५० प्रतिशत पालिकाबाट व्यहोर्ने गरी खर्च गर्नुपर्नेमा पालिकाले देहाय अनुसार पालिकाको अंशसमेत प्रदेश समपुरकबाट खर्च गरेकोले प्रदेश सरकारलाई उक्त अनुदान रकम फिर्ता गर्नुपर्ने रु.

| समपुरक योजना | प्रदेश समपूरक अनुदानबाट खर्च | पालिका बजेट खर्च |
|---|---|---|
| सितला बजार जयकालिका सडक | ७१९६१७५ | ९११३७५७ |
| शिवचोक पडरिया रानिपुर सडक | ६१९७५१८ | ० |
| खर्च भएको जम्मा | १३३९३६९३ | ९११३७५७ |
| प्रदेश समपूरकबाट भएको बढी खर्च रु. | ४२७९९३६ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४२,७९,९३६ |

५७ **शिव चोक मदन चोक अस्फालट सडक** - यस सम्बन्धमा व्यहोरा देहाय अनुसार रहेका छन्

५७.१ **कार्य प्रगति** - ठेक्का नं. NCB-04/78-79, शिवचोक मदन चोक अस्फाल्ट कार्यका लागि रु. ३६१३९७४०।०० को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी बर्दिया ब्ल्याक बक- जय बागेश्वोरी जे. भीसंग २०७८।१२।२२ मा रु. ३३२००४९३।४१ मा २०७९।१२।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।३।२० सम्म प्रथम पटक र २०८०।८।३० सम्म दोश्रो पटकका लागि म्याद थप गरेकोमा कार्य सम्पन्न भएको छैन । २०८० असारसम्म तेश्रो रनिंङ विलसम्म रु. १२८८०९८५।०० (३८.७९ प्रतिशत) को मात्र कार्य भई भुक्तानी भएको देखिन्छ । सम्झौता अनुसारको निर्माण कार्यको शत प्रतिशत अवधि व्यतित हुँदा निर्माण कार्यको प्रगति न्यून रहेको देखिन्छ । पालिकाले निर्माण व्यवसायीलाई पूर्व निर्धारित क्षतिपूर्ति लिने गरी कार्य सम्पन्न गर्न लगाएको जनाएतापनि सोको अभिलेख पेश भएको छैन । पालिकाले निर्माण व्यवसायीबाट कार्यसम्पन्न गराउनुपर्ने अन्यथा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली २०६४ को नियम १२० अनुसार प्रक्रिया अगाडी बढाउनुपर्ने देखिन्छ ।

साथै पालिकाबाट अद्यावधिक विमा र कार्यसम्पादन जमानत वेगर सम्झौताको म्याद थप गरेको नियम अनुसार देखिएन

५७.२ **दोहोरो रनिंग विल भुक्तानी** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२२ मा विल वा विजकको भुक्तानी सम्बन्धि व्यवस्था रहेको छ । त्यसैगरि सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण व्यवसायीलाई दोश्रो रनिंग

विलसम्म रु. ११४५१४४५।७८ भुक्तानी भईसकेकोमा तेश्रो रनिंग विल वापत प्रथम पटक भौ नं १४।०७९।७।४ बाट रु. ९३४११४।५० र दोश्रो पटक रु. ४९५५२४।४५ भुक्तानी भएकोमा प्रथम पटकको तेश्रो रनिंग विल वापतको रु. ९३४११४।५० अद्यावधिक नगरी तेश्रो रनिंग विलको अद्यावधिक रकम रु. ११९४६८७०।२३ मात्र राखेको र आर्थिक वर्ष २०८०।८१ मा चौथो रनिंग विलमा समेत सोही रकम सारेको देखिएकोले उक्त रकम कट्टी वा अद्यावधिक हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९,३४,११४ |

५८ **मैनापोखर- जगतिया असफाल्ट कालोपत्रे** - यस सम्बन्धमा व्यहोरा देहाय अनुसार रहेका छन्:

५८.१ **कार्य प्रगति -** ठेक्का नं. NCB 02/2078/079 मैनापोखर- जगतिया असफाल्ट कालोपत्रे सडक निर्माण कार्यका लागि रु. ८०६४७३०७।९४ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी ओम सत्य साइ कन्स्ट्रक्सन प्रा. लि., संग २०७८।१२।२३ मा रु. ३३२००४९३।४१ मा २०८०।६।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८०।९।३० सम्म म्याद थप गरेकोमा कार्य सम्पन्न भएको छैन । २०८० असारसम्म तेश्रो रनिंङ विलसम्म रु. १९५८४००७।०० (३७.५३ प्रतिशत) को मात्र कार्य भई भुक्तानी भएको देखिन्छ । पालिकाले सम्झौता बमोजिम निर्माण व्यवसायीबाट समयमै कार्यसम्पन्न गराउनुपर्दछ । पालिकाले निर्माण कार्य २०८०।८१ मा सम्पन्न भएको जनाएको छ ।

५८.२ **विमा -** सार्वजनिक खरिद नियमावली २०६४ को नयम ११२ मा रु. २० लाख भन्दा बढी मूल्यको निर्माण कार्यको निर्माण व्यवसायीले निर्माण स्थल सुम्पिएको मिति देखि त्रुटी सच्याउने अवधि सम्मको विमा गर्नुपर्ने व्यवस्था छ । साथै सम्झौताको शर्त दफा १९.१ मा निर्माण कार्य शुरु हुने मिति देखि नै विमा गर्नुपर्ने उल्लेख रहेकोमा NCB 02/2078/079 का निर्माण व्यवसायी ओम सत्य साइ कन्स्ट्रक्सन प्रा. लि.ले सम्झौता अवधिको शुरु ( २०७८।१२।२३ देखि २०८०।६।३० देखि नै विमा नगरी ९ महिना पछि (२०७९।९।१९ देखि २०८०।६।३० सम्म) ठेक्का अवधि १८ महिना मध्ये ९ महिना पछि विमा गरेकोले निर्माण व्यवसायीलाई भुक्तानी भएको विमा वापतको भुक्तानी रु. २२४२२०।०० मध्ये दामाशाहीले हुने रु. ११२११०।०० असुल हुनुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,१२,११० |

५९ **म्याद थप** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा म्याद सकिनु अगावै निर्धारित कार्य सम्पादन जमानत, पेश्की जमानत, विमा, संशोधित कार्यतालिका र अन्य प्रमाण कागजात सहित निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । त्यसैगरी बाह्रो संशोधन नियम १२०क अनुसार उचित कारण, सोको पुष्ट्याई, संशोधित कार्यतालिका, कुनै किसिमको आर्थिक दाबी नगर्ने प्रतिबद्धता सहित २१ दिन भित्र म्याद थपको लागि निवेदन दिएमा सार्वजनिक निकायको प्रमुखले उक्त कार्य सम्पन्न गर्न लाग्ने वास्तविक थप अवधि यकिन गरी म्याद थप गर्न सकिने उल्लेख रहेकोमा पालिकाले आर्थिक वर्ष २०७९।८० मा म्याद सकिएका

अधिकांश ठेक्का सम्झौताको अद्यावधिक कार्य सम्पादन जमानत, पेश्की जमानत, संशोधित कार्यतालिका र विमा वेगर तथा उचित कारण समेत नखुलाई उक्त ठेक्का सम्झौताहरुको मयाद थप गरी कार्यपालिकाको बैठकबाट समेत एकमुष्ट म्याद थप निर्णय गराएको छ ।पालिकाले "२०८०।३।२१ गते नेपाल राजपत्रमा प्रकाशित आदेश, सार्वजनिक खरिद ऐन २०६३, दफा ५६, सार्वजनिक खरिद नियमावली २०६४, नियम १२०क अनुसार तलका आयोजनाहरुको म्याद थप गर्ने र सो थप भएको म्याद भित्र कार्यसम्पन्न नगरेमा कामको अवस्था, प्राविधिक मूल्यांकन, सिफारिस, राय र अनुगमन समितिको सिफारिसका आधारमा थप नियमानुसार जरिवाना लगाउने गरी म्याद थप गर्ने सर्वसहमतिबाट निर्णय गरियो ।" उल्लेख गरी एकमुष्ट म्याद थप गरेको छ । म्याद थप गर्दा नियमको व्यवस्था अनुसार निर्माण व्यवसायीले काबु बाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भन्ने ठोस प्रमाण समेत प्रस्तुत गर्नुपर्दछ । लेखापरीक्षणको समयमा ठेक्का सम्झौताको म्याद थप सम्बन्धि प्रमाण, कागजात तथा निर्णयको फाईल पेश नभई एकमुष्ट निर्णय मात्र पेश भएको छ । यसरी नियमावली तथा सम्झौताको शर्त विपरित प्रमाण कागजात तथा उचित कारण नखुलाई एकमुष्ट म्याद थप गरि पूर्वनिर्धारित क्षति पूर्ति नलगाई म्याद थप गरेको नियम सम्मत देखिएन ।

६० **पूर्व निर्धारित क्षतिपूर्ति** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । नियमावली तथा सम्झौताको शर्त विपरित प्रमाण कागजात तथा उचित कारण नखुलाई एकमुष्ट म्याद थप गरि पूर्वनिर्धारित क्षति पूर्ति नलगाई म्याद थप गरेको नियम सम्मत देखिएन । पालिकाले खरिद कानुन बमोजिम तथा सम्झौताको शर्त पालना गरी पूर्वनिर्धारित क्षतिपूर्ति लगाई म्याद थप गर्नुपर्दछ ।

६१ **पालिका प्रशासनिक भवन** - यस सम्बन्धमा देखिएका व्यहोरा देहाय अनुसार रहेका छन्:

६१.१ **प्रगति र म्याद थप** - पालिकाको प्रशासकिय निर्माण कार्यका लागि ठेक्का नं. NCB-03/77-78 को लागि रु. ५९५२५१६६।३० को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी रोयल ब्ल्याक बक- जय बगेश्वोरी जे. भीसंग २०७८।८।१७ मा रु. ४७५०९८५८।५८ मा २०७९।३।२० मा कार्यसम्पन्न गर्ने गरी शुरु म्याद अवधि घटी भएको जनाई कार्यालयबाट एकमुष्ट २ वर्ष म्याद थप गरी सम्झौता अवधि २०८१।३।३० सम्म कायम गरेको पाईयो । यसरी निर्माण कार्य सम्पन्न गर्न लाग्ने अवधि यकिन नगरी आधार वेगर कार्यसम्पादन जमानत र विमा पोलिसी अद्यावधिक नगरी एकमुष्ट २ वर्ष सम्म सम्झौताको अवधि म्याद थप गरेको नियमानुसार देखिएन ।

निर्माण व्यवसायीलाई २०७९।८० सम्म आठौं रनिंग विल सम्म रु. ३०७७९२४५।०० (६५ प्रतिशत प्रगति) भुक्तानी भएको रनिंग विलबाट देखिन्छ । सम्झौता अनुसार निर्माण कार्य समयमै सम्पन्न गराउने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

६१.२ **पेश्की जोखिम** - निर्माण व्यवसायीलाई पेश्की भुक्तानी भएकोमा २०७९।८० सम्म अन्तरसरकारी बजेट स्थानीय तह प्रशासकिय भवन पूर्वाधार विकास कार्यक्रम तर्फ रु.२४३९९४६।०० र पालिका तर्फ रु. २८४२२९७।०० गरी कुल पेश्की रु.५२८२२४३।०० बाँकी रहेको विवरण पेश भएकोमा सोको बैंक जमानतको म्याद समेत गुज्रेको पाइएकोले उक्त पेश्की जोखिममा रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५२,८२,२४३ |

६१.३ **पेश्की कट्टी -** निर्माण कार्यको सम्झौताको शर्त ५७.३ बमोजिम निर्माण कार्यको पेश्की प्रत्येक रनिंग विलबाट ४० प्रतिशतका दरले निर्माण कार्यको ३० प्रतिशत देखि ८० प्रतिशत मूल्यांकन हुने रनिंग विलसम्म कट्टी गरिसक्नुपर्ने व्यवस्था रहेकोमा सम्झौताको प्रावधान अनुसार पेश्की कट्टी नगरेकोले हालसम्म पेश्की फर्छ्यौट नभएको देखिएकोले बाँकीरहेको पेश्की यथासिघ्र फर्छ्यौट हुनुपर्दछ ।

६२ **बहुउद्धेश्यीय सभाहल -** ठेक्का नं. NCB 01/2077/078 बहुउद्धेश्यीय सभाहल निर्माण कार्यका लागि निर्माण व्यवसायी जय बागेश्वरी निर्माण सेवा संग २०७८।२।२८ मा मूअकर समेत रु. ७०२६०५०।५१ मा २०७८।३।२० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा दुई पटक गरी २०८०।८।३० सम्म म्याद थप गरेकोमा कार्य सम्पन्न भएको छैन । २०८० असारसम्म तेश्रो रनिंङ विलसम्म रु. ५७५२०२२।०० को कार्य भई भुक्तानी भएको विवरण पेश भएको छ । उक्त निर्माण कार्यको विमा र गुणस्तर परिक्षणसमेत पेश नभएकोले निर्माण कार्य सम्बन्धमा यकिन हुन सकिने अवस्था छैन । पालिकाले निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र लेखेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिनुपर्दछ ।

### ६३ बढैयाताल पूर्वाधार निर्माण

६३.१ पालिकामा अवस्थित बढैयाताल पर्यटकिय रुपमा प्रख्यात रहेको र सोहीबाट पालिकाको नामाकरण समेत गरिएकोमा उक्त तालको पूर्वाधार निर्माण कार्यका लागि बाउन्डरी वाल, भिउ टावर, बाँध, मन्दिर, गार्ड हाउस, ल्यान्डस्केपिङ्ग तथा अन्य कार्य सहितको विस्तृत सम्भाव्यता अध्ययन गत विगतमा भएकोमा हालसम्म बाँध निर्माण र ल्यान्डस्केपिङ्ग सम्बन्धी केही कार्य मात्र भएको देखिन्छ । पर्यटकिय हिसाबले प्रचुर सम्भावना रहेको तथा माछा पालनबाट समेत गत विगतमा आम्दानी गरेको उक्त तालबाट हाल आम्दानी भएको देखिदैन । यस सम्बन्धमा पालिकाले ध्यान दिई आन्तरिक आय बढाउनुपर्ने देखिन्छ ।

पालिकाले बढैयाताल पूर्वाधार निर्माण कार्यका लागि ठेक्का नं. NCB-01/78-79 बाट तालमा बाँध र कल्भर्ट समेत अन्य निर्माण कार्यका लागि रु. ७०१८४८०९।०३ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी ओम सत्य साई कन्स्ट्रकसन प्रा.लिसंग २०७८।१२।१ मा रु. ३८१३८५५२।५३ मा २०७९।१२।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० असार २० सम्म म्याद थप भई २०८० असार १८ मा कार्यसम्पन्न भई रु. ३७४६७१७०।०० भुक्तानी भएको देखिन्छ । यस ठेक्काका लागि पालिकाले बढैयाताल पूर्वाधार, माछाका भुरा पालन केन्द्र तथा सरसफाईका लागि विनियोजन गरेको बजेट कार्यपालिकाको निर्णय गरी भुक्तानी गरेको छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्

६३.२ **गत वर्षको भुक्तानी -** पालिकाले बजेट अभावका कारण गत वर्ष नापी भईसकेको रनिंग विलको रकम भुक्तानी यस वर्ष कार्यपालिकाबाट निर्णय गरी भुक्तानी दिएको छ । पालिकाले नापी भएको कार्यको सोही अवधिमा भुक्तानी बाँकीको विवरण राखी मात्र भुक्तानी दिनुपर्दछ ।

६३.३ **माटोको प्रयोग -** यस ठेक्काको निर्माण कार्य अन्तर्गत बढैयातालबाट unserviceable soil खनी बाँध बनाउने कार्य रहेकोमा उक्त माटोको बाँधमा प्रयोग हुनुका साथै वडा कार्यालय तथा स्वास्थ्य चौकीहरुमा समेत प्रयोग भएको

बुझिएकोमा सोको अभिलेख तथा निर्णय पेश भएको छैन । unserviceable soil के कति परिमाणमा कुन कुन ठाउँमा प्रयोग भएको हो सोको विवरण तथा निर्णय पेश हुनुपर्दछ ।

६३.४ **नापी र बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। नमुना छनौट गर्दा पालिकाले देहायको भुक्तानी दिएकोमा निर्माण कार्यको प्राविधिक नापजाँच भएको नापी किताब र प्राविधिक मूल्यांकन प्रतिवेदनमा Construction of Embankment with Local Material आईटमका लागि १९०४ मिटरको उक्त कार्यमा ६२६१६.४५ घन मीटर माटोको बाँधको कार्य भएकोमा उक्त परिमाणबाट ३ वटा कल्भर्टको स्ट्रकचरको पार्टको परिमाण घटाई भुक्तानी गर्नुपर्नेमा सो नगरी १५३५ घन मीटरको रु. २५० का दरले मूअकर समेत देहायअनुसार रु. ४३३६३७।०० बढी भुक्तानी दिएकोले हुनुपर्ने रु.

| आईटम | Quantity | Amount रु. |
|---|---|---|
| Ordinary Fill Volume for 1904.81 mtr embankment | 62616.458 | |
| Structure Cut for Culvert | -767.500 | |
| Quantity From Sangraliya To Park | 1180.48 | |
| Actual Quantity | 63029.438 | |
| Payment Quantity | 64654.408 | |
| Extra Quantity Payment | 1535 | |
| BOQ RATE and Amount | 250 | 383750 |
| VAT | | 49887 |
| Total Extra Payment | | 433637 |
| | असुल गर्नुपर्ने | ४,३३,६३७ |

६४ **प्रोभिजनल सम -** सम्झौता अनुसार विल अफ क्वान्टिटीमा भएको प्रोभिजनल सम आईटमको भुक्तानीमा पेश भएको विल बमोजिम भुक्तानी हुनुपर्नेमा देहाय अनुसारका प्रोभिजनल सम आईटमको विल पेश नभएकोले सोको प्रमाण पेश गर्नेपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| ठेक्का नं | निर्माण व्यवसायी | निर्माण कार्य | relocation of Services & Minor Infrastructures | Camp Establishment and demolision etc | Engineers FacilitySite office | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| **NCB14/2079/080** | नागरिक इनर्जी डेभलपमेन्ट प्रा. लि., | गोब्रेपुर स्कुल ४ कोठे भवन निर्माण | | ४०००० | | ४०००० |
| NCB15/2079/080 | जयगुरुदेव कन्स्ट्रक्सन प्रा. लि., | सरस्वती मा.बि. जगतिया स्कुल ४ कोठे भवन निर्माण | | ४०००० | | ४०००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| NCB16/2079/080 | शाहंजकन्स्ट्रक्सन प्रा. लि., | ने.रा.मा.बि.पडरिया स्कुल ४ कोठे भवन निर्माण | | ४०००० | | ४०००० |
| NCB 02/2078/079 | ओम सत्यसाइ कन्स्ट्रक्सन प्रा. लि., | मैनापोखर- जगतियाअसफाल्ट कालोपत्रे सडक निर्माण | | १००००० | ५०००० | १५०००० |
| NCB 04/2078/079 | बर्दिया ब्ल्याकबक- जयबागेश्वोरी जे. भी., | शिवचोक- मदनचोक असफाल्ट कालोपत्रे सडक निर्माण | ५०००० | ५०००० | | १००००० |
| NCB/07/2079/080 | डी. एन.कन्स्ट्रक्सन, | पेनबहादुर- वार्डअफिस - राजुभुजेल- बांसगढ़ी- सामुदायिक भवन- रिंगरोड | १९८८८ | २५००० | | ४४८८८ |
| NCB-03/77-78 | रोयल ब्ल्याक बक- जय बगेश्वोरी जे. भी | पालिका प्रशासकिय भवन | | १८५००० | | १८५००० |
| | | | | | | ६२९८८८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९९,८८८ |

६५ **कार्यसम्पादन जमानत -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११० (४) अनुसार बोलपत्र दाताले पेश गरेको कार्यसम्पादन जमानतको मान्य अवधि त्यस्तो सम्झौता उल्लेखित मालसमान आपुर्ति वा हस्तान्तरण गर्नुपर्ने अन्तिम अवधि वा वारेन्टीको अवधि वा निर्माण कार्यको त्रुटि सम्पादन दायित्व भएको अवधि भन्दा एक महिना बढी अवधिको हुनुपर्ने व्यवस्था छ । तर कार्यालयले गराएको निर्माण कार्यको अभिलेख परीक्षणमा केही निर्माण कार्यको कार्यसम्पादन जमानतको मान्य अवधि घटि रहेको देखियो । अत निर्माण कार्यको कार्यसम्पन्न गर्नुपर्ने म्याद थप गर्दा समेत सोही अनुसार कार्यसम्पादन जमानत समेत मान्य अवधि थप हुनुपर्दछ ।

| ठे न | निर्माण व्यसायी | सम्झौता रकम | कास जमानतको म्याद | हुनु पर्ने | रकम |
|---|---|---|---|---|---|
| NCB 4/78-79 | बर्दिया ब्ल्याक बक- जय बागेश्वोरी जे. भी | ३३२००४९३ | २०८१।३।३० | २०८१।९।३० | १६६१००० |
| NCB-03/77-78 | रोयल ब्ल्याक बक- जय बगेश्वोरी जे. भी | ४७५०९८५८ | २०८१।६।३० | २०८२।४।१० | ९८६५००० |
| NCB-10/79-80 | रविन कन्स्ट्रकसन | ३४१७६२७ | २०८१।३।३१ | २०८१।१०।२९ | ६७५००० |

६६ **विमा -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा १० लाख रुपैया भन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले नियमावलीमा तोकिए बमोजिमका त्रुटी सच्याउने अवधि १२ महिना समेतको विमा गराउनु पर्ने व्यवस्था छ । कार्यालयले विभिन्न योजना अन्तर्गत बोलपत्रबाट खरिद गर्दा लागत अनुमान तथा ठेक्काको सम्झौतामा विमाको व्यवस्था गरेको छ । ठेक्काको सम्झौतामा भएको विमाको व्यवस्था अनुसार निर्माण कार्यको शूरू हुँदा नै विमा गर्नुपर्नेमा अधिकांश ठेक्काको निर्माण व्यवसायीले विमा नगरेको वा निर्माण कार्य शूरु

हुँदा विमा नगरी अन्त्यमा गरेको पाईयो ।यसरी समयमा विमा नगर्दा विमाको औचित्य समेत देखिदैन ।सम्झौता अनुसार बिमा गराई भविष्यको जोखिम न्यूनीकरणका गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ । नमुना छनौटका आधारमा परिक्षण गर्दा निम्न ठेक्काहरुको नियममा भएको व्यवस्था अनुसार बीमा गरेको देखिएन । यसका केहि उदाहरण देहायअनुसार छन् —

| ठेक्का नम्वर | निर्माण व्यवसायी | सम्झौता मिति | सम्झौता रकम रु | वास्तविक विमा म्याद | हुनुपर्ने म्याद म्याद थप र डिएलपी समेत |
|---|---|---|---|---|---|
| NCB 4/78-79 | बर्दिया ब्ल्याक बक- जय बागेश्वोरी जे. भी | २०७८।१२।२२ | ३३२००४९३ | नगरेको | २०८१।९।३० |
| NCB 02/2078/079 | ओम सत्य साइ कन्स्ट्रक्सन प्रा. लि., | मैनापोखर- जगतिया असफाल्ट कालोपत्रे सडक निर्माण | ५२१८३४५८ | | |
| NCB-03/77-78 | रोयल ब्ल्याक बक- जय बगेश्वोरी जे. भी | २०७८।८।१९ | ४७५०९८५८ | नगरेको | २०८२।४।२० |
| NCB-01/77-78 | जय बागेश्वोरी निर्माण सेवा | २०७८।२।२८ | ७०२६०५० | नगरेको | २०८१।९।३० |
| NCB-10/79-80 | रविन कन्स्ट्रकसन | २०७९।१०।२० | ३४१७६२७ | नगरेको | २०८१।१०।२९ |
| NCB-12/79-80 | रविन कन्स्ट्रकसन | २०७९।१०।२३ | २९९१२१४ | नगरेको | २०८१।९।२९ |

६७ **ठेक्का नं. NCB-20/79-80 -** ठेक्का नं. NCB-20/79-80 उद्योग बाणिज्य संघको पेरिफेरिमा आर. सी. सी रोड, नाली निर्माण कार्यको लागि निर्माण व्यवसायी आकृति निर्माण सेवासंग २०७९।११।२१ मा रु. २१७२३३९।०० मा २०८०।३२ मा कार्यसम्पन्न गर्ने गरी शुरु म्याद रहेकोमा म्याद थप गरी सम्झौता अवधि २०८०।९।२९ सम्म कायम गरेकोमा २०८० असारसम्म रु ६२८१२८।०० भुक्तानी भई ३० प्रतिशत मात्र प्रगति भएको देखिन्छ । पालिकाले २०८०।९।२५ निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, नियम १४१ बमोजिम कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र लेखेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिई कार्य सम्पन्न गराउनुपर्दछ

६८ **भेरिएसन -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४ मा खरिद सम्झौता गर्दाका बखत पूर्वनुमान गर्न नसकिएको परिस्थिति सम्झौता कार्यान्वयको क्रममा सृजना भएमा सो को स्पष्ट कारण खुलाई तोकिएको कार्यविधि अपनाई भेरिएशन आदेश जारी गर्न सक्ने व्यवस्था छ । त्यसैगरि सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले बाह्रो संशोधन नियम १२०क अनुसार देहायको निर्माण व्यवसायीले म्याद थपको लागि निवेदन पेश गरेकोमा र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गतका देहायनुसारका तीन वटै ठेक्काको लागत अनुमानमा सरियाको परिमाण लागत अनुमान तयार गर्दा

एक्सेलमा छुटेको प्राविधिक त्रुटीको कारण देखाई देहायनुसारका निर्माण कार्यका लागि २०८०।२।३२ सम्म कार्यसम्पन्न गर्ने गरी २०७९।११।१४ मा सम्झौता भएकोमा २०८०।१।१४ मा भेरिएसन तथा म्याद थपको निर्णय गरी २०८० असार २५ सम्म म्याद थप गरेको पाईयो । पालिकाले लागत अनुमान तयार तथा स्वीकृत गर्दा ध्यान दिनुका साथै सम्झौता अनुसार तोकिएको समयमा नै कार्य सम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

| ठेक्का नं | निर्माण व्यवसायी | कामको विवरण | सम्पन्न मिति र अवस्था | शुरु लागत अनुमान | भेरिएसन भई लागत अनुमान | भेरिएसन पश्चात सम्झौता रकम | कुल भुक्तानी रकम | भेरिएसन % |
|---|---|---|---|---|---|---|---|---|
| NCB 14/ 2079/080 | नागरिकइनर्जी डेभलपमेन्ट प्रा. लि | गोब्रेपुरस्कुल ४ कोठे भवन निर्माण | २०८०.०३.०३ | ४४०५४१४ | ५११५६५४.१७ | ३८९९४६६ | ३७३७१५० | १६.१२ |
| NCB 15/ 2079/080 | जयगुरुदेव कन्स्ट्रक्सन प्रा. लि. | सरस्वतीमा.बि.जगतिया स्कुल ४ कोठे भवन निर्माण | २०८०.०२.२४ | ४४०५४१४ | ५११५६५४.१७ | ३६१८२४८.६२ | ३४४६६९५ | १६.१२ |
| NCB 16 /2079/080 | शाहंजकन्स्ट्रक्सन प्रा. लि. | ने.रा.मा.बि.पडरिया स्कुल ४ कोठे भवन निर्माण | २०८०.०३.१३ | ४४०५४१४ | ५११५६५४.१७ | ३८४८१९०.९१ | ३५९२४४४ | १६.१२ |

६९ **ठेक्का नं. NCB-12/79-80**

६९.१ **प्रगति र म्याद थप -** ठेक्का नं. NCB-12/79-80 वडा नं ६ सडक स्तरोन्नती ग्राभेल कार्यको लागि निर्माण व्यवसायी रविन कन्स्ट्रकसनसंग २०७९।१०।२३ मा रु. २९९१२१४।०० मा २०८०।२।२५ मा कार्यसम्पन्न गर्ने गरी शुरु म्याद रहेकोमा म्याद थप गरी सम्झौता अवधि २०८०।८।३० सम्म कायम गरेकोमा २०८० असारसम्म भुक्तानी भएको छैन । पालिकाले २०८०।९।२५ निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, नियम १४१ बमोजिम कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र लेखेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिई कार्य सम्पन्न गराउनुपर्दछ ।

६९.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी रविन कन्स्ट्रकसनलाई रु.२५८०००।०० पेश्की भुक्तानी भएकोमा सोको बैंक जमानतको म्याद समेत गुज्रेको पाइएकोले उक्त पेश्की जोखिममा रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५८,००० |

७० **शिवचोक पडरिया रानिपुर सडक**

७०.१ **कार्य प्रगति -** ठेक्का नं. NCB-05/79-80, शिवचोक पडरिया रानिपुर सडक सब वेश सहितको बाटो निर्माण कार्यका लागि रु.१७९४७७५१।२१ को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी प्रेम निर्माण सेवासंग २०७९।९।२५ मा रु. ११४६५८५३।७२ मा २०८०।२।३२ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० असारसम्म तेश्रो रनिंङ विलसम्म रु. ५४१३५७८।०० (४७ प्रतिशत) को मात्र कार्य भई भुक्तानी भएको देखिन्छ । सम्झौता अनुसारको निर्माण कार्यको शत प्रतिशत अवधि व्यतित हुँदा निर्माण कार्यको प्रगति ५० प्रतिशत मात्र भई न्यून प्रगति रहेको देखिन्छ । सम्झौताको म्याद प्रथम पटक २०८०।३।२५ सम्म, दोश्रो पटक २०८०।६।३० सम्म र तेश्रो पटक म्याद थप २०८०।९।२९ सम्म गरेकोमा समेत हालसम्म कार्यसम्पन्न भएको छैन । पालिकाले २०८०।९।२५ निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र लेखेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिनुपर्दछ ।

७०.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी प्रेम निर्माण सेवा लाई पेश्की भुक्तानी भएकोमा २०७९।८० सम्म रु. ६९९६५५।०० पेश्की बाँकी रहेको विवरण पेश भएकोमा सोको बैंक जमानतको म्याद समेत गुज्रेको पाइएकोले उक्त पेश्की जोखिममा रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,९९,६५५ |

## ७१ वडा नं ५ स्वास्थ्य चौकी भवन निर्माण

७१.१ ठेक्का नं NCB 14/2075/76 वडा नं ५ स्वास्थ्य चौकी भवन निर्माण कार्यका लागि निर्माण व्यवसायी उदय दिप संयुक्त निर्माण सेवा प्रा लिसंग २०७६।६।५ मा मूअकर समेत रु. २६०२६९४।०० मा २०७७।३।१५ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०७९।९।२९ मा अन्तिम पटक म्याद थप गरेको अन्यथा खरिद कानुन अनुसारको कारवाही अगाडि बढाउने निर्णय गरेकोमा तत्पश्चात पुनः दुई पटक २०८०।८।३० सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीले कार्यसम्पन्न गरेको छैन । निर्माण व्यवसायीलाई २०७८।७९ सम्म रु. ५८७१२७।०० भुक्तानी भएकोमा आर्थिक वर्ष २०७९।८० मा पालिकाबाट रु. २१ लाख बजेट विनियोजन भएकोमा सन्तोषजनक कार्य प्रगति नदेखिएकोले भुक्तानी भएको छैन । पालिकाले निर्माण व्यवसायी पुनः २०८०।८।१८ मा कार्यसम्पन्न गर्नुहुनु अन्यथा सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ तथा नियमावली २०६४ को नियम १२० अनुसार प्रक्रिया अगाडी बढाउनुपर्ने निर्णय उल्लेख गरी पत्र लेखेकोमा स्थिति यथावत रहेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिई अधुरो निर्माण कार्य सम्पन्न गराउनुपर्दछ ।

७१.२ **कार्यसम्पादन जमानत -** निर्माण व्यवसायी उदय दिप संयुक्त निर्माण सेवा प्रा लिले राखेकोको कार्यसम्पादन जमानत सम्झौता तथा निर्णय अनुसार जफत गर्नुपर्नेमा नगरेको र हाल उक्त कार्यसम्पादन जमानत रु. ४५८०००।० को म्याद समेत समाप्त भएको देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५८,००० |

## ७२ ठेक्का नं NCB 02/2077/078

७२.१ **सम्झौताको अन्त्य -** ठेक्का नं NCB 02/2077/078 स्याउलीबजार देखि मयुरबस्ती जाने अस्फाल्ट कालोपत्रे बाटो निर्माण कार्यका लागि निर्माण व्यवसायी महिमा कन्स्ट्रकसनसंग २०७७।१२।१३ मा मूअकर समेत रु. ४१८४४१३।०० मा २०७८।३।१५ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा अन्तिम पटक २०८०।८।३० सम्म म्याद थप गरेकोमा निर्माण व्यवसायीलाई रु. २३५०६६५।०० भुक्तानी भएको देखिन्छ । पालिकाले अन्तिम पटकको म्याद थपमा समेत कार्य सम्पन्न नगरेको हुँदा मिति २०८०।९।२४ मा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ अनुसार कारवाही प्रक्रिया अगाडि बढाउने निर्णय गरेको देखिन्छ । उक्त निर्णय अनुसार ठेक्का तोडेकोमा दफा ६३ र नियम १४१ बमोजिम कालोसूचीमा राख्नको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयलाई सिफारिस गर्ने, बाँकी कार्यको लागत एकिन गरी असुल गर्ने, खरिद प्रक्रिया अगाडि बढाउने, र धरौटी तथा कार्यसम्पादन जमानत जफत गर्नुपर्नेमा उक्त कार्यहरु भएको देखिएन । उक्त निर्णय बमोजिम खरिद कानुन अनुसारको कारवाही अगाडि बढाउनुपर्दछ ।

७२.२ **कार्यसम्पादन जमानत जफत —**

***........... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भएको आधारमा मिति २०८१। १।३ को निर्णयबाट रु.६३६००० ।- सम्परीक्षण गरिएको ।)***

## ७३ पडरिया स्कुल-दुर्गा मन्दिर हुँदै राजपुर फुलचोकसम्मको कालोपत्रे

७३.१ **प्रगति र म्याद थप -** पडरिया स्कुल-दुर्गा मन्दिर हुँदै राजपुर फुलचोकसम्मको कालोपत्रे अस्फाल्ट निर्माण कार्यका लागि ठेक्का नं. NCB-04/79-80 को लागि निर्माण व्यवसायी सदा शिव कन्स्ट्रकसनसंग २०७९।९।२२ मा रु. ११७८७३८८।८४ मा २०८०।२।३२ मा कार्यसम्पन्न गर्ने गरी शुरु म्याद रहेकोमा म्याद थप गरी सम्झौता अवधि २०८०।९।२९ सम्म कायम गरेकोमा २०८० असारसम्म दोश्रो रनिंग विल सम्म रु. ३०१३३११।२१ (२५.५५ प्रतिशत प्रगति) भुक्तानी भएको छ । पालिकाले २०८०।९।२५ निर्माण व्यवसायीलाई थपिएको म्यादमा समेत कार्य सम्पन्न नगरेको, अनुगमन गर्दा साइटमा सन्तोषजनक काम नभएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम कार्यसम्पादन जमानत जफत गर्ने, ठेक्का तोड्ने, नियम १४१ बमोजिम कालोसूचिमा राख्ने जनाई लिखित स्पष्टिकरणका लागि पत्र लेखेको छ । पालिकाले यस सम्बन्धमा आवश्यक निर्णय लिई कार्य सम्पन्न गराउनुपर्दछ ।

७३.२ **पेश्की जोखिम -** निर्माण व्यवसायी सदा शिव कन्स्ट्रकसनलाई रु. ८ लाख पेश्की भुक्तानी भएकोमा सोको बैंक जमानतको म्याद समेत गुज्रेको पाइएकोले उक्त पेश्की जोखिममा रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ८,००,००० |

७४ **सम्झौताको शर्त -** निर्माण तथा खरिद कार्यहरुको प्रभावकारी कार्यान्वयनका लागि सम्झौता सम्बन्धि कागजात तथा शर्तको पालना गर्नुपर्दछ । पालिकाले निर्माण तथा खरिद कार्यहरुका लागि तयार गरेको सम्झौताको शर्तहरुमा प्रष्ट रुपमा उल्लेख नगरी खाली राखेको तथा ईन्जिनियरको निर्णय बमोजिम हुने उल्लेख गरेको देखिन्छ जुन स्टयान्डर्ड विडिंङ्ग डकुमेन्ट तथा सार्वजनिक खरिद कानुन अनुरुप देखिएन । उदाहरणका लागि पेश्की दिनुपर्ने सम्बन्धि व्यवस्था scc ५७.१ मा As Per Engineers decision राखेको, पेश्की कट्टी सम्बन्धी व्यवस्था scc ५७.३ मा रनिंङ विलबाट हुने पेश्की कट्टीको प्रतिशत खाली राखेको, एज विल्ट नक्साका लागि भएको scc ७१.२ मा रोक्का राख्नुपर्ने रकममा As Per Engineers decision राखेको देखिन्छ । यसरी प्रष्ट रुपमा दफा उल्लेख नगर्दा

सम्झौता कार्यान्वयन गर्न कठिनाई हुने देखिएकोले सम्झौतामा प्रष्ट हुने गरी सम्झौताका शर्तहरु उल्लेख गरी सम्झौताको प्रभावकारी कार्यान्वय गर्नुपर्दछ ।

७५ **ठेक्का नं. NCB-03/78-79**

७५.१ ठेक्का नं. NCB-03/78-79, पचासा चोक देखि बकेटिया हुँदै बाँसगढी जोड्ने बाटो अस्फाल्ट कन्क्रिट सडक कालोपत्रे कार्यका लागि रु.७,६१,६७,३२३।०० को लागत अनुमान रहेकोमा निर्माण व्यवसायी ओम सत्य साई बर्दिया ब्ल्याक बक जय बागेश्वरी जे.भी.संग २०७८।१२।२३ मा रु. ५२६९३०९८।०० मा २०८०।६।३० मा कार्यसम्पन्न गर्ने गरी सम्झौता भएकोमा २०८० असारसम्म दोश्रो रनिंङ विलसम्म रु. १५८५७२५६।०० को कार्य भएको देखिन्छ । सम्झौता अनुसारको निर्माण कार्यको अवधि १८ महिनाको रहेकोमा २०८० असारसम्म १५ महिना (८३ प्रतिशत अवधि) व्यतित हुँदा निर्माण कार्यको प्रगति ३० प्रतिशत मात्र भई न्यून प्रगति रहेको देखिन्छ । यस सम्बन्धमा देखिएका अन्य व्यहोरा देहाय अनुसार रहेका छन्

• **डिपिआर र प्रस्ताव** - समपुरक अनुदान सम्बन्धि आयोजनाका लागि डिपिआर बमोजिम कार्यहुनुपर्नेमा लेखापरीक्षणको क्रममा डिपिआर पेश भएन । उक्त अनुदान प्राप्त गर्नका लागि पेश भएको प्रस्ताव समेत पेश भएन । यस सम्बन्धमा कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ ।

७५.२ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । पालिकाले उक्त निर्माण व्यवसायीको अद्यावधिक कार्य सम्पादन जमानत, पेश्की जमानत, वर्क सेड्युल र विमा वेगर तथा उचित कारण समेत नखुलाई २०८०।६।३० मा २०८०।१२।३० सम्म म्याद थप गरेको देखिन्छ । यस सम्बन्धमा कागजात र उचित कारण वेगर सार्वजनिक खरिद कानुन र सम्झौता विपरित म्याद थप निर्णय गर्ने सम्बन्धितलाई जिम्मेवार बनाउनुपर्दछ ।

७५.३ **पेश्की र जमानत** - निर्माण व्यवसायीलाई २०७८।७९ मा पालिका बजेटबाट रु.९१,९४,५००।०० पेश्की भुक्तानी भएकोमा सम्झौताको दफा SCC ५७.३ मा भएको व्यवस्था बमोजिम सम्झौता रकमको ३० प्रतिशत भन्दा बढी कार्य भएको रनिंङ विलबाट पेश्की कट्टी गर्नुपर्ने उल्लेख रहेकोमा सो अनुसार दोश्रो रनिंग विलबाट पेश्की कट्टी गर्नुपर्नेमा सो अनुसार कट्टी गरेको पाईएन । निर्माण व्यवसायीले उक्त पेश्की वापत राखेको पेश्की जमानतको म्याद समेत लेखापरीक्षणको क्रममा गुज्रेको देखिएकोले उक्त पेश्की जोखिमयुक्त रहेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ९१,९४,५०० |

७५.४ **समपुरक रकम** - समपुरक अनुदान सम्बन्धि कार्यविधि २०७७ मा सम्बन्धित कार्यक्रम।आयोजनाका लागि ५० प्रतिशत अनुदानको रकम र ५० प्रतिशत स्थानीय तहले व्यहोर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीलाई पालिका बजेटबाट रु. ९१९४५००।०० पेश्की उपलब्ध गराएकोमा संघ समपुरक बजेटबाट रु. १४८९६५९५।०० भुक्तानी गरी खर्च लेखेको हुँदा समपुरक अनुदान रकम रु. ६०४८५७०।०० बढी देखिएकोले फिर्ता हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६०,४८,५७० |

७५.५ **प्रोभिजनल सम -** सम्झौता अनुसार विल अफ क्वान्टिटीमा भएको प्रोभिजनल सम आईटमको भुक्तानीमा पेश भएको विल बमोजिम भुक्तानी हुनुपर्नेमा देहाय अनुसारका प्रोभिजनल सम आईटमको विल पेश नभएकोले सोको प्रमाण पेश गर्नेपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| भौ नं | प्रोभिजनल सम आइटम | BOQ | Payment |
|---|---|---|---|
| प्रथम र दोश्रो रनिङ विल | Relocation of Services & Minor Infrastructures | २००००० | १००००० |
| | Camp Establishment and demolishion | २००००० | १५०००० |
| | Engineers Facility | ७५००० | ३७५०० |
| | | | २८७५०० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,८७,५०० |

७६ **झोलुङ्गे पुल** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३(६) अनुसार स्वीकृत रकम खर्च गर्दा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । साथै सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ। झोलुङ्गे पुल कार्यक्रम अन्तर्गत सीतापुर पुरैना झोलुङ्गे पुल निर्माण कार्यका लागि रु. ८९२८२२८।०० मा पालिका, झोलुङ्गे पुल कार्यक्रम र उपभोक्ता समिति बीच सम्झौता भएको देखिन्छ । उक्त कार्यका लागि पालिकाबाट उपभोक्ता समितिसंग रु. ७७८२९।०० श्रमदान सहित रु. ४७१०४३०।०० मा २०८०।२।३० सम्म कार्यसम्पन्न गर्ने गरी २०७९।१०।२८ मा सम्झौता रहेको छ ।उपभोक्ता समितिलाई पालिकाले ३ रनिंग विल सम्म रु. २८९०८४२।०० भुक्तानी दिएको सम्झौता अवधि तथा लेखापरीक्षण अवधिसम्म समेत उक्त कार्य सम्पन्न भएको छैन ।

सोही कार्यका लागि पालिकाले लागत अनुमान रु..२८९५०६८।०० रहेको ठेक्का नं.०६/२०७८-७९ को न्यूनतम रु..२७५४१५८।०० मा कबोल गर्ने श्री इन्टरटेक प्रा.लि.बाट सीतापुर पुरैना खोला झो.पू. निर्माणको स्टिल पाट्र्स, फेब्रिकेसन पाट्र्स खरिद गरि रु. २७५४१५८।०० भुक्तानी दिएको छ । उक्त सामान झोलुङ्गे पुल उपभोक्ता समितिलाई जडान गर्न दिएको जनाएकोमा हाल सम्पन्न कार्यसम्पन्न नभएकोले उक्त सामान के कति परिमाणमा उपयोग गरियो सो को विवरण र उपभोक्ता समितिले कार्य सम्पन्न गरेको नापी सहितको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २७,५४,१५८ |

७७ **नमुना विद्यालय भवन निर्माण -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को ८.३ मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदान रकम विद्यालयलाई उपलब्ध गराउदा विद्यालयसँग सम्झौता भए पश्चयात प्रथम किस्ता वापत ५० प्रतिशत, स्ट्रक्चरलको कार्य सम्पन्न भएपछि दोस्रो किस्ता वापत ३० प्रतिशत र कार्यसम्पन्न गरेपछि नापी किताव भरी कार्यसम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता २० प्रतिशत रकम अनुदान

दिने व्यवस्था रहेको छ । विद्याज्योती माध्यमिक विद्यालयलाई भौतिक निर्माणको लागि रु. ५० लाख वजेट व्यवस्था भएको देखिन्छ । उक्त कार्यका लागि विद्यालय समिति जनश्रमदान रु. १०८६७९१।८८ समेत रु. ६०८६७९१।८८ को लागत अनुमानमा २०८०।३।१८ भित्र सम्पन्न गर्नुपर्ने २०८०।१।४ मा सम्झौता भएकोमा पालिकाले भौ नं २६।०८०।२।२९ बाट विद्यालयलाई समितिको प्रथम विल वापत रु. २४६५१८५।०० भुक्तानी गरेको छ । प्रथम त्रैमासिक मै सम्झौता गरी कार्य सम्पन्न गर्नुपर्नेमा अन्तिम त्रैमासिकमा सम्झौता गरेको उचित देखिएन । सम्झौता अनुसार कार्य नभएकोले उक्त कार्यसम्पन्न गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,६५,१८५ |

७८ **उपभोक्ता समिति मार्फत कार्य -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायवाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरीयता, दिगोपना अभिवृद्धि गर्ने तरिका, आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनुपर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उल्लेख छ । गाँउपालिकाले बाटो निर्माण, भवन निर्माण जस्ता कार्य उपभोक्ता समिति मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको एक्जाभेटर, डोजर, जस्ता हेभि मेशिनहरु प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन ।सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिवाट गराउन सक्ने कामको कार्यविधी हालसम्म तयार गरेको छैन। सार्वजनिक खरिद ऐनमा भएको खरिद सम्वन्धी प्रकृयाको अवलम्वन गर्दै श्रममुलक काम उपभोक्ताबाट र अन्य जटिल तथा निर्माण व्यवसायी प्रयोग गर्नुपर्ने काम प्रतिस्पर्धात्मक विधिबाट सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरुरी देखिएको छ ।कार्यालयले उपभोक्ता समितिबाट भएको कामको अभिलेख अद्यावधिक गरेको छैन । लेखापरीक्षणको क्रममा तयार गरी उपलब्ध गराएको मोटामोटी सफ्ट कपी बिबरण अनुसार संघिय र प्रादेशिक हस्तान्तरित कार्यक्रम समेतको रु. ६ करोड ३९ लाखको लागत अनुमान स्वीकृत गरी उपभोक्ता समितिहरुसंग सम्झौता गरिएकोमा उक्त योजनाहरुमा यो वर्ष जम्मा रु.५ करोड ६६ लाख भुक्तानी भएको बिबरण पेश भएको छ । जसमध्ये केही योजनाहरु नमुनाको रुपमा छनौट गरी सोका फाइल र श्रेस्ता मात्र परीक्षण गरी देखिएको व्यहोरा निम्नानुसार रहेका छन् ।

**(क) भुक्तानीको सिफारिस -** उपभोक्ता समितिहरु मार्फत गरिएका कार्यहरुको भुक्तानी गर्दा आंशिकमा फोटाहरु संलग्न राख्ने गरेको देखियो । केहि योजनाहरुमा सम्वन्धित वडा अध्यक्षहरुको सिफारिस संलग्न गरेर भुक्तानी गर्ने गरेको र केहिमा त्यस्तो सिफारिस समेत संलग्न नगरेको समेत देखियो । फोटाहरु संलग्न गरेता पनि कार्य शुरु हुनु भन्दा पहिलेको र कार्य सम्पन्न भए पश्चातको काम स्पष्ट देखिने गरि फोटा राख्ने गरेको देखिदैन । सम्वन्धित वडाध्यक्षले भुक्तानीको सिफारिस गर्दा कामको स्पष्ट परिमाण, गुणस्तर, समय र लागत किटान गरी कार्य सम्पन्न भए नभएको उल्लेख गर्नुपर्नेमा सो बमोजिम नगरी भुक्तानीको लागी मात्र सिफारिस गर्ने गरेको देखियो । सबैजसो योजनाहरुमा वडास्तरिय अनुगमन समितिको अनुगमन भएको देखिएन । यसवाट तोकिए बमोजिमको

परिमाण, गुणस्तर र लागतमा उपभोक्ता समितिहरुबाट कार्यहरु भएको छ भन्न सकिने अवस्था देखिएन ।

**(ख) जनसहभागिता -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ उपनियम ४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड, कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने र जनसहभागिताको व्यवस्था नभएको योजना उपभोक्ता समिति मार्फत संचालन गर्न नपाइने, व्यवस्था छ । आयोजना/कार्यक्रम कार्यान्वयन गर्दा उपभोक्ता समितिको तर्फबाट बढी जनसहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । पालिकाले आयोजना/कार्यक्रम छनौट र कार्यान्वयन गर्दा अधिकाशं योजनामा १० प्रतिशत उपभोक्ता समितिको तर्फबाट जनसहभागिता जुटाउने नीति लिएको छ । उपभोक्ता समितिबाट गरिने निर्माण कार्यमा जनसहभागिताको अंश बृद्दि गरी योजनामा उपभोक्ताको अपनत्व बृद्दि गर्नुपर्दछ ।

**(ग) कामको नापजाच -** कतिपय योजनाको नापी कितावमा प्राविधिक कर्मचारी तथा स्वीकृत गर्नेको हस्ताक्षर नै देखिएन भने कतिपय योजनामा एक जना प्राबिधिकको मात्र हस्ताक्षर नापीकिताव, ठेक्का बिल, र कार्य सम्पन्न प्रतिवेदनमा गरेको देखियो जसमा तालुक कर्मचारी र उपभोक्ता समितिले समेत प्रमाणित नगरेको पाइयो ।

**(घ) समिति सदस्यता -** लवाला पदाधिकारी, राजनीतिक दलको प्रतिनिधि सरकारी कर्मचारी, शिक्षक, निर्माण व्यवसायी लगायतका व्यक्ति उपभोक्ता समितिका सदस्य हुन नपाउने, एउटै समयमा एकभन्दा बढी उपभोक्ता समितिको सदस्य हुन नपाउने आदि व्यवस्थाहरु रहेकोमा उपभोक्ता समितिको गठन गर्दा तोकिए बमोजिमको प्रकृया पुरा गरेको देखिन आएन । समितिमा रहेका पदाधिकारी तथा सदस्यहरु उपरोक्त बमोजिमको पेशा, व्यवसाय वा रोजगारीमा संलग्न व्यक्तिहरु भए नभएको यकिन हुन सकेन । एउटै स्थानमा गर्ने फरक फरक निर्माण कार्यको लागी समेत फरक फरक उपभोक्ता समितिहरु गठन गर्ने गरेको छ । एउटै समयमा एकै व्यक्ति एक भन्दा बढी समितिमा रहे नरहेको सम्वन्धमा समेत यकिन हुने आधार देखिन । पालिकाले अभिलेख अद्यावधिक गरी सुधार गर्नुपर्दछ ।

**(ङ) अनुगमन समिति -** उपाध्यक्षको संयोजकत्वमा रहेको अनुगमन समितिले कामको बिबरण, सम्पन्न भएको कामको अवस्था, अनुगमन गरेको मिति, अवधि, देखिएका कमि कमजोरी, र सुधारका विषय उल्लेख गरी प्रतिवेदन गर्नुपर्नेमा अधिकांश योजनाको अनुगमन गरेको देखिएन । सबै योजनाहरुमा उल्लेखित सबै प्रकारको व्यहोरा खुल्नेगरी अनुगमन गरेर अनुगमन प्रतिवेदन प्राप्त भए पश्चात मात्र सम्पन्न कामको भुक्तानी हुने व्यवस्था हुनुपर्ने देखिन्छ ।

**(च) म्यादथप -** पालिकाले उपभोक्ता समितिसंग सम्झौता गरी शुरुवात गरेका कतिपय योजनाहरु गत बिगतबर्षमा सम्झौता भइ शुरुवात गरेता पनि हरेक वर्ष म्याद थप गरेर वा नगरिकनै समेत यो वर्ष समेत निरन्तरता दिएको पाइयो । कतिपयमा पुरानै सम्झौतानुसारको काम सम्पन्न नभएकोले निरन्तरता दिएको छ भने कतिपयमा प्रत्येक वर्ष कामहरु थप गर्दै लगेको समेत देखियो । तर बिगत वर्षहरुमा भएको कामको अभिलेख नराखिएको हुदा काममा दोहोरोपना आएको छैन भन्न सकिने अवस्था देखिएन । सार्वजनिक खरिद नियमावलीको नियम १२० मा उपभोक्ताको काममा म्यादथप गर्ने सम्वन्धमा स्पष्ट व्यवस्था गरेको देखिदैन । तसर्थ कानुनमा भएको व्यवस्था बमोजिम सोही वर्ष सकिने योजनामा मात्र उपभोक्ता समितिसंग सम्झौता गरी काम गराउनु पर्ने देखिन्छ ।

**(छ) आयोजना हस्तान्तरण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा उपभोक्ता समिति वा लाभग्राही समुदाय मार्फत निर्माण भएका आयोजनाहरु सम्पन्न भएपछि सो को रेख देख, मर्मत संभार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वमित्व उपभोक्ता समिति वा लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने व्यवस्था छ

। प्राप्त सफ्टकपी विवरण अनुसार उपभोक्ता समिति मार्फत यो बर्ष भवन निर्माण, सडक निर्माण तथा मर्मत जस्ता रु.२ करोड ३९ लाख का ८२ वटा योजना उपभोक्ता समिति मार्फत गराएकोमा आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । उपभोक्ता समिति मार्फत सम्पन्न गरेका आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण नहुदा आयोजनाको स्वामित्व र मर्मत संभार गर्ने जिम्मेवारी स्पष्ट नहुनुको साथै नियममा भएको व्यवस्थाको कार्यान्वयन नभएको देखिन्छ । नियममा व्यवस्था भए अनुसार उपभोक्ता समिति मार्फत निर्माण कार्य सम्पन्न गराएको आयोजनाहरु उपभोक्ता समितिलाई हस्तान्तरण हुनुपर्ने र उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत कार्य गराउन मिल्ने नदेखिएकोले उपभोक्ता समितलाई हस्तान्तरण हुन नसक्ने आयोजनाहरु उपभोक्ता समिति मार्फत गराउने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

**(ज) सार्वजनिक परिक्षण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । कार्यालयले अधिकांश कार्य सडक ढलान गर्ने, कल्भर्ट बनाउने, माटो पुर्ने, ग्रावेल बिछ्याउने, कम्पाउण्ड वाल लगाउने, मध्यम् देखि ठुला भवनहरु बनाउने, मन्दिर मस्जिद निर्माण गर्ने लगायतका कार्यहरु गरेको छ । यस्ता कार्यको सार्वजनिक सुनवाई र सार्वजनिक परीक्षण गर्ने गरेको पाईएन । केवल उपभोक्ता समितिहरुको बैठकको माइन्युट रहने गरेको छ । कानुनको पालना गरी उत्तरदायित्व एवं पारदर्शिताको प्रर्बद्धन गर्नुपर्दछ ।

---

७९ **नक्सा पास नभएको -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ मा कसैले पनि गाउँपालिकाबाट नक्सा पास नगराई भवन निर्माण गर्नु नहुने व्यवस्था छ । यस गाउँपालिका अन्तर्गत निर्माण भएका भवनहरुको नक्सा पास गरेर भवण निर्माण भएको देखिएन । गाउँपालिकाबाट नक्सा पारित नगरि भवन निर्माण हुदा ऐनमा भएको व्यवस्थाको कार्यान्वयन नहुनुको साथै भवन निर्माण मापदण्ड पुरा गरेर निर्माण भए नभएको सुनिश्चित हुन सकिदैन । ऐनमा भएको व्यवस्थाको कार्यान्वयन गरी गाउँपालिका अन्तर्गत निर्माण हुने भवन निर्माणको नक्सा पारित गरेर भवन निर्माण कार्य हुनुपर्दछ ।

---

८० **प्राविधिक बिल र कार्य सम्पन्न -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको र लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकोले प्राविधिकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

---

८१ **गुणस्तर परिक्षण -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परिक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपभोक्ता

समिति मार्फत निर्माण गराएका योजनाहरुको दिगोपनाको लागि सम्वन्धित उपभोक्ता समिति मार्फत गुणस्तर परिक्षणको व्यवस्था हुनु पर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्री निर्माण कार्यको प्रयोगशाला परिक्षण गर्ने गराउने गरेको पाइएन । यसले गर्दा निर्माण कार्यमा गुणस्तरयुक्त काम भएको आश्वस्त हुन सक्ने अवस्था देखिदैन । नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षण हुनु पर्दछ ।

८२ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने तथा उपनियम १०मा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्रायक्टरवाट गराउन नपाउने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको देखिन्छ ।

८३ **जग्गाको स्वामित्व -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ३ मा सार्वजनिक निकाय र लाभग्राही समुहले निर्माण स्थलको भ्रमण गरी खरिद सम्झौता गर्नुपर्ने उल्लेख छ ।पालिकाले उपभोक्ता समितिसंग भवन तथा अन्य भौतिक संरचनाहरु निर्माणको लागि सम्झौता गर्दा संरचना निर्माण हुने निर्माण स्थलको जग्गाको स्वामित्व सरकारी तथा सार्वजनिक भएको सम्बन्धमा एकिन गरेको देखिएन । जग्गाको स्वामित्व सम्बन्धमा कागजात माग गर्दा सोको प्रमाण पेश भएन । पालिकाले संरचना निर्माण गर्ने स्थलको जग्गा सम्बन्धमा मालपोत तथा नापी कार्यालयसंग समन्वय गरेर मात्र निर्माण कार्यको सम्झौता गर्नुपर्दछ ।

८४ **वडा कार्यालय भवन निर्माण उपभोक्ता समिति २०७७।७८**

८४.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा पालिका अन्तर्गतका वडाहरुका कार्यालयहरुको भवन निर्माणका लागि उपभोक्ता समिति मार्फत सम्झौता गरी निर्माण कार्य गराएको छ । सो मध्ये वडा नं ७ र वडा नं ९ का वडा कार्यालयहरुको २०७७।९।१६ मा सम्झौता भई म्याद थप समेत २०७९।३।२४ मा कार्यसम्पन्न भएको देखिन्छ । उक्त निर्माण कार्यहरु २०७८।७९ मा नै कार्यसम्पन्न भएतापनि भुक्तानी बाँकी उल्लेख गरी २०७९।८० को कार्यक्रममा राखेकोमा यस वर्ष देहाय अनुसार भुक्तानी भएको देखिन्छ ।

| सि नं | कार्यक्रम | सम्झौता रकम | प्राविधिक मूल्यांकन | जनश्रमदान कट्टी पश्चात हुनुपर्ने भुक्तानी | २०७८।७९ सम्म भुक्तानी भईसकेको | भुक्तानी बाँकी २०७९।८० मा भुक्तानी रु |
|---|---|---|---|---|---|---|
| १ | ७नं. वडा कार्यालयको निर्माण तथा | ६४७०२४० | ६३१३८५२ | ५६७९३२८ | ३९३२८०१ | १७४६५२७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भुक्तानी बाँकि (२०७८।७९) | | | | | |
| २ | ९ नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि (२०७८।७९) | ६५३४२५० | ६४९०८८० | ५७८१३७१ | ३८९९५९४ | १७४६५१० |
| | | | | | | १८८१७७६ |

८४.२ **फरक सिमेन्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा लागत अनुमानमा समावेश भएका सामाग्रीको दररेट निर्धारण समितिले तोकेको जिल्ला दररेट प्रयोग गर्नु पर्दछ । त्यसैगरी उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाका भवन निर्माण उपभोक्ता समिति मार्फत निर्माण कार्य गराई भुक्तानी गरेकोमा सिमेन्ट प्रयोग भएका आईटमको दररेट विश्लेषणमा जिल्ला दररेट अनुसार ओ.पि.सि. सिमेन्टको दरले दररेट विश्लेषण गरेकोमा उपभोक्ताले पि.पि.सि सिमेन्ट प्रयोग गरेको विल पाईएकोले जिल्ला दररेटमा उक्त सिमेन्टको दरमा रु. १००।०० का दर फरक रहेकोले मूअकरसमेत देहाय अनुसारका बाट असुल हुनु पर्ने रु.

| सि नं | उपभोक्ता समितिको नाम | विवरण | पिपिसि सिमेन्ट बोरा प्रयोग परिमाण | फरक दर | मूअकर समेत रु |
|---|---|---|---|---|---|
| १ | भवन निर्माण उपभोक्ता समिति | ७नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि (२०७८।७९) | १५४१ | ११३ | १७८६५३ |
| २ | वडा कार्यायलय भवन निर्माण उपभोक्ता समिति | ९ नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि (२०७८।७९) | १०६० | ११३ | ११९७८० |
| | | | | | **२९८४३३** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,९८,४३३ |

८४.३ **सिलिंङ्ग पंखा -** ७ नं वडा कार्यालयको भवन निर्माण उपभोक्ता समितिको कार्यमा १८ थान सिलिंङ्ग पंखाको रु. ३५८१।०० का दरले रु.६४४५८।०० भुक्तानी भएकोमा १२ वटा पंखाको रु.१४०००।०० को मात्र विल पेश भएकोले रु. ५०४५८।०० सम्बन्धित उपभोक्ता समितिबाट असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५०,४५८ |

८५ **उपभोक्ताबाट वडा कार्यालयका निर्माण कार्य -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिबाट निर्माण कार्य गराउँदा सोही स्थानमा वसोवास गर्ने वासिन्दा र त्यस्तो सेवा उपयोग गर्ने समुदाय मात्र रहेको उपभोक्ता समिति वा लाभग्राहीबाट गराउन सकिने र उक्त कार्यसम्पन्न पश्चात सोही समूहलाई जिम्मेवारी हुने गरी हस्तान्तरण गर्नुपर्ने रहेकोमा पालिकाको देहाय अनुसारको वडा कार्यालय निर्माणको कार्य

उपभोक्ता समितिबाट गराई भुक्तानी गरेको देखिएकोले पालिकाले खरिद विधि छनौट गर्दा नियमावलीको पालनामा ध्यान दिनुपर्ने देखिन्छ ।

| सि नं | कार्यक्रम | २०७९।८० को भुक्तानी रकम रु. |
|---|---|---|
| १ | ७नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि (२०७८।७९) | १७४६५१० |
| २ | ९ नं. वडा कार्यालयको निर्माण तथा भुक्तानी बाँकि (२०७८।७९) | १८८१७७६ |
| ३ | ट्रस निर्माण वडा कार्यालय | २९०२९० |
| ४ | प्रर्खाल तथा तार जाली निर्माण वडा कार्यालय | ९६७२७० |
| ५ | झ्याल ढोका मर्मत तथा फर्निचर ५ नं. वडा कार्यालय बढैयाताल | १९०२७० |

८६ **उपभोक्ता समितिले निर्माण व्यवसायी मार्फत कार्य गरेको -** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । सोहि नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उपभोक्ता समिति वा लाभग्राही समुदायसँग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै काम गर्न नदिने अभिलेख राख्नु पर्ने व्यवस्था छ ।कार्यालयले उपभोक्ता समिति मार्फत कार्य गराउने गरी सम्झौता गरेका निम्न योजनाहरु उपभोक्ता समिति आफैले काम नगरी निर्माण व्यवसायीसंग सम्झौता गरी काम गराई कार्यालयबाट भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीहरुको डोजर विल राखी भुक्तानी लिने गरेको देखियो।नमुना छनौटको आधारमा परीक्षण गर्दा उपभोक्ता समितिले कार्यालयवाट तयार गरेको कार्यसम्पन्न प्रतिवेदनको आधारमा भुक्तानी हुने रकम बरावर निर्माण व्यवसायीको मू.अ.कर विजक राखी भुक्तानी लिने गरेवाट उपभोक्ता समितिले केवल अनुदान रकमको मात्र काम गर्ने गरेको देखियो । उपभोक्ता समितिले केवल प्रक्रिया पुऱ्याउने प्रयोजनको लागि उपभोक्ता समितिसंग सम्झौता गरेको र समिति निर्माण व्यवसायीको मध्यस्थकर्ताको रुपमा मात्र काम गर्ने गरेको नियम अनुसार नदेखिएको रु.

| भौ.नं र मिति | योजना | सम्झौतारु. | कार्यसम्पन्न रु. | निर्माणव्यवसयी | बिलरकम रु |
|---|---|---|---|---|---|
| १३१।२०८०।२।११ | ग्राभेल बाटो स्तरोन्नती साविक वडा नं ६ | ७३५५८६ | ७३४२४७ | एस आर भि कन्स्ट्रक्सन | ६५४८०८ |
| १३२।२०८०।२।११ | ग्राभेल बाटो स्तरोन्नती साविक वडा नं ६ को डोल्माको घर देखिसुर्खेति टोल जाने बाटो | ४८६५०७ | ४७६२१४ | एस आर भि कन्स्ट्रक्सन | ४६८९२० |
| १३८।२०८०।२।१४ | ग्राभेल बाटो स्तरउन्नती शान्तिपुर शिव चोक देखि १ नं बुद्द्ध चोकजाने बाटो | ५४६७९५ | ५२५१२३ | एस आर भि कन्स्ट्रक्सन | ४२४८८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २०३।२०८०।३।१८ | बढैयातालपुर्वाधार मर्मत सम्भार तथा गार्डेन निर्माण | ९५५९६९ | ९५०४७४ | पौडेल विल्डर्स एण्ड कन्ट्रक्सन प्रा लि | ९५०४७४ |
| २४३।०८०।३।३२ | ग्राभेल बाटो स्तरउन्नती साबिक वडा नं ८ सानो डाँफे ३१९ न घरदेखि घाटुको घर जाने बाटो | ७०७३६१ | ५५६५९२ | एस आर भि कन्स्ट्रकसन | ५७८१०१ |
| २६०।०८०।३।२३ | गोपालको घर देखी राम बहादुरको खेत सम्मको बाटो ग्राभेल | ७१७१३४ | ५७०६४५ | एस आर भि कन्स्ट्रकसन | ५७१८६८ |
| २६३।०८०।३।२३ | ग्राभेल बाटो स्तरोन्नती साविक वडा नं ७ मदनचोक देखि पश्चिम११०नं घर सम्म | १२१८७४१ | ९६९७७३ | एस आर भि कन्स्ट्रकसन | ९४५०१० |
| जम्मा | | | | ३८३२५९४ | ३६४३५८७ |

उपरोक्त निर्माण कार्यहरुमा उपभोक्ताबाट पेश भएको निर्माण व्यवसायीको एउटै विल मार्फत ग्राभेल, डोजर, रोलर, एक्साभेटर, सिमेन्ट, ढुंगा तथा अन्य निर्माण सामाग्रीहरुको विजक जारी गरेको देखिन्छ ।

अधिकांश योजनामा सोही निर्माण व्यवसायीले कार्यगरेकोले उपभोक्ता समितिभन्दा निर्माण व्यवसायीलाई हुने गरी योजना बनाएको देखिन्छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरीय र दिगोपना अभिवृद्धि हुने खालकोको कार्य हुनुपर्ने र लाभग्राही समुदायवाट निर्माण कार्य गराउँदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागि हुन सक्ने प्रकृतिका कार्य गराउन पर्नेमा सो अनुसार भएको देखिएन ।

| | |
|---|---|
| अनियमित भएको | ३८,३२,५९४ |

८७ **ईटाको परिमाण -** उपभोक्ता मार्फत निर्माण कार्य गराउँदा कार्यालयले फिल्डमा सुपरभाइजर नराख्ने र आफैंले समेत कम रेखदेख गरी निर्माण गर्नुपर्ने अवस्था छ । यस्तो अवस्थामा गुणस्तर र सामानको प्रयोग बारे यकिन गर्न उपभोक्ताले ल्याएको सामानको परिमाणलाई समेत आधार लिनु पर्दछ । पालिकाले उपभोक्ता मार्फत हुने निर्माण कार्यमा ब्रिक मेशिनरीको कार्यमा प्रति घन मीटर ५६० ईटा प्रयोग हुने दर विश्लेषण गरी रु. मूअकर समेत रु. १४.६९ प्रति ईटा दररेट राखेकोमा सोही अनुसार हुने परिमाण अनुसारको ईटाको प्रयोग हुनुपर्नेमा सो भन्दा भन्दा न्यून परिमाणमा ईटाको खरिद गरेको बिल पेश गरेको अवस्थामा समेत बढी ईटा प्रयोग भएको मूल्याङ्कन गरी भुक्तानी दिएकोले देहायको रकम असुल गर्नुपर्ने रु.

| भौ नं र मिति | उपभोक्ता समिति | नापी ईटा परिमाण | विल अनुसार परिमाण | घटी ईटा परिमाण | मूअकर समेत दर | रकम |
|---|---|---|---|---|---|---|
| २६५।०८०।३।२३ | कालिका मन्दिर पचासाको अधुरो भवन निर्माण | १०५२८ | ८००० | २५२८ | १४.६९ | ३७१३६ |
| २७७।०८०।३।२४ | पर्खाल निर्माण श्री जागृती आधारभुत विद्यालय | ११८०४.८ | १०५०० | १३०५ | १४.६९ | १९१६८ |
| ९५।२०८०।१।१२ | सार्वजनिक शौचालय निर्माण दुई महानीमा | ३५२८ | ३००० | ५२८ | १४.६९ | ७७५६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १०९।२०८०।१।२९ | धारा शौचालय निर्माण उ.स. | ४५५३ | ४००० | ५५३ | १४.६९ | ८१२३ |
| १४१।२०८०।२।२१ | होम कुण्ड निर्माण अनन्देश्वर शिवालय मन्दिर | २८८४ | ११०० | १७८४ | १४.६९ | २६२०७ |
| १६१।२०८०।२।३१ | पर्खाल तथा तार जाली निर्माण वडा कार्यालाय | १८८३५ | १८००० | ८३५ | १४.६९ | १२२६६ |
| २०२।२०८०।३।१८ | पक्की नाली निर्माण पेन बहादुरको घर देखि वडा कार्यालय सम्मको | १२१६९ | १०००० | २१६९ | १४.६९ | ३१८६३ |
| जम्मा | | | | | | १४२५१९ |
| | | | | | असुल गर्नुपर्ने | १,४२,५१९ |

८८ **नन् फाइलर** - मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयबाट देहायका फर्मलाई मू.अ.कर भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु.

| गोभौनं./मिति | योजनाकोनाम | निर्माणव्यवसायी | प्याननं. | विजकनं. र मिति | नन्फाइलररहेको मिति | भुक्तानी रु. (मू.अ.कर वाहेक) | मू.अ.कररु. | समायोजनगर्नुपर्ने मू.अ.कर (७०%) |
|---|---|---|---|---|---|---|---|---|
| १३१।२०८०।२।११ | ग्राभेल बाटो स्तरउन्नती उपभोक्ता समिति | एस आर भि कन्स्ट्रक्सन | ६०६८२९५९५ | १६।२०८०।२।७ | २०८०।T।१ | ५७९४७३ | ७५३३१ | ५२७३२ |
| १३२।२०८०।२।११ | ग्राभेल बाटो स्तरोन्नती साविक वडा नं ६ को डोल्माको घर देखिसुर्खेति टोल जाने बाटो | एस आर भि कन्स्ट्रक्सन | ६०६८२९५९५ | २३।२०८०।२।९ | २०८०।T।१ | ४१४९७३ | ५३९४६ | ३७७६२ |
| १३८।२०८०।२।१४ | ग्राभेल बाटो स्तरउन्नती शान्तिपुर शिव चोक देखि १ नं बुद्द्ध चोकजाने बाटो | एस आर भि कन्स्ट्रक्सन | ६०६८२९५९५ | २५।२०८०।२।१४ | २०८०।T।१ | ३७६००० | ४८८०० | ३४१६० |
| १४२।२०८०।२।२१ | ग्राभेल बाटो निर्माणशान्तिपुर १५१ नं चोक देखि विशाल चोक सम्म बाटो स्तरोन्नती | एस आरभि कन्स्ट्रक्सन | ६०६८२९५९५ | २७।२०८०।२।१६ | २०८०।T।१ | ३४५१८६ | ४४८७६ | ३१४१३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १९१।२०८०।३।१५ | ग्राभेलबाटो निर्माण साविक वडा न् ६ डाँफे सिम्ताली टोल जाने बाटो | एस आर भि कन्स्ट्रक्सन | ६०६८२९५९५ | २९।२०८०।३।१३ | २०८०।T।१ | ३१४३९५ | ४०८७१ | २८६१० |
| २०३।२०८०।३।१८ | बढैयातालपुर्वाधार मर्मत सम्भार तथा गार्डेन निर्माण | पौडेल बिल्डर्स एण्ड कन्सट्रक्सन प्रा लि | ६०६६०१९९१ | ९।२०८०।३।१८ | २०८०।T।१ | ८४१७०३ | १०८७७१ | ७६१४० |
| २११।।२०८०।३।१८ | ग्राभेल बाटो स्तरोन्नती डाँफे ५ नं चोक देखि स्कुल सम्म जाने बाटो | एस आर भि कन्स्ट्रक्सन | ६०६८२९५९५ | ३२।२०८०।३।१८ | २०८०।T।१ | ३४४१६३ | ४४७४१ | ३१३१९ |
| २२९।२०८०।३।२१ | ग्राभेल सडक मर्मत खाल्टा पटान | पौडेल बिल्डर्स एण्ड कन्सट्रक्सन प्रा लि | ६०६६०१९९१ | १०।२०८०।३।२१ | २०८०।T।१ | १७०००० | २२१०० | १५४७० |
| २३०।२०८०।३।२१ | पालिका स्तरीय सडक मर्मत संभार खर्च | विजय कन्स्ट्रक्सन एण्ड विना सप्लायर्स | ३०१०६८८२४ | ९।२०८०।३।१८ | २०८०।T।२ | १८३६०० | २३८६८ | १६७०८ |
| ३३।०८०।३।१० | प्राचिनकालिका मन्दिर संरक्षण बढैयाताल | आरके. निर्माण सेवा | ३०००२४८९८ | १।०८०।३।१० | ०७९।T।१ | ६२४४७६ | ८१२०८ | ५६८४६ |
| २७।०८०।२।२९ | युवकआधारभुत विद्यालय विद्यालयमा IT Labस्थापना | पोखरासाईन्स एण्ड कम्प्युटर सप्लायर्स | ६१९४८५५४६ | १।०७९।१२।१७ | २०७९/M/११ | ५७२५७२ | ७४४३४ | ७४४३४ |
| २७।०८०।२।२९ | जनताआधारभुत विद्यालय विद्यालयमा IT Labस्थापना | पोखरासाईन्स एण्ड कम्प्युटर सप्लायर्स | ६१९४८५५४६ | ५।०७९।१२।१० | २०७९/M/१२ | ५७२११९ | ७३३७५ | ७३३७५ |
| जम्मा | | | | | | | | ११४२१२३ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ११,४२,१२३ |

८९ **सामाजिक सुरक्षा** - सामाजिक सुरक्षा सञ्चालन कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ अनुसार गरिनु पर्दछ । पालिकाले सामाजिक सुरक्षा अन्तर्गत यस वर्ष रु.

२०२०९९८०१.२९ खर्च गरेकोमा देखिएका व्यहोराहरु निम्नानुसार छन्:

**(क) एम.आइ.एस प्रणालिमा प्रतिवेदन -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३० मा स्थानीय तहले आफ्नो क्षेत्रभित्र वितरण गरिएको भत्ताको चौमासिक तथा वार्षिक विवरण अद्यावधिक गरी नियमावलीको अनुसूची -६ बमोजिमको ढाँचामा तयार गर्नुपर्ने र सेवा प्रदायक मार्फत सामाजिक सुरक्षा भत्ता वितरण गर्ने स्थानिय तहले अनुसूची १२ बमोजिमको ढाँचामा हिसाब मिलानको भुक्तानी प्रतिवेदन प्रणाली मार्फत विभागमा उपलब्ध गराउनु पर्ने व्यवस्था छ। तर कार्यालयको कार्यविधिमा भएको व्यवस्था अनुसार एम.आइ.एस प्रणालीमा प्रतिवेदन गरेको देखिएन ।अतः कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ।

**(ख) पारदर्शिता -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा ३३ मा स्थानीय तहको लाभग्राहीको नाम दर्ता तथा नवीकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैंक, लाभग्राहीले पुरा गर्नुपर्ने प्रकृया जस्ता भत्ता वितरण सम्बन्धि जानकारी स्थानिय सामाजिक संघसंस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्था समेतको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने छ र त्यस्ता विषय सम्बन्धि सूचना स्थानीय एफ.एम लगायतका सञ्चार माध्यमहरुबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउनु पर्ने, स्थानिय तहले भुक्तानी गरेको रकम र बुझिलिने व्यक्तिको नामावली स्थानिय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्दछ । भत्ता प्राप्त गर्ने लाभग्राहीको नाम नामावली सम्बन्धित स्थानिय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था छ। पालिकाको निर्णय पुस्तिका तथा वेवसाईट अवलोकन गर्दा उल्लिखत कार्यहरु भएको पाइएन ।

**(ग) भत्ता वितरणको अनुगमन -** सामाजिक सुरक्षाभत्ता वितरण कार्यविधि, २०७७ को दफा २७ मा मन्त्रालय तथा विभागले सूचक समेत बनाई भत्ता वितरण सम्बन्धि कार्यको नियमित अनुगमन तथा निरीक्षण गर्नुपर्ने, प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने, कार्यपालिकाका प्रमुखले वा स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतले भत्ता वितरण कार्य प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उक्त कार्य गरेको देखिएन । तसर्थ कार्यविधिमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

# अनुसूचीहरू

**आर्थिक बर्षः २०७९/८०**

**कार्यालय र स्थान : बढैयाताल गाउँपालिका, बर्दिया, बढैयाताल गाउँपालिका, बर्दिया**

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | अर्जुन सुवेदी | २०८०-७-१९ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायाण राज त्रिपाठी | २०७८-४-१ | हाल सम्म कार्यरत |

**बेरुजु वर्गीकरणः**

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ५,५२४,४१४ | १२,०९७,८५० | ४४,६७१,४६० | ० | ० | २,०१०,०५० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | ६४,३०३,७७४ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ७७७,९६१ |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | ६३,५२५,८१३ |

**अनुसूची - १**

**आर्थिक कारोबारको स्थिति**

**स्थानीय तह : बढैयाताल गाउँपालिका**

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | १५२५८७७७७.१९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ७२४६२२८०१.२१ | **चालु खर्च** | ६१४५२१३७५ |
| **प्रदेश सरकारबाट अनुदान** | ३९१४१६६१ | **पूँजीगत खर्च** | २५१३९३४०६.१४ |
| **राजश्व बाँडफाँट** | १०६६९३८१८.३४ | **वित्तीय/अन्य व्यवस्था** | ८९७७२३७६.८५ |
| **आन्तरिक आय** | २७८१९२३८.९२ | | |
| **अन्य आय** | ११३९२३८३.७५ | | |
| **कुल आय** | ९०९६६९९०३.२२ | **कुल खर्च** | ९५५६८७१५७.९९ |
| **बाँकी मौज्दात** | | १०६५७०५२२.४२ | |